
# लेखापरीक्षण प्रतिवेदन

# कैलाश गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कैलाश गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/323

**विषयः** लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कैलाश गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मकवानपुर ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ७१ लाख, एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २ करोड १४ लाख ७५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ७ लाख १३ हजार समेत गरी रु. १० करोड ९२ लाख ८८ हजार समावेश गरेको छैन ।

२. गाउँपालिकाको रु. १ अर्ब ९ करोड ८४ लाख २८ हजारको लेखापरीक्षण गरिएकोमा रु. १ करोड ६५ लाख २३

हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ८ लाख ८५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ३ लाख २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ८५ लाख ८५ हजार र नियमित गर्नुपर्ने रु. २१ लाख ५४ हजा र पेस्की बाँकी रु. ४८ लाख ७ हजार रहेको छ । गत वर्षसम्म रु. १४ करोड २४ लाख ७६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड ८५ लाख ६५ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने कैलाश गाउँपालिका, मकवानपुरसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य ब्यहोरा**

गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १२१ | ८७ | १,६५,२२,७०६ | ० | २५ | ८,८५,१०७ | २,३७,८९५ | १२१ | ६२ | १,५८,७५,४९४ | ३,२८,६७६ | २१,५४,५३६ | ८५,८४,९४२ | ० | ० | १,०७,३९,४७८ | ४८,०७,३४० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | १४,२४,७६,००० | ० | २३,९४१ | १४,२४,५२,०५९ | २,३७,८९५ | १,५८,७५,४९४ | १५,८५,६५,४४८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | २९ | शिक्षक पारिश्रमिकः | २३,९४१ |
| २ | २०८०/८१ | ५८ | विदाको समयमा बैठक भत्ता | ३,४०० |
| ३ | २०८०/८१ | ६१ | फरफारक तथा अनुगमन समितिको भत्ता | ९२,६५० |
| ४ | २०८०/८१ | ७३ | प्रमाण पेश नगरेको | ५६,४७५ |
| ५ | २०८०/८१ | २६ | पेस्की फिर्ता | १,४०,००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ११ | पेश्की बाँकी | २५,००० |
| ७ | २०८०/८१ | २२ | निशुल्क पाठ्यपुस्तक | ३,१५,०५५ |
| ८ | २०८०/८१ | १५ | घटी कर कट्टी | २८,००८ |
| ९ | २०८०/८१ | ८१.१ | गा.पा तल्लो टि एल सी भवन मर्मत | ४०,६६९ |
| १० | २०८०/८१ | २७ | कार्यविधि विपरीत भ्रमण खर्च | ३,६०० |
| ११ | २०८०/८१ | ६० | अनुगमन भत्ताः | १,०१,१५० |
| १२ | २०८०/८१ | ४७ | सिमेन्ट घटी परिमाण | ७९,१०० |
| जम्मा | | | | ९,०९,०४८ |

लेखापरीक्षण बक्यौताको विवरण

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| बक्यौता नरहेको | |

# (८०३३२५०२३०० - कैलाश गाउँपालिका, मकवानपुर )

## परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो ।यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल २०४.४८ वर्ग किलोमिटर तथा २३९२२ जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।१९ देखि २०८१ ।८।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब ९ करोड ८४ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा

राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) र वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **आय व्यय विवरण :**

**(क) स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली**: पालिकाले आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७०-१, प्राप्ति तथा भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन देहायनुसारको पेश गरेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | १०,८०,७३,१८०.३५ | ९,७५,९५,६३४.९६ |
| १३००० | अनुदान | ३०,९६,१९,४२४.२६ | ३१,३७,४०,६०९.९९ |
| १४००० | अन्य राजस्व | ८०,९९,९९३.५३ | १,६५,७६,५७३.६१ |
| १५००० | विविध प्राप्ति | २,५५,६२५.०० | ० |
| क | **कुल जम्मा प्राप्ति** | ४२,६०,४८,२२३.१४ | ४२,७९,१२,८१८.५६ |
| ३ | चालु | २६,८३,४०,५०६.७८ | ३३,६७,४७,५८८.३५ |
| २१००० | पारिश्रमिक / सुविधा | १३,७२,०८,२३६.३५ | १३,०७,८६,१९१.०२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,६७,३४,७३१.६० | १६,६६,९६,६५५.०० |
| २५००० | सहायता (Subsidy) | ३,४८,४३,०१९.८३ | ३,२१,१४,३७१.३३ |
| २६००० | अनुदान | २०,०००.०० | २,२४,०१२.०० |
| २७००० | सामाजिक सुरक्षा | ४७,६९,९०८.०० | ५३,६१,४०४.०० |
| २८००० | अन्य खर्च | ४७,६४,६११.०० | १५,६४,९५५.०० |
| ४ | पूंजीगत | १७,११,९४,५६७.०० | १६,५०,४२,८४४.०० |
| ३१११० | भवन तथा संरचना | १,४०,४५,७०७.०० | २,०१,४९,२१७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३९,९७,९३८.०० | १,०९,२१,७९२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | ४७,२२,५२२.०० |
| ३११५० | सार्वजनिक निर्माण | १५,००,३५,८५३.०० | १२,४५,७७,८६३.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २,७१,०४०.०० | ३५,६६,४५०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | २८,४४,०२९.०० | ६०,०००.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ० | १०,४५,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४३,९५,३५,०७३.७८ | ५०,१७,९०,४३२.३५ |
| ग) | बचत /कमी (ग = क-ख ) | -१,३४,८६,८५०.६४ | -७,३८,७७,६१३.७९ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ३५,६०,११२.३३ | -८,०७,५९८.४८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ५,९६१.३४ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -९९,२६,७३८.३१ | -७,४६,८५,२१२.२७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,५९,०२,२९३.४६ | १५,०५,८७,५०५.७३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ६,५९,७५,५५५.१५ | ७,५९,०२,२९३.४६ |

**(ख) एकीकृत आय व्यय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ ।

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ७५२१७६५४ | १ | चालु खर्च | | २६८३४०५०७ |
| | (क) नगद | | | २ | पूँजीगत खर्च | | १७११९४५६७ |
| | (ख) बैंक | ७५२१७६५४ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | ११६४०४२१३ | | (क) ऋण भुक्तानी | | |
| | (क) आन्तरिक राजस्व | ९८६४४६७ | | | (ख) ब्याज भुक्तानी | | |
| | (ख) राजस्व बाँडफाँड | १०६५३९७४५ | | | (ग) अन्य भुक्तानी | | |
| | (ग) अन्य आय | | | ४ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण | | २४९८३१४६६ | | ऋण लगानी | | |
| | (क) वित्तीय समानीकरण अनुदान | ८२९५६००० | | | शेयर लगानी | | |
| | (ख) सशर्त अनुदान | १५७३६५५५६ | | | अन्य लगानी | | |
| | (ग) समपुरक अनुदान | ४५०९९१० | | ५ | धरौटी फिर्ता | | ३०२४९०३ |
| | (घ) विशेष अनुदान | ५०००००० | | ६ | विविध खर्च खाता | | १६७०८३४ |
| | | | | ७ | अन्तर सरकारी | | १०९२८८७५० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ५९७८७९५८ | ७ | मौज्दात | | ६६६०६७८१ |
| | (क) वित्तीय समानीकरण अनुदान | ८५४०००० | | | (क) नगद मौज्दात | | |
| | (ख) सशर्त अनुदान | १९३१०९५१ | | | (ख) बैंक मौज्दात | ६६६०६७८१ | |
| | (ग) समपुरक अनुदान | २५०००००० | | | चालु खर्च | | |
| | (घ) विशेष अनुदान | ६९३७००७ | | | पूजिगत खर्च | | |
| | (ङ) कोभिड विशेष | - | | | | | |
| ५ | अन्तर सरकारी | | १०९२८८७५० | ८ | संचित कोष मौज्दात | ५२१६६१५८ | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | - | ९ | विभिन्न कोषतर्फ | ६३१२२६ | |
| | (क) ऋण प्राप्ति | | | १० | विपद व्यवस्थापन | | |
| | (ख) साँवा प्राप्ति | | | ११ | कर्मचारी कल्याण कोष | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ग) ब्याज प्राप्ति | | | १२ | धरौटी मौज्दात | १२१३८५६३ | |
| | (घ) अन्य प्राप्ति | | | १३ | विविध खर्च खाता मौज्दात | १६७०८३४ | |
| ७ | विभिन्न कोषतर्फको आय | | ६३१२२६ | | | | |
| ८ | विविध खर्च खाता | | ३३६५०२३ | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | | | |
| १० | धरौंटी आय | | ५६०००५२ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | जम्मा | | ६२०१२६३४२ | | जम्मा | | ६२०१२६३४२ |

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) तयार गर्नुपर्छ । पालिकाले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणालीको अनूशुचि १४ मा अन्तरसरकारी अख्तियारी प्रविष्टि गरेको देखिएन साथै आर्थिक कारोवारको सारांश स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) मा चित्रण भएको देखिदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ८७२९१००८ | ८७१००२६५ |
| २ | एकीकृत स्वास्थ्य पूर्वाधार | २१७३७००० | २१४७५३५७ |
| ३ | गरिव संग विशेश्वर कार्यक्रम | ७३०००० | ७१३१२८ |
| | जम्मा | १०९७५८००८ | १०९२८८७५० |

२.३ **फरक हिसाब** – पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-१ (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन) ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ७५२१७६५४ | ६२०१२६३४२ | ६२०१२६३४२ | ६६६०६७८१ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) | ७५९०२२९३ | ४२६०४८२२३ | ४३९५३५०७४ | ६५९७५५५५ |
| फरक | (६८४६४०) | १९४०७८११९ | १८०५९१२६८ | ६३१२२६ |

(क) उल्लेखित विवरण अनुसार स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) को प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तुलनात्मक अध्ययन गर्दा गत वर्षको जिम्मेवारी रु. ६८४६४० र बैकं मौज्दात रु. ६३१२२६ फरक देखिन्छ । यस सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

(ख) स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी तथा मौज्दात रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । प्राप्त विवरण अनुसार यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ६५६५४२३९.६० मौज्दात कायम भएकोमा पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार यो बर्षको शुरुमा रु. ७५२१७६५४ जिम्मेवारी सारेको विवरण पेश गरेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९५६३४१५ बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

(ग) सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०), कोषको प्राप्ति, भुक्तानी र बाँकीको विवरण अनुसार विभिन्न कोषतर्फको प्राप्ति रु. २७५५३८३.३३ र भुक्तानी रु. १७७०४२० देखिएकोमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार क्रमश: रु. ३९९६२४९ र रु. १६७०८३४ देखिन्छ । जसअनुसार सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) मा उल्लेख भएको भन्दा बढी प्राप्ति रु. १२४०८६६ र घटी भुक्तानी रु. ९९५८६ पेश गरेको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)को बंकै तथा नगद बाँकीको प्रतिवेदन अनुसार देहायअनुसार फरक परेकोले पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाताकोप्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसारबाकी रु | फरक |
|---|---|---|---|
| नगद | ० | | ० |
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ० | १६९८०४३७.६८ | -१६९८०४३८ |
| ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ११८२१६५८.२६ | -११८२१६५८ |
| ग २.७, विविध खर्च खाता | १६७०८३३.८५ | १६७०८३३.८५ | ० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | १२१३८५६३. | १२१३८५६३. | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ५२१६६१५८.३ | २३३६४०६२.३६ | २८८०२०९६ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| | ६५९७५५५५.१५ | ६५९७५५५५.१५ | ० |

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

(ग) कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात एकीन गर्न सकिएन ।

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकि बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष समाप्त भएपश्चात पनि बैकं अनुसार चालू खर्च खातामा रहेको रु. १६९८०४३८र पुजीगत खर्च खातामा रहेको रु. ११८२१६५८ मौज्दात रहेको विवरण देखिएकोले सो रकम सञ्चित कोषमा ट्रान्सफर गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३.१ **आन्तरिक नियन्त्रण प्रणालीः** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाइ विश्वसनिय बनाउन र प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

(क) स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन नगरेको,

(ख) आर्थिक कार्यविधि ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शिर्षकको अनुगमन तथा मुल्यांकन गरी भौतिक तथा वित्तिय नतिजाको मुल्यांकन गरी प्रतिवेदन तयार नगरेको,

(ग) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,

(ङ) स्थानीय तह संचालन ऐन २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन नगरेको,

(च) विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि तरिकाले खर्च गरेको,

(छ) पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा तथ्यांक अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको तथा वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको देखियो । त्यसैगरी जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

(ज) कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

(झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ५ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

(ञ) ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता नराखेको,

(ट) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,

(ठ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरको,

(ड) पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ति समितिहरुको दर्ता नगरेको,

(ढ) सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

(ण) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

(त) निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको,

(थ) मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको,

(द) पालिका र अन्तर्गत वडाहरुले प्रयोग गर्ने नगदि रसिदको अभिलेख राखि रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको,

(ध) दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य नभएको,

(न) स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

(ऩ) वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार नगरेको,

(प) कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी नराखेको,

(फ) उपभोक्ता समिति मार्फत सञ्चालन भएका अधिकांश योजनाहरुको डोर हाजिर फाराम प्रमाणित नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ **बेरुजु लगतः** आर्थिक कार्यविधि, ऐन, २०७६ को दफा ८८ मा वेरुजुको लगत राख्नु पर्ने व्यवस्था छ। पालिकाले बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको म.ले.प. फाराम ८०१-बेरुजु लगत, म.ले.प. फाराम ८०५- सम्परीक्षण गोश्वारा अभिलेख राखेको छैन् । म.ले.प. फारम प्रयोग, लेखा ढाँचा तथा फारम अद्यावधिक नगर्दा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

## ४ बजेट तथा कार्यक्रम

यसमा देखिएका व्यहोरा देहायानुसार छन् :

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** आर्थिक कार्यविधि, तथा वित्तिय उत्तरदायित्व ऐन, अनुसार बजेट तयार गर्नु भन्दा पहिले स्रोत अनुगमान तथा वजेट सिमा निर्धारण समिति वनाउने, मध्यकालिन खर्च संरचना तयार गरी स्रोत सुनिश्चित गर्ने, बजेट निर्माण तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने आगामी बजेट तयार गर्दा साविकको उपलब्धीको विश्लेषण गर्ने योजना तथा कार्यक्रमको तथ्यांकको आधारमा प्राथमिकिकरण गर्ने विगत देखिको दायित्व बजेट निकासा खर्च र प्रगति विवरण जस्ता विषय ध्यान दिइ बजेट निर्माण गर्ने जस्ता पक्षलाई विचार गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ। बजेट निर्माण गर्दा स्थानिय आयोजना बैंकमा रहेका र प्राथमिकताक्रममा माथिल्लो श्रेणीमा रहेका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नुपर्ने योजना तयार गर्दा गाँउटोलबाट वडामार्फत गर्नुपर्ने जस्ता व्यवस्था आंशिक मात्र कार्यान्वयन भएका छन । यस्ता व्यवस्थाको पुर्ण कार्यान्वयन गरी बजेटलाई गरिवी निवारण गर्ने आय आर्जन रोजगारी सिर्जना गर्ने

उत्पादनमुलक क्रियाकलापमा विनियोजन हुनुपर्नेमा छिटो प्रतिफल नदिने, स्थानिय स्रोत साधनको प्रयोग नहुने सिमित व्यक्तिलाइ मात्र फाइदा हुने र गरिवी निवारण एवं रोजगारी सिर्जना नहुने वितरणमुलक कृयाकलापमा समेत बजेट विनियोजन भएको अवस्था छ । स्थानिय सरकार संचालन ऐन,को पुर्ण कार्यान्वयन गर्नुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले सो समयमा विषयगत शाखा तथा वडा समितिहरुलाइ उपलब्ध गराएको छ। ऐन,मा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि, तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गाते भित्र पेश गर्न र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०-०३-१० मा ५२ करोड ४२ लाख ५५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०-०३-१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०-०३-१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.४ **त्रैमासिक खर्च :** आर्थिक कार्यविधि, तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेटउपशीर्षक | कुल खर्च | त्रैमासिकखर्च | | | | अषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजिगत | १७११९५ | २१२७ | ९४२४ | ५९०५७ | १००५८६ | ५७३८१ |
| चालुखर्च | २६८३४१ | ५६८६७ | ४६६८८ | ५१३४६ | ११३४४० | ६०४९३ |
| जम्माखर्च | ४३९५३५ | ५८९९४ | ५६११२ | ११०४०३ | २१४०२६ | ११७८७३ |
| खर्च प्रतिशत | | १३.४२ | १२.७७ | २५.१२ | ४८.६९ | २६.८२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४३ करोड ९५ लाख ३५ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ५ करोड ८९ लाख ९४ हजार अर्थात १३.४२ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ५ करोड ६१ लाख १२ हजार अर्थात १२.७७ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ११ करोड ४ लाख ३ हजार अर्थात २५.१२ प्रतिशत र चौथो त्रैमासिकमा रु २१ करोड ४० लाख २६ हजार अर्थात ४८.६९ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ११ करोड ७८ लाख ७३ हजार अर्थात २६.८२ प्रतिशत खर्च देखिएको छ । खर्चको प्रवृत्ति हेर्दा चौथो त्रैमासिक र आषाढमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन गरेको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

४.५ **योजना प्राथमिकिकरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|
| ४ | ८४ | १५ | ६ | १०९ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १०९ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ८०.७३ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

४.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|
| आर्थिक विकास | ३१२२११७४ | २२८०६१४१ | ५.१९ |
| पूर्वाधार विकास | १५७३२८२०९ | १३७५१४३३२ | ३१.२९ |
| सामाजिक विकास | २११९५६६८० | १८४२६७२८८ | ४१.९२ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | ७६०५२०० | ५९६१४२३ | १.३६ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११६१४४०४३ | ८८९८५८९० | २०.२५ |
| जम्मा | ५२४२५५३०६ | ४३९५३५०७४ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु ५२ करोड ४२ लाख ५५ हजार मध्ये रु ४३ करोड ९५ लाख ३५ हजार खर्च गरेकोमा समग्र खर्चको तुलनामा सामाजिक विकासमा सबैभन्दा बढी ४१.९२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमामा सबै भन्दा घटी १.३६ प्रतिशत खर्च रहेको छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी सन्तुलित रूपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ । पालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा कुनै बजेट विनियोजन नगरी बजेट तर्जुमा गरेको छ । नियमअनुसार बजेट क्षेत्रगतरूपमा सन्तुलित रूपमा विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.७ **गत बर्षको दायित्व भुक्तानी -** आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १३ मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी बर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम १५ मा अघिल्लो आर्थिक वर्ष को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता स्थानीय भत्ता सरुवा भ्रमण खर्च घर भाडा पोशाक खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ । पालिकाले यसवर्ष गत वर्षको भुक्तानी दिन वाँकी रु १५५७९४४ यो वर्ष

भुक्तानी गरेको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

५ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन**

यसमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

५.१ **तलवि प्रतिवेदन पारित नगरेको** - निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) (२) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी ३६ जना कर्मचारीहरूको लागि रु. १०४३३५९५ तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन यस सम्बन्धमा गत बर्ष समेत उल्लेख गरेकोमा पालिकाले कुनै सुधार गरेको पाइएन । यस सम्बन्धमा विगतका लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याईएकोमा अध्यापी सुधार भएको देखिएन । कार्यालयले तलबी प्रतिवेदन पारित गरेर मात्र खर्च गर्नुपर्दछ।

५.२ **दरबन्दी र पदपूर्ति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका र अन्तर्गतका निकायहरुमा प्रमुख प्रशासकीय अधिकृत सहित ७८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, प्रशासन अधिकृत लगायत रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.३ **करार कर्मचारी :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यवोझ राजश्व क्षमताखर्चको आकार स्थानिय आवश्यकता र विशिष्टतालाइ समेत ध्यानमा राखी कर्मचारी समायोजन भएपछी संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा विषयगत शाखा महाशाखा रहेको संलग्न संरचना कायम गर्ने प्रमुख प्रशासकिय अधिकृतले पालिका वा पालिकाको अधिकार क्षेत्र तथा कार्यवोझ समेतको विश्लेषण गरी स्थायी प्रकृतिको कामका लागि आवश्यक पर्ने सेवा करारमा लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव भत्ता संचयकोष कट्टी रकम उपदान र निवृत्तिभरणको रकम औषधी उपचार सँग सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरेर खर्च सुनिश्चित गरेर दरबन्दी प्रस्ताव गर्न सक्ने व्यवस्था छ । सोही ऐनको उपदफा ८ मा उक्त दफामा जुनसुकै कुरा उल्लेख भएतापनि पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धीत पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा करार सेवाबाट मात्र पदपुर्ती गर्नुपर्ने र अन्य सेवामा करारबाट पदपुर्ति गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले विभिन्न स्वीकृत दरबन्दी र कार्यक्रम करार तथा स्वास्थ्य तर्फका प्राविधिक पदमा समेत ८८ जना कर्मचारीहरू करारमा राखि रु.३४०९३९४९ खर्च लेखेको छ । कार्यालयले स्थायी पदपूर्ति गर्नतर्फ ध्यान दिनुपर्दछ ।

५.४ **कर्मचारी प्रोत्साहन भत्ता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७७ को नियम ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाइ साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानिय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ ।त्यसैगरी सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को बुँदा नं ११ मा कुनै प्रकारका भत्ता प्रदान नगरिने उल्लेख छ । अर्थ मन्त्रालयको २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बुदा नं. ५९ मा कार्यालय अन्तर्गत विभिन्न मापदण्ड कार्यविधि, निर्देशिकामा व्यवस्था गरी प्रदान गरिएका अतिरिक्त

भत्ता प्रोत्साहन भत्ता र विशेष भत्ताहरु खारेज गरिएका हुँदा त्यस किसिका भत्ताहरु नदिने व्यवस्था छ । उल्लिखित व्यवस्था विपरित पालिकाले यो बर्ष ३७ जना कर्मचारीहरूलाई प्रोत्साहन भत्तावापत रु ४५१४९३० खर्च लेखेको छ । आ. व. २०८०।८१ मा आन्तरिक आय रु ९८ लाख ६४ हजार रहेको अवस्थामा पालिकाको थप आर्थिक व्ययभार बढ्ने गरि निर्णय गरेर खर्च लेखेको देखिन्छ । प्रोत्साहन भत्ता लेख्दा । अतिरिक्त समय पुष्टि गर्न विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन नतिजा, मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था अपनाउनु पर्दछ ।

५.५ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पछि एकमुष्ठ रुपमा कल्याण कोषमा रकम पठाउँदा ठुलो मात्रामा वित्तिय न्युनता हुन जाने तर्फ ध्यान दिई पालिकाले यसवर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । पालिकाले स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## ६ कानून र निर्देशिका निर्माण र कार्यान्वयन

यसमा निम्न व्यहोरा देखिएका छन् :

६.१ **कानून निर्माण र व्यवस्थाः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाको एकल अधिकार अन्तर्गतका आवश्यक कानून तर्जुमा गर्न सक्ने व्यवस्था छ।कानूनको क्रमबद्धता र delegated authority को मान्यताअनुसार संविधानले कानून निर्माण गर्ने अधिकार दिने ऐन,ले नियमावली, नियमावली,ले कार्यविधि, एवं निर्देशिका बनाउने अधिकार प्रदान गरेको हुन्छ। पालिकाले यो वेगर कार्यविधि, र निर्देशिका तयार गरिएका छन।पालिकाले दिएको विवरण अनुसार पालिकाले हालसम्म १३ वटा ऐन, २ वटा नियमावली, ४५ वटा कार्यविधि, ६ वटा निर्देशिका ७ वटा नर्म्स र १ वटा आचारसंहिता बनाएको विवरण पेश गरेको छ।जसअनुसार ऐन, नियम निर्देशिका कार्यविधि, र आचारसंहिता गरी ७४ वटा कानूनी व्यवस्था प्रत्यक्ष रुपमा रहेका छन।यस्तो व्यवस्था गर्दा कानूनी अधिकार अन्तर्गत delegated authority मार्फत कानूनी प्रवन्ध गर्नुपर्नेमा पालिकाले सो वेगर कानून नवनाइ २ वटा नियमावली, ४५ वटा कार्यविधि, ६ वटा निर्देशिका ७ वटा नर्म्स र १ वटा आचारसंहिता बनाएको विवरण पेश गरेको छ।जसअनुसार ऐन, नियम निर्देशिका कार्यविधि, र आचारसंहिता गरी ६१ वटा कानूनी डकुमेन्ट तयार गरेको छ। यस्तो व्यवस्था गरी कानूनी प्रवन्ध गर्दा त्यसले कानूनी मान्यता नपाउने अवस्था तर्फ ध्यान दिएको छैन।

६.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष १३ वटा मुद्दा दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई ६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐन,ले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६.३ **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले कर्मचारी उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना क्षमता विकास सीप विकास आदिसँग सम्बन्धित तालिम गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी जवाफदेही खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन ।

## ७ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा स्थानीय तहले आफ्नो एकल अधिकारक्षेत्र भित्रका विषय कार्यान्वयन गर्न काम कर्तव्य र अधिकार तोकेको र सो अनुसार कार्य विस्तृतिकरण प्रतिवेदन अनुसारका कार्य गर्न आवश्यक संयन्त्र बनाई कार्य गर्नु पर्दछ।

कार्यालयले पेश गरेको सेवाप्रवाहको विवरण देहायबमोजिम छ ।

| कालोपत्रे सडक | ग्राभेल सडक | कच्ची सडक | जन्म दर्ता | मृत्यु दर्ता | बसाईसराई | विवाह दर्ता |
|---|---|---|---|---|---|---|
| ० | ० | ९.८२ कि.मि | २८४६ वटा | ७४६ वटा | ३७६ वटा | १०४० वटा |

लिकाले व्यक्तिगत घटना दर्ता र सडक निर्माण तर्फको मात्र प्रगति विवरण पेश गरेको तर समग्र उपलब्धीको विवरण तयार गरेको छैन। यसले गर्दा पालिकाले समग्र काम कर्तव्य र अधिकारको प्रयोग गरी लक्ष्य हासिल गरेको छ भन्न सक्ने अवस्था छैन।

८ **आर्थिक सहायता र विविध खर्च**

यसमा देहायका व्यहोरा देखिएका छन् :

८.१ **आर्थिक सहायता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यो वर्ष जटिल रोग लागेका विरामी तथा विपदमा परेका १७ जनालाई ५००० देखी ३०००० सम्मका दरले रु. ६३६५७० आर्थिक सहायता बापत खर्च भएको छ। पालिकाले आर्थिक सहायताको एकीकृत अभिलेख नराखेकोले यस सम्बन्धमा एकिन हुन सकिएन । आन्तरिक आय रु. ९८६४४६७ मात्र रहेकोमा पालिकाले वित्तीय सुदृढीकरणमा ध्यान दिई आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८.२ **विविध खर्चः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको आन्तरिक तर्फको यस वर्षको आयमा रु. ९८६४४६७ मात्र प्राप्त भएकोमा यस वर्ष विविध शीर्षकबाट रु. २२५३३०३ खर्च गरी अधिकांश रूपमा खाना, खाजा प्रयोजनका लागि गरेको देखिन्छ । खाना खाजामा खर्च लेख्दा उक्त खर्चको प्रयोजन, अतिरिक्त समयको काम तथा अवस्था खुल्ने गरि गर्नुपर्नेमा सो गरेको देखिएन । जसले गर्दा उक्त खर्च यथार्थपरक रहेको देखिएन । साथै अधिकांश खर्च लेख्दा बिल, भरपाई, प्रमाण र कागताज संलग्न नरहेकोले कुन प्रयोजनका लागि खर्च गरेको सो समेत खुल्दैन । पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

९ **सम्पति व्यवस्थापन**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

**(क) सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको,कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ।

**(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

**(ग) जिन्सी सम्पतिको सुरक्षा :** आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत म.ले.प. फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको जिन्सी अभिलेखका लागि तोकिएका म.ले.प. फाराम ४०१ देखि ४१८ सम्म प्रयोग आंसिक रुपमा प्रयोगमा आएको पालिकाको भनाइ रहेको छ। यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै म.ले.प. फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

**(घ) मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम प्रतिशत स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**(ङ) संरचना तथा कार्यालय गाभिएको अवस्थामा सम्पत्ति व्यवस्थापनः-** हाल स्थानियतहहरु विगतका गाउँ विकास समितिहरु गाभिएर बनेका हुन। त्यसै गरी आधारभुत प्राथमिक र माध्यमिक विद्यालयहरुको विद्यार्थी शिक्षक अनुपात घटी भएको अवस्थामा एक अर्कामा गाभिने व्यवस्था छ। त्यसै गरी अन्य किसिमका निर्मित संरचना विगतमा साविकका जिल्ला विकास समिति जिल्ला प्राविधिक कार्यालय एवं अन्य संघ संस्थाले सार्वजनिक भनी निर्माण गरेका समेतका विद्यालय कार्यालय लगायतका सार्वजनिक प्रयोजनका भवन, फर्निचर तथा अन्य मेसिनरी औजार लगायतका सामाग्री उक्त भवनहरु लगायतका संरचना विस्थापन गर्दा भत्काउँदा वा तोकिएको वाहेक अन्य प्रयोजनको लागि प्रयोजनको लागि प्रयोग गर्न दिँदा भौतिक रुपमा नष्ट गरिएको अवस्थामा पुन प्रयोग गर्ने सकिने प्रकृतिका मालसामान तथा मेसिनरी औजारहरुको लगत राख्ने अर्को स्थानमा प्रयोग गरेको भए सो स्थानको निर्माण लागतमा परेको प्रभाव विश्लेषण गर्ने अनुगमन गरी मुल्यांकन सहितको प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्यसको अभिलेख राखेको र प्रतिवेदन तयार गरेको छैन। यसले गर्दा सार्वजनिक खर्चबाट निर्मित संरचनाको अवस्था त्यसको प्रयोग एवं भौतिक रुपमा नस्ट गरेको वा भत्काएको र त्यसको सामाग्री अन्य प्रयोजनमा उपयोग भएका छन वा छैनन भनी एकिन गर्न सकिएन।

## १० अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकम फिर्ता गर्नेसम्बन्धी व्यवस्था रहेको छ । सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्दछ । प्राप्त विवरण अनुसार २०८१ असार मसान्तमा सङ्घतर्फको रु. १९६३६६३८ र प्रदेश तर्फको रु. ९८१८५४४ अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता भएको जनाएको छ ।

| स्रोत | अनुदानको प्रकार | आम्दानी | खर्च रकम | बाँकी रकम | फिता गरेको रु. |
|---|---|---|---|---|---|
| नेपाल सरकार | सशर्त | १७७९११९००० | १५८३३३३०६ | १९५८५६९४ | १९५८५६९४ |
| | समपुरक | ८०००००० | ७९४९०५६ | ५०९४४ | ५०९४४ |
| | **जम्मा** | १८५९११९००० | १६६२८२३६२ | १९६३६६३८ | १९६३६६३८ |
| बागमती प्रदेश | सशर्त | २१७१८००० | १९३१०९५१ | २४०७०४९ | २४०७०४९ |
| | विशेष | १०००००००० | ६९३७००७ | ३०६२९९३ | ३०६२९९३ |
| | समपुरक | २५०००००० | २०६५१४९८ | ४३४८५०२ | ४३४८५०२ |
| | **जम्मा** | ५६७१८००० | ४६८९९४५६ | ९८१८५४४ | ९८१८५४४ |
| कुल जम्मा | | २४२६३७००० | २१३१८१८१८ | २९४५५१८२ | २९४५५१८२ |

## ११ पेश्की बाँकी

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा पेश्की सम्बन्धि व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यक्रम तर्फको पेश्की एकिकृत गरी विवरण राख्नुपर्नेमा राखेको छैन । पेश्की सम्बन्धि विवरण नयाँ म.ले.प. फारम अनुसार अद्यावधिक रुपमा राख्नुपर्दछ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले देहायका संस्था तथा व्यक्तिलाई आर्थिक वर्ष २०८०।८१ मा निम्न कार्यको लागि पेश्की दिएकोमा सो पेश्की नियम ५२(३) अनुसार म्याद नाघेकोमा उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्छयौट नभएकोले फर्छयौट गर्नुपर्ने देखिएको रु.

| क्र.सं | पेश्की लिनेको नाम | गत बर्षको पेश्की बाँकी रु | यो बर्षको पेश्की रु. | जम्मा पेश्की रु | पेश्की बाँकीमध्ये | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद नाघेको रु | म्याद ननाघेको रु. |
| १ | टाण्डव कन्स्ट्रक्सन कम्पनी प्रा.ली. | १५५६४९५ | ० | १५५६४९५ | १५५६४९५ | ० |
| २ | सन्ध्या निर्माण सेवा | ८११००० | ० | ८११००० | ८११००० | ० |
| ३ | सन्ध्या निर्माण सेवा | ० | ३०५००० | ३०५००० | ३०५००० | |
| ४ | कटुन्जे स्वास्थ्य चौकी | ६००००० | ० | ६००००० | ६००००० | ० |
| ५ | अग्री इन्कापेरिटेड प्रा.ली. | १०५०८४५ | ० | १०५०८४५ | १०५०८४५ | ० |
| ६ | प्रदिपनाथ शर्मा | २७२००० | ० | २७२००० | २७२००० | ० |
| ७ | दिनेश हुमागाई | २१२००० | ० | २१२००० | २१२००० | ० |
| | जम्मा | ४५०२३४० | ३०३००० | ४८०७३४० | ४८०७३४० | ० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ४८,०७,३४० |

## १२ धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेस गरेपछी धरौटीबापतको रकम फिर्ता दिनुपर्ने व्यवस्था छ । पालिकाले

निम्न फर्मको मूल्यअभिवृद्धि कर समायोजनको प्रमाण समावेश नगरी रु ४,६०,००० धरौटी फिर्ता गरेको छ । नियमानुसार सम्बन्धित कर कार्यालयमा मूल्यअभिवृद्धि करबापतको रकम समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १२.१ | ॐ अटुट कन्स्ट्रक्शन | ४६०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६०,००० |

१३ **खर्चमा मितव्ययिताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मितव्ययी तवरले गर्नुपर्नेमा नभएको र खर्चको मितव्ययिता सम्बन्धी मापदण्ड निर्देशिका अनुसार स्रोतको मितव्ययी उपयोग गर्नुपर्नेमा पालिकाले निम्नानुसार खर्च लेखेकोमा देखिएका व्यहोरा देहायानुसार छन्

१३.१ **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण अनुगमन तथा मूल्याङ्कनमा रु १३९३६७४, भ्रमण भत्तामा रु १६६५२७७ खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यवहोराहरु देहायमा उल्लेख छ।

(क) विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि अद्यावधिक भ्रमण अभिलेख राखेको छैन ।

(ख) भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार देखिएन। उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

(ग) अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन।

(घ) कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँमा गएको र स्पष्ट काम वेगर समेत भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर ७ दिनको समयावधी राखी अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सम्बन्धमा विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले जिम्मेवार बनाउनुपर्दछ।

१३.२ **सवारी मर्मत खर्च -** बाग्मती प्रदेशको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।पालिकाले यो वर्ष सवारी मर्मत शिर्षकमा रु. ६२५८५९३ खर्च गरेको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजम छन् ।

(क) पालिकाले सवारी साधनमा ईन्धन खपतको अवस्था खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समयक्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नुपर्दछ ।

(ख) पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. ६२५८५९३ खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन।

(ग) एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दरभाउपत्र माग गरेको छैन। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ। यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

१३.३ **इन्धन खर्च-** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि, र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। पालिकामा ३१ दुइ पाँग्रे सवारी, २ चारपाँङ्ग्रे सवारी, १ एक्साभेटर, २ वटा एम्वुलेन्स र १ वटा ट्रिपर सञ्चालनमा रहेकोमा पालिकाले यस वर्ष इन्धनमा रु. ४७ लाख ५ हजार खर्च गरेको छ। पालिकामा १ एक्साभेटर, २ वटा एम्वुलेन्स र १ वटा ट्रिपर रहेकोमा कति इन्धन खपत भएको एकीकृत विवरण समेत राखेको पाइएन । उक्त एक्साभेटरमा पुजीगत शीर्षकबाट समेत खर्च लेखेको देखिन्छ । यसरी पदाधिकारी तथा कर्मचारीले पाउने इन्धन सुविधाको मापदण्ड भन्दा बढी हुने गरी खर्च लेख्ने तथा एक्साभेटर लगायतका सवारी साधनको खर्चको एकीकृत विवरण समेत पेश नगरेकोले यस थप विश्लेषण गर्न सकिएन। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरेर मात्र इन्धन खर्च गर्नुपर्दछ।

१३.४ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु. १८०४९२५ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

## १४ पदाधिकारी सुविधा

बागमनीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम काबागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५रबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,को प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐन,को अनूसूची १ मा उल्लेख भएको सूविधा बमोजिम पालिकाले यस वर्ष रु. ६४ लाख ४४ हजार खर्च भएको छ।

| पद | यातयात | पत्रपत्रीका ईर्न्टरनेट | टेलिफोन | अतिथि सत्कार | जनसम्पर्क विशेष सुविधा | खानेपानी तथा सरसफाई | मर्मत संभार र विधुत / उर्जा खर्च | खाजा | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | ० | २४००० | ३६००० | १०८००० | १२०००० | ३०००० | ३०००० | ६०००० | ४०८००० |
| उपाध्यक्ष | ० | २४००० | ३६००० | ६०००० | १२०००० | ३०००० | ३०००० | ६०००० | ३६०००० |
| वडा अध्यक्ष | ४८०००० | १२०००० | २४०००० | ४८०००० | ८४०००० | १२०००० | १२०००० | ३६०००० | १५७२००० |
| कार्यपालिका सदस्य | १८०००० | ७२००० | १०८००० | १४४००० | १४४००० | ३६००० | ७२००० | १०८००० | ८६४००० |
| वडा सदस्य | ८६४००० | ४३२००० | ४३२००० | ६४८००० | ० | २१६००० | ० | ६४८००० | ३२४०००० |
| जम्मा | १५२४००० | ६७२००० | ८५२००० | १४४०००० | १२२४००० | ४३२००० | २५२००० | १२३६००० | ६४४४००० |

१५ **घटी कर कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,११६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,११६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१६ **राजस्व व्यवस्थापन**

आ. व. २०८०।८१ मा पालिकाले सङ्कलन गरेको राजस्वको सन्दर्भमा देहायबमोजिम ब्यहोरा रहेका छन् ।

**(क) राजस्व असुली :** पालिकाले आ. व. २०८०।८१ को लागि आन्तरिक आय रु ११११६०९०५ अनुमान गरेकोमा रु ८५१६४६५ अर्थात अनुमानको ७६ % असुली गरेको छ । अघिल्लो आर्थिक वर्षमा अनुमानको जम्मा ३० % मात्रै राजस्व असुल गरेको विवरणबाट देखिन्छ । अघिल्लो आर्थिक वर्षमा भन्दा रु २१ लाख ५३ हजार ६५४ बढी राजस्व प्राप्ति रहेको छ ।

| आ. व. २०८०।८१कोअनुमान | आ. व. २०८०।८१कोअसुली | आ. व. २०७९।८०कोअनुमान | आ. व. २०७९।८०कोअसुली | बढी (घटी) |
|---|---|---|---|---|
| १११६०९०५ | ८५१६४६५ (७६%) | **२१२५००००** | **६३६२८११(३०%)** | **२१५३६५४** |

**(ख) कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ६७००००.०० | १३०६९९६.५६ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ३००००.०० | २१२१३८.०० |
| ३ | ११३१७ | वहाल कर | १००००.०० | ४३५००९.१९ |
| ४ | ११४५१ | सवारी साधन कर (सानासवारी) | ० | ४००. |
| ५ | ११४५२ | पुर्वाधार सेवाकोउपयोगमा लाग्ने कर | १०००००.०० | ० |
| ६ | ११६११ | व्यवसायले भुक्तानीगर्ने | ० | १८००.०० |
| ७ | ११६३१ | कृषितथा पशुजन्यवस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०००००.०० | १०१८९१.०० |
| ८ | ११६९१ | अन्य कर | ६६०९०५.०० | ८१८४०.०० |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथाबिक्री | १०७०००००.०० | ३३४८४१.०८ |
| १० | १४२२१ | न्यायिक दस्तूर | ० | ६५०. |
| ११ | १४२२४ | परीक्षा शुल्क | २००००.०० | २८१००.०० |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवाशुल्क | १००००००.०० | ६५२०८५.६० |
| १३ | १४२४३ | सिफारिश दस्तुर | ३०००००.०० | ५८४३५६.५७ |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्तादस्तुर | १५००००.०० | ४७७५५०.०० |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५००००.०० | ६७४५०.०० |
| १६ | १४२४९ | अन्य दस्तुर | ० | २९९४५.०० |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशनदस्तुर | ० | ४५३५०.०० |
| १८ | १४२६२ | विद्युत सम्बन्धीदस्तुर | ० | १५२००.०० |
| १९ | १४२६३ | जलस्रोत सम्बन्धी अन्यदस्तुर | ० | ५२००.०० |
| २० | १४२६५ | अन्य क्षेत्रको आय | ० | २००. |
| २१ | १४३१२ | प्रशासनिक दण्डजरिवाना र जफत | ० | १६०००.०० |
| २२ | १४५२९ | अन्य राजस्व | ७००००००.०० | ५२०६८३९.३० |
| २३ | १४६११ | व्यवसाय कर | ० | ५०००.०० |
| २४ | १५१११ | बेरूजू | ० | २५५६२५.०० |
| जम्मा | | | १११६०९०५.०० | ९८६४४६७.३० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।पालिकाले अनुमान नगरेका ११ शिर्षकमा कर असुल गरेको छ भने अनुमान गरेका ४ शिर्षकमा घटी राजश्व असुल गरेको छ।राजश्व अनुमान र प्राप्तिको विचको फरक पहिचान गरी सो अनुरुप रणनीति तय गरि आन्तरिक आम्दानी बढाउनु पर्दछ।

**(ग) राजस्व लेखा :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुरूप राजस्व लेखा अध्यावधिक गर्नुपर्दछ । पालिकाले आम्दानीको लागि नगदी रसिद ठेलीको पनि प्रयोग गरेको छ जसबाट संकलित राजस्वको दैनिक गोश्वारा खाता, दैनिक नगद राजस्व आम्दानी खाता, राजस्व प्राप्तिको बैंक नगदी किताब (म.ले.प.फा.नं. हरू क्रमश १०५, १०६, १०८) आदिको प्रयोग गरी लेखाङ्कन गरेको पाइएन ।राजस्व लेखाङ्कनको लागि राख्नु पर्ने म.ले.प.फा.नं. नराखेको र प्राप्त हुनुपर्ने राजस्व र प्राप्त राजस्वबीच परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन । तोकिएको ढाँचामा अभिलेख र राजस्व खाता तयार गरी आन्तरिक आयको लेखाङ्कन गर्नुपर्दछ ।

**(घ) यथार्थ राजस्व सङ्कलन -** पालिकाले सङ्कलित राजस्वमा स्थानीय सरकारको अधिकार क्षेत्र रहेको राजस्व स्कम र बाँडफाँट हुने राजस्व रकम गरी दुई प्रकारको राजस्व रकम रहेको हुन्छ । पालिकाले आम्दानी बाँधेको आन्तरिक आय मध्ये ३३३६६ (दहत्तर बहत्तर शुल्क) शिर्षकको रु ४२१९८६३ आय सङ्कलन गरेको छ । सो रकम राजस्व बाँडफाँड खातामा दाखिला गरी सोबाट मूल्य अभिवृद्धिकर बाहेकको रकमको प्रदेशमा पठाउनु पर्ने ४० प्रतिशतले हुने जम्मा रु १४९३७५७ पालिकाले बागमती प्रदेशमा नपठाइ सिधै आन्तरिक आय खातामा आम्दानी बाँधेको छ । बाँडफाँट गर्नुपर्ने आय रकम आन्तरिक आय खातामा दाखिला गरेको कारण आर्थिक विवरणमा प्रस्तुत गरेको रकम भन्दा रु १४९३७५७ ले यथार्थ असुली रकम घटी रहेको छ ।यो वर्ष पालिकाले सङ्कलन गरेको राजस्व देहाय अनुसार छ ।

| पालिकालेआम्दानीबाँधेकोआय | दहत्तरबहत्तरशुल्क | प्रदेशमापठाउनुपर्नेरकम | खुदआन्तरिकआय |
|---|---|---|---|
| ९८६४४६७.३० | ४२१९८६३ | १४९३७५७ | ८५१६४६५ |

पालिकाले प्रदेशमा पठाउनुपर्ने राजस्व बाँडफाँटअन्तर्गतको रु ७६१२९२ समेत आन्तरिक आयमा आम्दानी बाँधेकोले वास्तविक आन्तरिक आय पालिकाले पेश गरेको विवरणभन्दा घटी रहेको छ ।स्थानीय तहमा सङ्कलन हुने बाँडफाँड गर्नुपर्ने राजस्व स्थानीय तह विभाज्य कोष खातामा (ग-६.१) मा जम्मा गर्नु पर्दछ । विभाज्य कोष खातामा सङ्कलन हुने राजस्व मनोरञ्जन कर (33342), विज्ञापन कर (33343), घर जग्गा रजिष्ट्रेशन शुल्क (33344), दहत्तर बहत्तर शुल्क (33366), अन्य बाँडफाँड हुने राजस्व सङ्कलन (33391) रहेका छन् । स्थानीय तहले बाँडफाँड हुनुपर्ने राजश्व नियमानुसार स्थानीय तह तथा सम्बन्धित प्रदेशका लागि बाँडफाँड भएपछि सम्बन्धित तहको सम्बन्धित खातामा रकम जम्मा गर्ने प्रयोजनको लागि मात्र यस खाताबाट खर्च गरिने व्यवस्था छ । पालिकाले आ. व. २०८०।८१ मा दहत्तर बहत्तर सङ्कलनको लागि ठेक्का आव्हान गरेको तर ठेक्का नलागेकोले पालिकाबाट सञ्चालित आयोजनाको प्राविधिक मूल्याङ्कनमा नापजाँच भएको ढुङ्गाको परिमाण बराबरको तोकिएको दरमा उपभोक्ता समिति तथा ठेकेदारबाट दहत्तर बहत्तर शुल्क रु ४२१९८६३ आम्दानी प्राप्त गरेकोमा उक्त खातामा दाखिला नगरी आन्तरिक आय खातामा दाखिला गरेको छ । प्राप्त हुने आयहरूलाई सम्बन्धित खातामा जम्मा गर्नुपर्दछ । साथै पालिकाले विगतमा ठेक्काबाट प्राप्त रकम भन्दा घटी रकम अमानतबाट असुल गरेको सन्दर्भमा तथा एक पटकमा ठेक्का नलागेकोमा दोस्रो पटक सूचना प्रकासन नगरेको उपयुक्त देखिएन ।

**(ङ) आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अन्य विभिन्न शीर्षकमा अनुमानित रु. १,११,६०,९०५ प्राप्त हुने प्रक्षेपण गरेकोमा रु ८५,१६,४६५

अर्थात् ७६.३० प्रतिशत असुल गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**(च) स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक श्रोत अन्तर्गत खानी जंगल तथा अन्य श्रोत पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले विगतमा तयार गरेको प्रोफाइल प्रयोगमा ल्याएको छैन। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना बजेट प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

**(छ) व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाको व्यवसाय कर संकलन जम्मा रु ६८०० मात्र रहेको देखिन्छ। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक नगरेकोले पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

**(ज) सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**(झ) मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा भिडियो हल सांस्कृतिक प्रदर्शन हल संगित थियटर मनोरञ्जन प्रदर्शन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।०८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । पालिकाको आफ्नो क्षेत्र भित्र सञ्चालित स्थान जस्तै बैकुन्ठ डाँफे मुनाल पार्क वाट कर निर्धारण गरी मनोरञ्जन कर असुल गर्नुपर्दछ ।

### १७ राजस्व बाँडफाँट

ढुङ्गा गिट्टी ,बालुवा उत्खनन् ,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड¸ २०७७ को दफा दफा १४ मा गाउँपालिकाले यस मापदण्ड बमोजिमसाधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमती वा नविकरणशुल्क वा करबाट सङ्कलित राजस्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको स्थानीयसञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्दछ । पालिकाले ढुङ्गा बालुवा गिट्टी सङ्कलन तथा बिक्रीबाट प्राप्त आय रु ४२१९८६३ को ४० प्रतिशतले हुने रकम रु १४९३७५७ प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

### १८ मूल्यअभिवृद्धि कर

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट उठेको मूल्य अभिबृद्धि कर बापतको रकम बाँडफाँड गर्न सङ्घीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अन्य प्राकृतिक स्रोतको आय मूल्यअभिवृद्धि करसमेत जम्मा रु ४२१९८६३ असुल गरेकोमा मूल्यअभिवृद्धि कर रकम रु ४८५४७१ सङ्घीय सञ्चित कोषमा नदाखिला गरेकोले सो को दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८५,४७१ |

### १९ शिक्षातर्फ

यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् :

**(क) दरवन्दी तथा पदपूर्ति :** आ.व. २०८०।८१ मा कैलाश गाउँपालिकामा ६ माध्यमिक तहका विद्यालयसहित ४८ सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेको छ । ती विद्यालयहरूमा कार्यरत शिक्षकको विवरण देहायबमोजिम रहेको छ ।

| दरबन्दी | दरबन्दी | कार्यरतसंख्या |
|---|---|---|
| मावि | १० | १० |
| निमावि | २३ | २३ |
| प्रावि | १३१ | १२८ |
| बालविकाससहजकर्ता | ४८ | ४८ |
| विद्यालयकर्मचारी | ५ | ५ |
| कार्यालयसहयोगी | ४८ | ४८ |
| जम्मा | १६४ | १६१ |

पालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रावि देखि माविसम्मका शिक्षकको संख्या १६१ रहेकोमा बाल विकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या जम्मा ५१७३ रहेको छ ।

**(ख) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रूपमा अनुगमन गरी प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८० मा ६ माध्यमिक विद्यालयहरूबाट माध्यमिक शिक्षा परीक्षामा सहभागी विद्यार्थी र तिनीहरूको उत्तीर्ण दर देहायबमोजिम रहेको छ ।

| विद्यालयसङ्ख्या | जम्माविद्यार्थीसङ्ख्या | उत्तीर्णसंख्या | उत्तीर्णदर | उच्चतमजिपिए |
|---|---|---|---|---|
| ६ | १९९ | ११ | ५.५३ | ३.२५ |

माथि उल्लेखित तथ्यांक अनुसार पालिकाभित्रका सामुदायिक विद्यालयहरूबाट माध्यमिक शिक्षा परीक्षाको उत्तीर्ण दर न्यून रहेको पाइयो । पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्धारण गर्नुपर्दछ ।

**(ग) अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

## २० शिक्षा तर्फको बजेट तथा खर्चको स्थिति

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा स्थानीय तहले ससर्त अनुदानबाट विद्यालयमा हुने क्रियाकलापगत बजेट विद्यालयबाट आवश्यक विवरण लिई खातामा निकासा दिने र सोको खर्चको फाँटवारी/बिल भरपाइ विद्यालयमा प्रमाणित गरी अभिलेख राख्ने

व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । साथै सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा प्रगति प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने प्रमुख जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुने उल्लेख गरेको छ । पालिकाले निम्नानुसारको बजेट व्यवस्था भएकोमा निकासा तथा खर्चको स्थिति देहायबमोजिम रहेको छ ।

| रकम रु. हजारमा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | **कार्यक्रम /क्रियाकलाप** | **बाषिक बजेट रु.** | **खर्च रु.** | **खर्च प्रतिशत** |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षकका लागितलब भत्ता अनुदान | ८३९०० | ७४०३२ | ८८.२४ |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षक लागितलब भत्ता अनुदान | ६५०० | ६६३६ | १०२.०९ |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालयकर्मचारी व्यबस्थापन अनुदान | १३४९८ | १२९४१ | ९५.८७ |
| ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तकअनुदान | ३६७१ | ३२१७ | ८७.६३ |
| ५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ११४९९ | ९२९६ | ८०.८४ |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २६९३ | २१५३ | ७९.९५ |
| ७ | शैक्षिक पहुँच सुनिश्चितता,अनौपचारिक तथा वैकल्पिक शिक्षाकार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय,साक्षरता र निरन्तर शिक्षाकाकार्यक्रम समेत) | ५०० | ० | ०.०० |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितप्रोत्साहन अनुदान | १८०० | १२९६ | ७२.०० |
| ९ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याडब्यवस्थापन | ११४६ | ११४० | ९९.४८ |
| १० | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास,विद्यार्थी परीक्षणमुल्याङ्कन,शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १०४२ | १७५ | १६.७९ |
| ११ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमाशिक्षण सहयोग अनुदान | ३९७६ | २८२१ | ७०.९५ |
| १२ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षणसहयोग अनुदान | १३५४ | १३५४ | १००.०० |
| १३ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदकोसमयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ४०० | ० | ०.०० |
| १४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइसमाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | १३८९ | १३०९ | ९४.२४ |
| १५ | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमाप्राविधिक शिक्षासञ्चालनअनुदान | ७०० | ७०० | १००.०० |
| १६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | १३३२ | १२७६ | ९५.८० |
| १७ | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता | १०० | १०० | १००.०० |
| १८ | माद्यमिक तहमा शून्य दरवन्दी भएका सामुदायिक विद्यालयमाअंग्रेजी/गणित/विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ५६८ | ५६८ | १००.०० |
| १९ | एक विद्यालय एक नर्स कार्यकर्म सञ्चालन | १४८८ | ७२९ | ४८.९९ |
| २० | प्र.अ.,इसिईडी,विद्यालय कर्मचारी,विद्यालय सहयोगी थप तलव | ५३०२ | ५२०४ | ९८.१५ |
| २१ | प्र.अ. तथा शिक्षा समिति बैठक व्यवस्थापन | ५३६ | २०९ | ३८.९९ |
| २२ | सामुदायिक विद्यालयका तहगत/विषयगत शिक्षकलाई पुनर्ताजगी तालिम | ५०० | ४८२ | ९६.४० |
| २३ | सामुदायिक विद्यालयका वि.व्य.स. पदाधिकारी तथा प्र.अ. लाई क्षमताविकास तालिम | २०० | १६८ | ८४.०० |
| २४ | अध्यक्षकप फूटबल प्रतियोगिता | ८०० | ७६५ | ९५.६३ |
| २५ | उपाध्यक्षकप भलिबल प्रतियोगिता | ४०० | ३४० | ८५.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | खेलकुद तथा शारीरिक व्यायाम व्यवस्थापन | १३० | ० | ०.०० |
| २७ | खेलकुद सामग्री वितरण | ५०० | ४५२ | ९०.४० |
| २८ | पालिका स्तरीय आधारभूत तह (कक्षा-८) परीक्षा व्यवस्थापन | ५०० | ४२२ | ८४.४० |
| २९ | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता | २५० | २५० | १००.०० |
| ३० | विद्यालय स्तरीय वार्षिक परीक्षा (प्रतिविद्यार्थी आधारमा)व्यवस्थापन | ९२० | ८५८ | ९३.२६ |
| ३१ | स्थानीय तह गोल्डकप प्रतियोगिता | ३०० | ३०० | १००.०० |
| ३२ | स्थानीय पाठ्यक्रममा आधारित स्रोत सामग्री निर्माण | ८०० | ० | ०.०० |
| ३३ | सामुदायिक विद्यालयका प्रधानाध्यापक छनौट परीक्षा व्यवस्थापन | २०० | ० | ०.०० |
| ३४ | विद्यालय अनुगमन | ११७ | ८५ | ७२.६५ |
| ३५ | गा.पा. अन्तर्गतका सामुदायिक विद्यालयहरूमा आवश्यक मर्मत तथाफर्निचर खरिद (कार्यपालिका निर्णय बमोजिम) | ६०० | ० | ०.०० |
| ३६ | प्रजा विकास प्रा.वि. फर्निचर निर्माण | २०० | ० | ०.०० |
| | कुल | १४९८११ | १२९२७८ | ८६.२९ |

पालिकाबाट सामुदायिक विद्यालयहरूमा सङ्घ, प्रदेश तथा स्थानीय तहबाट जम्मा रु १४ करोड ९८ लाख ११ हजार बजेट विनियोजन भएकोमा रु १२ करोड ९२ लाख ७८ हजार खर्च गरेको छ । सङ्घीय सशर्त बजेटबाट रु ११ करोड ८९ लाख ८८ हजार खर्च भएकोमा प्रदेश सरकारको ५ लाख ५८ हजार तथा पालिकाबाट रु ९७ लाख २२ हजार खर्च भएको विवरण प्राप्त भएको छ । पालिकाले विभिन्न विद्यालयलाई दिएको निकासाको विद्यालयगत अभिलेख खाता राखी अनुगमन गर्नुपर्दछ ।

## २१ पुस्तकालय तथा विज्ञान प्रयोगशाला अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अन्तर्गत विद्यालयमा पुस्ताकालय तथा विज्ञान प्रयोगशालाको लागि प्रति विद्यालयलाई रु ६ लाख ५० हजार अनुदान निकासा दिन सकिन्छ । स्थानीय तहले स्पेसिफिकेसन स्वीकृत गरी सामुदायिक विद्यालयहरूलाई सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरू पूरा गरी पुस्ताकालय तथा विज्ञान प्रयोगशासम्बन्धी सामग्री खरिद गर्न लगाउनु पर्दछ । अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वयन गरे/नगरेको नियमित रूपमा अनुगमन पनि गर्नुपर्दछ । पालिकाले निम्न विद्यालयहरूलाई उक्त कार्यक्रमको अनुदान उपलब्ध गराएकोमा विद्यालयहरूले विज्ञान प्रयोगशासम्बन्धी सामग्रीहरू खरिद गरी तोकिएको मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गरी विद्यालयको जिन्सी खातामा तोकिएको ढाँचामा सामग्रीको आम्दानी बाँधेको सुनिश्चित गर्नुपर्दछ ।

| कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|
| विज्ञान प्रयोगशाला | श्री भवानी मावि, कैलाश-३ | ६५००००।- |
| पुस्तकालय | श्री रत्न ज्योती मावि, कैलाश-१० | ६५००००।- |

## २२ निशुल्क पाठ्यपुस्तक

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२३,६९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **३२,१२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६०,४९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१४९,९९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **३१,७०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१७,०४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३ **सिटिइभिटि अनुदान**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन गर्ने सामुदायिक विद्यालयलाई अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार अनुदान दिन सकिने व्यवस्था भएपनि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको सम्बन्धन लिइ सञ्चालनमा रहको सामुदायिक विद्यालयलाई अनुदान दिने कार्यक्रम उल्लेख छैन । CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदानको लागि कालिका मा.वि.लाई रु ७ लाख निकासा भएकोमा सो विद्यालयले अनुदान रकम परिचालन गरेको क्षेत्रको रकम बाँडफाँट सहितको कार्ययोजना, विद्यार्थी विवरण, लेखापरीक्षण प्रतिवेदन आदि प्रमाण पेस गर्नुपर्ने रु.....

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

२४ **स्यानिटरी प्याड**

पालिकाले आ. व. २०८०।८१ मा सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन गर्न दर माग गरी निम्नानुसारको सोझै खरिद गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

| सामानको नाम | फर्मको नाम | परिमाण | रकम |
|---|---|---|---|
| स्यानीटरी प्याड | एस एल इन्टरप्राइजेज | ११६०० | ६६८५०८ |
| डिस्पोजल मेसिन | रोजवोय सप्लायर्स | ६ | ४७१२१० |

• सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ बमोजिम सेनेटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आपूर्ति गरिएका स्यानीटरि प्याडको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको पाइएन । कार्यविधिमा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

• दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

• दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाइएन । पालिकाले विद्यालयहरूमा हस्तान्तरण गरी विद्यायलयहरूले छात्राहरूलाई वितरण गरेको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ९ मा प्रयोग भएका महिनावारी व्यवस्थापन सामग्रीहरुलाई वातावरणमा प्रतिकूल असर नपर्ने गरी दीगो विसर्जन गर्न विद्यालयको हाताभित्र खाल्डो खनी पुर्नु पर्ने वा विद्यालयको हातामा पुर्ने ठाउँको अभाव भएमा अन्य फोहोर मैला सरह यस्ता वस्तुहरूको विसर्जन गर्नु पर्ने उल्लेख छ । पालिकाले स्यानिटरी प्याड डिस्पोज गर्ने उद्वेश्यले मेसिन खरिद गरी विद्यालयमा वितरण गरेको पाइयो । भौगोलिक स्थितिअनुसार कार्यविधिको व्यवस्थाअनुरूप विसर्जन गर्ने विकल्प रहँदा रहँदै डिस्पोजल मेशिन खरिदको लागि खर्च लेखेको उचित देखिएन ।

## २५ औषधी खरिद तथा व्यवस्थापन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने तथा वार्षिक दशलाख रुपैयाँभन्दा बढी रकमको औषधिजन्य मालसामान वा उपकरणको खरिद गर्नुपर्न भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्दछ । सो योजना आगामी वर्षको वार्षिक कार्यक्रम तयार गर्न समयमा नै तयार गरी पेस गर्नुपर्ने र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएपछि सोअनुसार वार्षिक खरिद योजना अद्यावधक गरी अधिकारप्राप्त अधिकारीले स्वीकृत गरी राख्नुपर्दछ । सो योजनामा औषधिजन्य मालसामान वा उपकरणको विवरण, सोको लागत अनुमान, खरिदको प्याकेज, बोलपत्रसम्बन्धी कागजातको तयारी र स्वीकृति, खरिद प्रक्रियाको समयतालिका, खरिद विधि, माध्यम, आदि उल्लेख भएको हुनुपर्दछ । पालिकाले निम्नानुसारको रु १७ लाख ८५ हजार २३० को औषधी तथा औषधीजन्य सामग्री पटक पटक सोझै खरिद गरेको छ । यस सन्दर्भमा देखिएका ब्यहोराहरू निम्न छन् ।

| गो.भौ.नं. | मिति | फर्मकोनाम | जम्मारकम | खरिदविधि |
|---|---|---|---|---|
| १०९ | २०८०-१२-२० | सेतीदेवीमेडिसिनसप्लायर्स | १३५५३५ | सोझै |
| २७५ | २०८१-०२-२८ | बंगलामुखीमेडिसिनसप्लायर्सप्रा.लि. | ७९००१५ | सोझै |
| ३२९ | २०८१-०३-२० | आचार्यफर्मास्यूटिकल्स | ३५४५९३ | सोझै |
| ३३१ | २०८१-०३-२० | कान्तिपुरफार्मेसी | ५०५०८७ | |
| | | | १७,८५,२३० | |

पालिकाले औषधिजन्य मालसामान तथा उपकरणको परिमाण निर्धारण गर्नको लागि सम्बन्धित स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र लगायत अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट आगामी आर्थिक वर्षकोलागि चाहिने प्रत्येक औषधिको नाम र परिमाणको विवरण सङ्कलन गरी सबै स्वास्थ्य संस्थाहरुमा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा खपत भएको औषधि विवरणको आधारमा आगामी आर्थिक वर्षकोलागि आवश्यक पर्ने परिमाण प्रक्षेपण गरेको पाइएन । औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, अघिल्लो वर्षमा खपत भएको तथ्याङ्क यकिन गरी सो को आधारमा खरिद गर्नु पर्नेमा पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यसमा सुधार हुनुपर्दछ । खरिद भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए नभएको औषधिको गुणस्तर र म्याद सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै निकासा गर्दा पहिला खरिद भएको औषधी पहिलानै निकासा (FIFO) गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

## २६ पेस्की फिर्ता

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७ **कार्यविधि विपरीत भ्रमण खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८ **चेपाङ तथा गरिब घर परिवारको लागि पोषण कार्यक्रम**

चेपाङ तथा गरिब घर परिवारको लागि पोषण कार्यक्रम अन्तर्गत पालिकालाइ रु ५० लाख बजेट विनियोजन भएकोमा पालिकाले विभिन्न प्रयोजनमा सो बजेट खर्च गरेको पाइयो । सो कार्यक्रममा स्पष्ट कार्यविधि नरहेकोले पालिकाले पोषणजन्य सामग्री उल्लेख गरी गेडा गुडि, बाख्रा तथा तरकारीको बिउ खरिद गरी वितरण गरेको पाइयो । पालिकाले पोषण सामाग्री भनी वितरणमुखी कार्यक्रम सञ्चालन गरेको मापदण्ड कार्यविधि एवं स्वतन्त्र र समान वितरणहुने लक्षित वर्गको स्पष्ट पहिचान वेगर खरिद गरी वितरण गरेको एउटै प्रकृतिको कार्यलाई प्याकेज तयार गरी प्रतिस्पर्धात्मक हिसावले खरिद गर्नुपर्नेमा टुक्रा पारी सोझै खरिद गरेकोले अनियमित देखिन्छ ।

| क्र.सं. | मिति | भौ. नं. | विवरण | फर्मको नाम | खर्च |
|---|---|---|---|---|---|
| २ | २०८०-१२-२० | १२६ | पोषण सामाग्री वितरण खर्च | | ३४,७०० |
| ३ | २०८१-०१-०२ | १३५ | सामाग्री ढुवानीका भाडा | | ४,००० |
| ४ | २०८१-०१-३१ | २५० | भ्रमण खर्च भुक्तानी | | १४,१८० |
| ५ | २०८१-०२-०२ | २५३ | कार्यक्रमका सामानहरु ढुवानी | | ६०,००० |
| ६ | २०८१-०२-१६ | २५८ | सामग्री गेडागुडी | डि आर जे ग्रुप (६१००६२०४७) | ७,१२,२६२ |
| ७ | २०८१-०२-१६ | २५९ | पोषण सामग्री खरिद | इन्द्रेणी डिपार्टमेन्ट स्टोर (६१६२४१९१०) | ७,४१,५६१ |
| ८ | २०८१-०३-०७ | २९५ | OTC सञ्चालन को सामान खरिद | चेरिस ट्रेड कन्सर्न (६०९७९२३६६) | ३,४७,३५२ |
| ९ | २०८१-०३-०७ | २९६ | पोषण आहार खरिद (Ready to eat nutrititious food) | नेपाल स्वस्थ फुड इन्डस्ट्रिज (६०९७८५७७७) | ६,९९,९४४ |
| १० | २०८१-०३-०७ | २९७ | पोषण सामान खरिदका | एस पि ट्रेड एन्ड सप्लायर्स (६०४२६०३७४) | ८,३३,३७५ |
| ११ | २०८१-०३-०९ | ३०० | कार्यक्रम संचालन | | ६८,००० |
| १३ | २०८१-०३-०९ | ३०१ | पोषण सर्भेक्षण कार्यक्रम | | ६४,८०० |
| १५ | २०८१-०३-०९ | ३०२ | पोषण अभिमुखिकरण गोष्ठी | | १,०१,४५० |
| १७ | २०८१-०३-०९ | ३०४ | बाख्रा खरिद | | १०,००० |
| १८ | २०८१-०३-०९ | ३०४ | बाख्रा खरिद (२१) | सिमलथली एग्रो प्रालि | ६,८२,५०० |
| १९ | २०८१-०३-०९ | ३०६ | विउ विजन खरिद | किसान खेती पसल | २,४९,६०० |
| २० | २०८१-०३-१६ | ३२० | पोषणका सामान ढुवानी भाडा | नमस्ते क्रिएसन एन्ड एडभर्टाइजिङ प्रा.लि. | ५६,५०० |
| २१ | २०८१-०३-२० | ३२८ | सुचना प्रवाह भिडियो को रकम | समृद्धि कम्युनिकेशन | ९०,००० |
| २२ | २०८१-०३-२० | ३३० | सामान ढुवानी तथा वितरणको खर्च | | १,३८,००० |
| २३ | २०८१-०३-२३ | ३४२ | पोषण सन्देश मुलक स्थायी प्रदर्शनी वोर्ड निर्माण | | ९१,७७६ |
| जम्मा | | | | | ५०,००,००० |

## २९ तरकारी खेती प्रवर्द्धन कार्यक्रम

पालिकाले आ. व. २०८०।८१ मा कृषि शाखाअन्तर्गतका तरकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि अनुदान रु ९ लाख ३५ हजार ७१५ लाख हजार भुक्तानी दिएको छ । यस सम्बन्धमा निम्न ब्यहोरा छन् :

| तरकारी खेती प्रवर्द्धन कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मिति | भौ. नं. | विवरण | डेबिट |
| १ | २०८०-११-१४ | ९७ | नमो बुद्ध कृषक समुह | १,३७,५०० |
| २ | २०८०-११-१४ | ९८ | ठुलोबेशी जनजागरण कृषक समुहलाई | ९५,००० |
| ३ | २०८०-११-१४ | ९९ | संगम वहुउदेश्य कृषि फर्म | ७५,००० |
| ४ | २०८०-११-१४ | १०० | रमा लक्ष्मी कृषि तथा बाख्ख्रा फर्म | ६७,५०० |
| ५ | २०८०-११-१७ | १०८ | तितुङ बहुउदेश्य कृषि तथा पशुपालन फर्म | ८६,३३० |
| ६ | २०८०-११-२३ | १११ | लालुपाते कृषक समुह | १,६२,५०० |
| ७ | २०८०-११-२४ | ११३ | सानोलेक मजुबा क्रियाशिल कृषक समुह | ८०,००० |
| ८ | २०८०-१२-२० | १२३ | बलमटार कृषक समुह | १,२२,२४० |
| ९ | २०८१-०१-२५ | १५३ | शक्तिकरण कृषक समुहलाइ | १,०९,६४५ |
| जम्मा | | | | ९,३५,७१५ |

(क) अनुदानको लागि कृषक, कृषक समूह, कृषि सहकारीबाट प्रस्ताव माग गरी तरकारी खेती गरिने स्थलको भौगोलिक बनावट, जग्गाको उपलब्धता आधारमा सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गका समूहहरुको हितलाई विशेष प्राथमिकता दिई छनोट गर्नुपर्दछ । यसरी छनोट गरिएका कृषि समूह वा सहकारीको विवरण सार्वजिनिक गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन । यसमा सुधार हुनुपर्दछ ।

(ख) सो कार्यक्रम सञ्चालन गर्ने कृषक समूह वा कृषि सहकारीले लागत अनुमान पालिकाबाट स्विकृत गराइ सो को आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान निकासा दिनुपर्नेमा कृषक समूह आफैंले खरिद गर्ने गरेको पाइयो । खरिद कार्यको लागत अनुमान स्वीकृत गराएर मात्र अनुदान दिनुपर्दछ ।

(ग) अनुदानको उपयोग : सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि भए/नभएको सम्बन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदान प्रवाह गर्दा जग्गाको स्वामित्व हेरेर मात्र वितरण गर्नुपर्दछ । सो कार्यक्रमको प्रभाकारिता मापन गरी प्रतिवेदन तयार गरेको छैन । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

## ३० प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका देहायबमोजिमका योजनाहरू सञ्चालन गरी रकम खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

| काम/योजनाको नाम | वडा नं | सूचीकृतबेरोजगार | कामदारसंख्या | रोजगार दिन | बजेट | खर्च |
|---|---|---|---|---|---|---|
| डाँडाखर्कप्रतिक्षालय निर्माण | १ | ३२ | ४ | ४०० | २,७५,२०० | २,७२,०७५ |
| कैलाशटोल सडक सोलिङ | २ | ३९ | ४ | ४०० | २,७५,२०० | २,६४,३१७ |
| कालिकाटारभुक्टार गोरेटोबाटी निर्माण | ३ | ५९ | ५ | ४०० | ३,४४,००० | ३,३०,६६० |
| लिक्चेभुक्टार गोरेटोबाटो निर्माण | ४ | ८२ | ५ | ५०० | ३,४४,००० | ३,४०,२५० |
| बाङ्नेतित्रबास कृषि सडक सोलिड | ५ | २९ | ४ | ४०० | २,७५,२०० | २,६४,५२८ |
| झाक्रीमाथिल्लो पकनी सडक सोलिङ | ६ | १०४ | ५ | ५०० | ३,४४,००० | ३,३०,६६० |
| सुकुभन्ज्याङडुम्रे सडकसोलिङ | ७ | १०४ | ५ | ५०० | ३,४४,००० | ३,३०,६६० |
| आम्बोटेपाखे सडक सोलिङ | ८ | ३० | ५ | ५०० | ३,४४,००० | ३,३७,२१४ |
| स्यार्सेकालिका मन्दिर संरक्षणका लागी पर्खालनिर्माण | ९ | १०१ | ६ | ५१४ | ३,४४,००० | ३,३९,९१८ |
| गोपीरामबलामी गोरेटोबाटो निर्माण | १० | २२ | ६ | ४०६ | २,७५,२०० | २,६८,४९६ |
| | | ६०२ | ४९ | ४६२० | ३१,६४,८०० | ३०,७८,७७८ |

**(क) आयोजनाको छनोट** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा कृषि, सहकारी तथा पशु विकास, उर्जा, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ आदि विभिन्न रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु तोकिएका छन् । पालिकाले आ. व. २०८०।८१ मा १० वटा रोजगारका आयोजना सञ्चालन गरेको देखियो । पालिकाले सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान हुने योजना छनौट गरी रोजगारीका आयोजना सञ्चालन गर्नुपर्दछ ।

**(ख) कामको मूल्याङ्कन** – प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ४८ (३) मा रोजगार संयोजकको कामको मूल्याङ्कन सम्बन्धित गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत वार्षिक कार्ययोजनामा आधारित भई अनुसूची १० बमोजिमको ढाँचामा चौमासिक रुपमा गर्नुपर्ने उल्लेख छ । रोजगार संयोजकको कार्य सम्पादन सन्तोषजनक रहेमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पूर्व सहमतिको आधारमा करार म्याद थप गर्नु पर्दछ । सोही दफाको संशोधनमा तोकिएका कार्य विवरण र बार्षिक कार्यक्रम बमोजिमका कार्यहरू गर्न नसक्ने वा मन्त्रालयको निर्देशन विपरित म्याद थप गरी काममा लगाउने पदाधिकारीबाट रोजगार संयोजकले पाएको तलव, भत्ता र अन्य सुविधा सरकारी बाँकी सरह असुल गरिने र निज रोजगार संयोजकलाई जिम्मेवारीबाट हटाउन सकिने उल्लेख छ । निर्देशिकामा उल्लेखित शर्तबमोजिमका कार्य सम्पादन सन्तोषजनक रहे नरहेको सम्बन्धमा पालिकाले मूल्याङ्कन गरेको अभिलेख पेस भएन । रोजगार संयोजकलाई तोकिएको कार्य विवरण अनुसारको उपलब्धी भए नभएको सम्बन्धमा प्रभावकारी रूपमा मूल्याङ्कन हुनुपर्दछ ।

**(ग) श्रमिक समूह** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २५ मा रोजगार आयोजनाहरुले कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूहहरु गठन गरेर जिम्मा दिनु पर्ने उल्लेख छ । पालिकाले रोजगारका सबै योजनाहरूमा तोकिएकोभन्दा सानो समूह बनाइ काममा खटाएको छ । निर्देशिकाबमोजिमको योजना छनौट गरी श्रमिकलाई काममा लगाउनुपर्दछ ।

**३१ लघु उद्यम विकास कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा नं ३९ मा तालिमबाट उत्पादित सामानका वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मुल्यको ५० % छुट मुल्यमा सहभागिहरुलाई बिक्रि गर्ने तथा यसरी बिक्रि हुन नसकेमा सम्भव भए सम्म बिक्रि वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर, सौगात गृहमा पठाउने र पठाउदा पनि बिक्रि

नभएमा विवरण सहित कार्यालयमा बुझाइ सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । सामान वा वस्तुको बिक्रीबाट प्राप्त रकम तालिम सम्पन्न भएपछि शाखाले राजश्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरेको निम्न तालिम कार्यक्रममा रु १० लाख ८३ हजार ४०० खर्च भएको छ । तालिमबाट के कति सामान उत्पादन भएको हो सो को अभिलेख पेस भएन । निर्देशिकाअनुसार उत्पादित सामग्रीको विक्री तथा स्टोर दाखिला गरेको प्रमाण पेस गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | तालिम कार्यक्रम | अवधि | सहभागी सङ्ख्या | रकम |
|---|---|---|---|---|
| १७४-२०८१०११७ | उद्यमशिलता विकास | १६ दिन | ४४ | ११३४०० |
| | सिलाइ | ६० दिन | १६ | ४४१००० |
| १७६-२०८१०११७ | प्रविधि हस्तान्तरण | | ११ | १८९००० |
| | एडभान्स सीप | १५ दिन | १८ | २००००० |
| | प्रविधि हस्तान्तरण | | १० | १४०००० |
| | | | | १०८३४०० |

३२ **विवरणमा भएको परिवर्तनको सम्बोधन नगरी वित्तीय विवरण तयार गरेको**

मकवानपुर जिल्लाको कैलाश गाउँपालिकाको २०७९/८० को वित्तीय विवरणमा अन्तिम लेखापरीक्षण अवधि पछी समेत संचित कोषमा रु ८६१९०३७।७३ थप गरेको कार्यसञ्चालन कोषमा ३ पटक गरी रु २५४१९५४ थप गरेको देखिन्छ तर पालिकाले यो वर्ष वित्तीय विवरण तयार गर्दा थप घट गर्नुको कारण खुलाई वित्तीय विवरण पेश नगरेको कारण पेश गरेको वित्तीय विवरणले यथार्थ अवस्थाको चित्रण गरेको छ भन्न सक्ने अवस्था देखिएन।

३३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. ८७१००२६५ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

**(क) एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

**(ख) पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया भत्ताको दर प्राप्त हुने बैंक लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था गैरसरकारी संस्था सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लेखत कार्यहरु भएको पाइएन ।

**(ग) भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य

प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयाको अनुगमन मुल्यांकन गरी पृष्ठपोषण लिएको अभिलेख राखेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

**(घ) फरक विवरण** : पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु. ८७१००२६५ देखिएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा निकासा गरेको रकममध्ये लाभग्राहीलाई वितरण गरेको रु. ८७१५०२०० र बैकंबाट फिर्ता गर्नुपर्ने रु. ४९९३५ देखिई विवरण फरक परेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

३४ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारिण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारिण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्धेश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा १०० योजनाहरुमा यो वर्ष जम्मा रु ३ करोड ६८ लाख ९८ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सो सँग सम्बन्धित फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

**(क) भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटोहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटोहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटो राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

**(ख) जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा उपभोक्ता

समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

**(ग) समिति सदस्यता :** बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिएन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**(घ) अनुगमन समितिः** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन प्रतिवदनमा उक्त विषयहरु उल्लेख गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

३५ **आयोजना हस्तान्तरण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्राप्त सफ्टकपी विवरण अनुसार उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण तथा मर्मत जस्ता रु ३ करोड ६८ लाखका १०० वटा योजना उपभोक्ता समिति मार्फत गराएकोमा अधिकांश आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३६ **उपभोक्ता समितिको काम निर्माण व्यवसायी मार्फत**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग मार्फत काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको जे.सि.वि विल र जे.सी.बि को इन्धन खर्चको बिल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम को करिव बरावर हुनेगरी निर्माण व्यवसायीको विजक र इन्धन खर्च राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेकोले यस्तो कार्य नियमितसम्मत देखिएन ।

| भौ.नं. | योजना | सम्झौता रु. | कार्यसम्पन्न रु. | भुक्तानी रु. | निर्माणव्यवसायी र इन्धनको बिल रु. |
|---|---|---|---|---|---|
| ६७।२०८०।१२।२४ | सत्पुरखेलमैदान निर्माण | ३३९०६७ | ३३८४२९ | २९०६३१ | ३३२१५१ |
| ७३।२०८०।१२।०६ | च्यानडाँडाबुलुन टोल सडक ट्याक-१ | ३३९३४६ | ३३५१४२ | २८६७९५ | ३४०८६० |
| ७६।२०८०।१२।७ | रुपराङ्गजाईजुराङ्ग सडक | ३३९३३७ | ३४०९२२ | २९१००० | ३३२५२२ |
| ८०।२०८०।१२।०९ | कृपाडाँडाचौर ठाढो बाटो जोड्ने बाटो | ३३९३४६ | ३२९७१८ | २८१३७१ | ३४०८६० |
| ९३।२०८०।१२।२० | लिक्चेलामाटोल सडक मर्मत | ३४००४९ | ३३५१२० | २८६०७१ | ३३७९३५ |
| ९९।२०८०।१२।२७ | वडाकार्यालयल हुदै बलामी हात्तिपाईले सडक निर्माण | ३३९०९९ | ३३७६९० | २८९५९१ | ३३७९३५ |
| १०४।२०८०।१२।२८ | धुसीबासघारी सडक ट्र्याक ओपन | ५६५३०८ | ५६४९३९ | ४८४६३१ | ५५०७४० |
| १०५।२०८१।१।२ | खहरेकप्सेरी कृषि सडक | ४५५०५६ | ४५४४४६ | ३८७३९० | ४४८०१६ |
| १०९।२०८०।१।४ | तल्लोआम्डाँडा लामाटार सडक | ४५२३७२ | ४५२१२८ | ३८७७५६ | ४६९११० |
| ११२।२०८१।१।४ | गोदामसडक ट्र्याक ओपन | ४५२०७३ | ४४६१५६ | ३८२०८२ | ४५१०८५ |
| ११५।२०८१।१।१ | अमलेकृषि सडक | २८२५८२ | २८१२०५ | २४११२२ | २८४६९२ |
| १२३।२०८१।१।१६ | रिङ्साईदेखि देशेडाँडा हुदै खुम्लेबारी सडक निर्माण | ३३९३३७ | ३३९५४२ | २९१००० | ३३१९१३ |
| १२४।२०८१।१।१६ | ओखल्चे भुमिथा सडक निर्माण | ४५२२५८ | ४२६८१२ | ३६२५५४ | ३८९२३२ |
| १२७।२०८१।१।२५ | आईबुङ्सडक मर्मत | ५११६१८ | ५१०६७७ | ४३५५५८ | ५००४२३ |
| १२८।२०८१।१।२५ | नामतालिङ्कृषि सडक | ४५२११६ | ४४४८७५ | ३८०७५९ | ४४२४८९ |
| १३२।२०८१।१।२६ | कटहरेखेलकुद मैदान निर्माण | ३३९८५५ | ३३१३३९ | २८२४८४ | ३४५१९६ |
| १५३।२०८१।२।२ | पुरानोगाउँबागुने कृषि सडक निर्माण | ५६८४०० | ५६६३१८ | ४८२९१८ | ५५१८६४ |
| १५५।२०८१।२।३ | सुकुभञयाङ्गदोखरी सडक | ५६५४४७ | ५०५२२८ | ४२४७८१ | ५५४६९९ |
| १६०।२०८१।२।१६ | साजिखोरियापुरानोगाउँ कृषि सडक | ४५२३९२ | ४५२१३४ | ३८७७४२ | ४४३६१४ |
| १७९।२०८१।२।२५ | टकुवाहोतपुर पोटवाङ्ग सडक मर्मत | २२९४६५ | २२८१२३ | १८८०५२ | २१७५१८ |
| १८५।२०८१।३।३ | गीमदीआलडाँडा सडक निर्माण | ४५२४९१ | ४४४१३० | ३७९६३९ | ४५३१३२ |
| १८९।२०८१।३।९ | कुवापीमसेरी गैरीटोल सडक | ५६८४०० | ५६७५५ | ४८४१५५ | ५६८७१३ |
| जम्मा | | | | ७७०८०८२ | |

३७ **जडानको प्रमाण पेश नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका देहायबमोजिमका खानेपानी पाइप तथा तारजाली सामाग्रीको कुन ठाउँमा उपयोग भएको देखिने

गरी विस्तृत जडान सहितको प्राविधिक मूल्यांकन अनुगमन सम्बन्धि कागजात समेत नराखेकोले खरिद मालसामान प्रयोग भएको, वितरण भएको एवं त्यसवाट लक्षित व्यक्तिलाई फाइदा पुगेको अनुगमन प्रतिवेदन सहितको प्रमाण पेश हुनपर्ने रु.

| भौ.नं. | योजना | आपुर्तिकर्ता | पाइपको विवरण | भुक्तानी रु |
|---|---|---|---|---|
| ४२।२०८०।११।९ | खानेपानी पाइप योजना उ.स. बाट पाइप खरिद | नमो नारायणी सप्लायर्स | 20 mm/PN 16, 6300 m | ४१९६९४ |
| | | | 25 mm/PN 16, 1200 m | |
| | | | 50 mm/PN 16, 140 m | |
| ७४।२०८०।१२।०६ | कैलाश ५ खानेपानी उ.स. बाट पाइप खरिद | निशा एण्ड ट्रेडिङ्ग जनरल सप्लायर्स | 20 mm/PN 16, 3600 m | ३१३९३२ |
| | | | 25 mm/PN 16, 2000 m | |
| ११६।२०८१।१।९ | खानेपानी मर्मत तथा पाईप खरिद | निशा एण्ड ट्रेडिङ्ग जनरल सप्लायर्स | 32 mm/PN 16, 400 m | २५९२४८ |
| | | | 25 mm/PN 16, 1400 m | |
| | | | 20 mm/PN 16, 2400 m | |
| १६८।२०८१।२।१८ | ह्युमपाइप खरिद | नेपाल ह्युमपाइप मेनुफेकक्चर्स प्रा.लि | NP3- 900 mm, 2.5 m | १८७५८० |
| १९४।२०८१।२।१२ | खानेपानी पाइप खरिद | दाजु भाई टेड्रर्स | 20 mm/PN 16, 4400 m | ५२२६७८ |
| | | | 25 mm/PN 16, 2500 m | |
| | | | 32 mm/PN 12.5, 750 m | |
| | | | 40 mm/PN 10, 400 m | |
| | | | 90 mm/PN 10, 100 m | |
| २०३।२०८१।३।२० | जाली खरिद | न्यू शिवशक्ति सप्लायर्स | | ५०३०७ |
| संघीय पुँजीगत तर्फ | | | | |
| १३।२०८१।२।१७ | पाइप खरिद | संगम बहुउद्देश्यीय कृषि फर्म | 20 mm/PN 16, 5200 m | १२२१६२ |
| १४।२०८१।२।१७ | पाइप खरिद | गुराँस बहुउद्देश्यीय कृषि फर्म | 25 mm/PN 16, 3100 m | ११२२३६ |
| १६।२०८१।३।१७ | पाइप खरिद | नमो बुद्ध कृषि फर्म | 20 mm/PN 16, 5200 m | १३५८०० |
| १७।२०८१।३।५ | पाइप खरिद | कुवापानी कृषिक समुह | 20 mm/PN 16, 6000 m | १४०९५६ |
| जम्मा | | | | २२६४५९३ |
| | | | प्रमाण पेश नगरेको | २२,६४,५९३ |

३८ **फर्निचर र सोलार सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्ने भनी विगत वर्षमा समेत प्रतिवेदनहरुमा उल्लेख भएकोमा कार्यालयले यो वर्ष समेत प्रतिस्पर्धा नगराई खर्च गरेको छ ।यस सम्बन्धमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याएको छ । यसरी प्याकेज नगरी पटक पटक सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गएको र मुल्य समेत अनियन्त्रित हुने अवस्था रहेकोले पालिकाले अधिकतम प्रतिस्पर्धा कायम हुने गरी खरिद प्रक्रिया अपनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं. | योजना | आपुर्तिकर्ता | भुक्तानी रु |
|---|---|---|---|
| ३६।२०८०।१०।२१ | फर्निचर खरिद | न्यू सजावट एण्ड | ९८७४३० |
| ५०।२०८०।११।४ | | कस्मो फर्निचर उद्योग | ३२१०२२ |
| १६९।२०८१।२।२१ | | कस्मो फर्निचर उद्योग | ९९५१९ |
| १९०।२०८१।३।९ | | टिपिकल स्टिल इण्डष्ट्रिज | २४७११८ |
| | | श्री सत्य साई फर्निचर | |
| | | न्यू त्रिवेणी सप्लायर्स | |
| २०४।२०८१।३।२० | | न्यु त्रिवेणी सप्लायर्स | ३९८१० |
| जम्मा (क) | | | १६९४८९९ |
| ११८।२०८१।१।१० | सोलार खरिद | ग्लोबल मिडिया एण्ड मल्टीपल बिजनेश प्रा लि | ९९४९०८ |
| ११९।२०८१।१।१० | सोलार खरिद | ब्लु फायर मल्टिप्रपोज कम्पनि प्रा लि | १७५१५० |
| जम्मा (ख) | | | ११७००५८ |
| कुल जम्मा | | | २८६४९५७ |

## ३९ खरिद व्यवस्थापन

यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् :

**(क) बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

**(ख) खरिद कारवाही अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

**(ग) ठेक्का अभिलेख :** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४० **उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनामा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

४१ **चेनेज नखुलेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस बर्ष कार्यालयले संचालन गरेका कुनै पनि सडक निर्माण तथा Structure हरुको कार्य गराउदा चेनेज उल्लेख गरेको छैन । केहि योजनामा चेनेज उल्लेख गरेको भएता पनि शुरु प्वाइन्ट (0+000) कुन स्थान हो सो खुलाएको छैन, जसले गर्दा विगत वर्षहरुमा सोही सडकमा कार्य गरेको हुन सक्ने र दोहोर समेत पर्न सक्ने देखियो । अतः कार्यालयले सडकहरुमा कार्य गर्दा चेनेज उल्लेख गरी कार्य गर्नु पर्दछ । यसरी निर्माण कार्यको विस्तृत रुपमा चेनेज खुलाएर प्राविधिक मूल्याङ्कन नगरी एक मुष्ठ लम्पसम लम्बाई, चौडाई तथा उचाई उल्लेख गरी प्राविधिक मूल्याकन गरेको हुँदा प्राविधिकबाट फिल्डमा गएर निर्माण कार्यको नापजाँच भएको भनि यकिन गर्न सकिएन ।नमुना परिक्षणबाट देहायअनुसारका निर्माण कार्यहरुको फाइल परिक्षण गरिएकोमा देहायअनुसारको चेनेज खुलाई प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. | योजना | सम्झौता रु. | कार्यसम्पन्न रु. | भुक्तानी रु |
|---|---|---|---|---|
| ८।२०८०।६।३२ | वडा नं २ आपतकाली बाटो मर्मत | २३००८० | २३६९३३ | २०१७६० |
| १३।२०८०।७।२३ | सडक सरसफाइ कैलाश १० | २२६२८७ | २१०६०२ | १७८३१४ |
| २१।२०८०।८।२७ | कैलाश ८ शाखा सडक मर्मत | ६७८२३२ | ६४०३१५ | ५४४०८३ |
| २७।२०९०।९।१७ | कैलाश ६ शाखा सडक मर्मत | २८४२६९ | २८०८६२ | २३९०९२ |
| ५९।२०८०।९।२० | कैलाश ३ शाखा सडक मर्मत | ९३८३४९ | ८८५०२६ | ७५१७८७ |
| ७८।२०८०।१२।९ | कैलाश ८ सडक मर्मत | ५६५१३८ | ५६६२४६ | ४८४००० |
| जम्मा | | | | २३९९०३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,९९,०३६ |

४२ **घटीमा कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावलीको नियम १२४ मा सम्झौता अनुसार अन्तिम विल भुक्तानी गर्नुपर्ने तथा नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका उपभोक्ता समितिसंग सम्झौता गरेकोमा लागत अनुमान भन्दा उल्लेख्य घटीकाम गराइ कार्यसम्पन्न गरी योजना फरफारक गरेको देखियो ।समयमा तोकिएको काम नगर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाउने सार्वजनिक खरिद नियमावलीको नियम ९७ को प्रावधान लागु नगरी फरफारक गरेको उपयुक्त देखिएन। कार्यालयले प्रथम वा

दोश्रो त्रैमासिक मै सम्झौता गरी समयमा नै सम्झौता अनुसार कार्य पूरा गराई मात्र भुक्तानी दिनुपर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | उपभोक्ता समिति | सम्झौता रु. | कार्यसम्पन्नरु. | भुक्तानीरु. | सम्झौताको तलुनामा कार्यसम्पन्न (प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | निलकण्ठमहादेव मन्दिर निर्माण उ.स. | ३३०२०० | २७१८४५ | २३२६४५ | ८२.३३ |
| २ | डुम्रेगार्खाल सडक उ.स. | ५५०६८१ | ४६००३५ | ३९४३५४ | ८३.५४ |
| ३ | सुकुभञ्ज्याङदेखारी सडक उ.स. | ५५५०४५ | ४९०२२९ | ४२४७८१ | ८८.३२ |
| ४ | डाँडाटोलभुन्टेडाँडा हुदै कैलाश जोड्ने सडक उ.स. | ५५५०९१ | ४८९६१८ | ४२३७०७ | ८८.२० |
| ५ | अस्पतालजाने बाटो स्तरोन्नती तथा मर्मत सुधार उ.स. | १६५१५५३ | ६८२१९५ | २८४१६६ | ४१.३१ |
| ६ | आपतकालिनसडक मर्मत कैलाश-०२ | १८३७०८ | १६३४६२ | १४२३७६ | ८८.९८ |

४३ **सार्वजनिक परिक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको एकिन हुन सकिएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

४४ **उपभोक्ता समितिको म्यादथपः**

पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

४५ **उपभोक्ता समितिका वील भरपाईहरुः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट उपभोक्ता समिती मार्फत संचालित निर्माण कार्यको को प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/बढि परिमाण देखिएकोले पालिकाले सो सम्बन्धमा एकिन गर्नुपर्दछ ।

उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मुल्य अभिवृद्धि कर सहितको जिल्ला दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढि दरमा मूल्याङ्कन हुँदा

उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ ।कार्यालयले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।

४६ **सामुदायिक भवन निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राही समुहले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ ।त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसंग भवन तथा अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना निर्माण हुने निर्माण स्थलको जग्गाको स्वामित्व सरकारी तथा सार्वजनिक भएको सम्बन्धमा एकिन गरेको देखिएन । जग्गाको स्वामित्व सम्बन्धमा कागजात माग गर्दा सोको प्रमाण पेश भएन । पालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वियन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वियन गरी पालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ । पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसंग समन्वय गरेर मात्र निर्माण कार्यको सम्झौता गर्नुपर्दछ ।केही उदाहरण देहायबमोजिम छन् ।

| क्र.सं. | योजना | सम्झौता रु. | कार्यसम्पन्न रु. | भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | सामुदायिक भवन निर्माण उपभोक्ता समिति | ४४०२१७ | ४३२७२९ | ३८०५१२ |
| २ | सामुदायिक भवन निर्माण धैराङ उ.स. | ६६४६९८ | ६६२७६० | ५८००६३ |
| ३ | सामुदायिक भवन निर्माण कैलाश-0९ | ३३३२७५ | ३३२४९४ | २९०७३८ |

४७ **सिमेन्ट घटी परिमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत काम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद ल्याएको बिल पेश गरेको तथा सो अनुसार खर्च सार्वजनिक गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | उपभोक्ता समिति | कार्यसम्पन्न अनुसार परिमाण | बिल अनुसार परिमाण | फरक | दर | फरकरु. |
|---|---|---|---|---|---|---|
| ४६।२०८०।११।०९ | जल्टार मोटरबाटो स्तरोन्नती | २१८ | १९० | २८ | ७०० | २२१४८ |
| ५४।२०८०।११।२० | घराङ्गटार काटानडाडा सडक स्तरिकरण | ९० | ७५ | १५ | ७०० | ११८६५ |
| १३७।२०८१।१।२७ | देवी थान गलेनी सिचाई योजना | १३४ | ९५ | ३९ | ७०० | ३०८४९ |
| जम्मा | | | | | | ६४८६२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **७९,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,८६२ |

४८ **बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा आईटम अनुसार प्रत्येक आईटमको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले निर्माण उपभोक्ता समितिलाई विभिन्न आईटमको दर विश्लेषणमा सडक विभाग र भवनको नर्म्स प्रयोग गरी स्वीकृत गरेकोमा तोकिएको दर भन्दा बदी दरमा भुक्तानी गरेको देखियो । यसरी बढी दरले भुक्तानी भएका देहायबमोजिम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| भौ.नं. | योजना | आईटम | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तनी दर | बढी दर रु | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ४८।२०८०।११।१ | एकीकृत नमुना बस्तिको रेलिङ् तथा स्लाब निर्माण उ.स | PCC 1:1.5:3 | ९.४३ | ११४६५ | १५५९६ | ४१३१ | ३८९५५ |
| २२।२०८१।३।२२ | भार्ता स्वास्थ्य चौकी वडा नं ८ भवन निर्माण उ.स | M20 for RCC | २० | १४३८० | १४४८८ | १०८ | २१७१ |
| | जम्मा | | | | | | ४११२६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,१२६ |

४९ **नाम्कालिङ् तिमालिङ् झोलङ्गेपुल**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

४९.१ **घटी योगदान :** नाम्कालिङ् तिमालिङ् झोलङ्गेपुल निर्माणका लागि झोलङ्गेपुल विकास आयोजनाको रु. ३७२७१८०(७३.७५%), गाउँपालिका अनुदान रु. ६५७८५६(१३%), जनश्रमदान रु. १०१२०८(२%) र सामाग्री अनुदान रु. ५७४१८७(११.३५%) गरी जम्मा रु ५०६०४३२ को विस्तृत आयोजना प्रतिवेदन तयार भई उपभोक्ता समितिमार्फत सम्पन्न गर्ने गरी मिति २०७८।१।२६ मा सम्झौता भई कार्यसम्पन्न गर्ने अवधि २०७८।३।२० रहेकोका प्रथम किस्ता वापत आ.व. २०७९।८० मा रु. ४५२४५४ भुक्तानी भएको देखिन्छ । तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेको उक्त आयोजनाको मिति २०७९।९।२८ को कार्यपालिकाको निर्णयानुसार २०८०।२।३० सम्म म्याद थप भएको देखियो । कार्यालयले मिति २०८०।२।२८ मा पुन: झोलङ्गेपुल विकास आयोजनाको रु. ५०३५९२८(७६.०१%), गाउँपालिका अनुदान रु. ८६१२४१(१३%), जनश्रमदान रु. १३२४९८(२%) र सामाग्री अनुदान रु. ५९५२३७(८.९९%) गरी जम्मा रु ६६२४९३६ को विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखिन्छ । पालिकाले उक्त निर्माण कार्यको उपभोक्ता समितिसँग गाउँपालिका झोलङ्गे पुल विकास कार्यक्रमबाट अनुदान रु. ३८६४९८१ र जनश्रमदान रु. १३२४९८ गरी जम्मा रु. ३९९७४८० मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा जम्मा रु. ४०५०६३४ को कार्यसम्पन्न भएको र कार्यलयबाट जम्मा रु. ३५४७८२० भुक्तानी गरेको छ । सम्झौतामा उल्लेख नभएको GI Steel Structure for Additional 5 span को रु. ५९६८१ को भुक्तानी गरेको देखिन्छ । सम्झौता बमोजिम कार्यसम्पन्न रु. ३९१८१३५ को १३ प्रतिशत बराबरको रु. ५०९३५७ पालिकाले योगदान गर्नुपर्नेरुमा जम्मा रु. ४३८८८० मात्र योगदान गरेको देखिएकोले घटी योगदान रु. ७०४७७ भएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७०,४७७ |

४९.२ **बढी भुक्तानी :** झोलङ्गे पुलको निर्माण कार्यमा प्राविधिक सहयोग गरेवापत पुल निर्माण लागतको ६ प्रतिशत सेवा शुल्क भुक्तानी गर्ने सम्झौता बमोजिम पालिकाले गो.भौ.नं. २४।२०८१।३।२२ बाट ग्रामीण जागरण र विकास संगठन नेपाललाई रु. ३५२७७६ भुक्तानी गरेको छ । पुल निर्माणको जम्मा कुल लागत रु. ३९१८१३५ को ६ प्रतिशत बरावरको रु. २३५०८८ भुक्तानी हुनुपर्ने रु. ३५२७७६ भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ११७६८८ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१७,६८८ |

५० **सडक बोर्ड तर्फ**

पालिकाले सडक बोर्ड सँगको साझेदारीमा सानो डाँडा खर्क हुदै कैलाश जोड्ने सडक योजनाका लागि पालिकाको रु. ४९०२२६, सडक बोर्डको रु. १९६१०६७ र जनश्रमदान रु. ४०००० गरी जम्मा रु. २८५१२९३ को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गर्ने गरी सम्झौता भएको देखिन्छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनामा कम्तिमा १० प्रतिशत जनश्रमदान हुने गरी सम्झौता गर्नुपर्नेमा जम्मा १.४ प्रतिशत मात्र जनश्रमदान गरेकोले घटी जनसहभागिता बाट कार्य गराएकोले निर्धारित सहभागिता प्राप्त हुन नसकेको रु. २४५१२९ अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४५,१२९ |

५१ **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यालयले खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नुपर्ने मा नगरेको, सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पालना नगराएको, सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण नगराएको, निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन नगरेको र सम्झौता कार्यान्वयनको अवस्थाको प्रतिवेदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने कार्य प्रभावकारी रुपमा गरेको देखिएन। तसर्थ यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

५२ **गुणस्तर परिक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का तथा उपभोक्ता समिति मार्फत निर्माण गराएका योजनाहरुको दिगोपनाको लागि गुणस्तर परिक्षणको व्यवस्था हुनु पर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री निर्माण कार्यको प्रयोगशाला परिक्षण गर्ने गराउने गरेको पाइएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

५३ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा उपभोक्ता समिति मार्फत भएका योजनामा ३ प्रतिशत र ठेक्का प्रकियाबाट भएका योजनामा भएको खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले यो वर्ष देहाय अनुसार कन्टिजेन्सी खर्च रु. ११४६३६५ लेखेको विवरण प्राप्त भएकोमा निर्माण कार्यमा समेत खर्च देखिएको छ । पालिकाले नगरी नहुने कार्यमा मात्र कन्टिन्जेन्सी खर्च गरी अन्य बजेट भएको शीर्षकमा समेत खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

| विवरण | खर्च रकम |
|---|---|
| ज्याला | ० |
| दैनिकभ्रमण खर्च | ० |
| इन्धन | ० |
| मर्मत | ० |
| मसलन्द | ० |
| खप्ने मालसामान खरिद | १७५११५० |
| निर्माणखर्च | ८६०४० |
| विविधखर्च | १०६६६१० |
| अन्य | ० |
| जम्मा | १३२७८०० |
| मु.अ.कर.र अग्रिम आयकर बाहेक निर्माण खर्च | ११४६३६५ |
| खर्चगर्न पाउने कन्टिन्जेन्सी | ५१३३००० |
| घटि/बढीकन्टिन्जेन्सी खर्च रकम | (३९८६६३५) |

५४ **वर्षान्तमा खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वियन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिक रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा बढी खरिद खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ ।

५५ **परामर्शः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) बमोजिम सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्नेतर्फ समेत विचार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई रु. ११९९४४५० भुक्तानी गरेको विवरण पेश गरेको छ । पालिकाले गत विगतमा परामर्श सेवा वापत गरेको खर्चको एकीकृत अभिलेख माग गरिएकोमा उपलब्ध गराएको छैन । यस सम्बन्धमामा देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन्।

| क्र.सं. | परामर्शदाताकोनाम | कार्यकोविवरण | लागतअनुमान | सम्झौतारकम | कार्यसम्पन्नरु. | यसवर्षको भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | सफ्टवयर हव नेपाल प्रा.लि., ललितपुर | कैलाश गाउँपालिका भएर बग्ने काली खोला, गोरंग्दी खोला र मनहरीखोलाका बगर क्षेत्र बाट ढुंगा, गिट्टी, रोडा तथा बालुवाको दिगो सङ्कलन/उत्खन्नकार्यको गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) | | ४९७२०० | ४९७२०० | ४९७२०० |
| २ | क्रिप्टि ईनोभेसन टेक्नोलिजि प्रा.लि.,पोखरा-०८, कास्की | लिक्चे खानेपानि बृहत योजना, कैलाश-०४ | | ९८४२३० | ९८४२३० | ९८४२३० |
| ३ | अल्फोन ईन्जिनियरिङ एण्ड एसोसिएट्स प्रा.लि., काठमाण्डौ | गाउँपालिकाको वस्ती विकास तथा भवन निर्माणसम्बन्धी विस्तृत मापदण्ड २०८० | | ४८७०३० | ४८७०३० | ४८७०३० |
| ४ | स्किल नोक्स प्रा.लि | विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना को प्रतिवेदन तयारगर्ने | ४९९७९९ | ४९७२०० | ४९७२०० | ४९७२०० |
| ६ | फोर जिइन्जिनियरिङ सोलुशन प्रा.ली. | डिलिटलभिलेज प्रोफाइल | | १९९४४५० | १९९४४५० | १९९४४५० |

(क) परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीको TIME Sheet वेगर भुक्तानी गरेको कार्य सम्झौता विपरित देखिएकोले सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको एकीन हुने अभिलेख प्रमाणित गरेर गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।

(ख) पालिकाले प्रत्येक वर्ष विभिन्न डिपिआर गरी परामर्श सेवामा खर्च गर्ने गरेकोमा निर्माण कार्य तर्फ सडक तर्फ पिच, ढलान तथा नाला सहितको डिपिआर रहेकोमा पालिकाले सोही अनुसार बजेट विनियोजन नगरी न्यून बजेट मात्र विनियोजन गरी सानो ठेक्का लगाई ग्राभेल तथा सववेशको कार्य मात्र गरेको उचित देखिएन । यसरी टुक्रे कार्य गरेको देखिदा डिपिआर खर्चको औचित्य देखिदैन । साथै डिपिआर गरिएका योजनाहरू कार्यान्वयन लगेको नदेखिएकोले यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

(ग) सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी गरी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ ।

(घ) परामर्शतदातालाई दिएको Terms of Reference मा Inception Report, Draft Report र Final Report पेश भएपछि मात्र भुक्तानी दिनुपर्ने उल्लेख भएकोमा Inception Report, Draft Report पेश भएको नदेखिएकोले यस तर्फ पालिकाले एकीन गरी सम्झौता अनुसार तोकिएको परिमाणमा रिपोर्ट प्रति पेश नभएकोमा कट्टी गरी भुक्तानी गर्नुपर्दछ ।

५६ **स्थानिय भत्ता**

नेपाल सरकार, अर्थ मन्त्रालयले च.नं. ५, मिति २०७१/४/२ मा जारी गरेको तलव तथा सुविधा सम्बन्धी पत्रमा स्थानिय भत्ता प्रयोजनको लागि स्थान बर्गिकरण गरी क, ख, ग, घ र ङ जिल्लाहरुको विभाजन गरेको छ । जसअनुसार मकवानपुर जिल्ला स्थानीय भत्ता प्राप्त गर्ने जिल्ला बर्गीकरणमा परेको देखिदैन । अर्थ मन्त्रालयको पुन च.नं. ६८, मिति २०७१।५।२ को परिपत्र अनुसार च.नं. ५, मिति २०७१।४।२ को परिपत्र कार्यान्वयन नगरी साविक बमोजिम नै स्थानीय भत्ता प्रदान गर्नुपर्ने उल्लेख छ । जसअनुसार सो भन्दा अगाडीको परिपत्र भन्नाले २०६६।४।९ को अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको परिपत्र क्रियाशिल हुने र सो अनुसार पनि मकवानपुर जिल्ला स्थानीय भत्ता प्राप्त गर्ने जिल्ला बर्गीकरणमा परेको देखिदैन । पालिकाले उल्लेखित व्यवस्था विपरित निम्न तहका कर्मचारीलाई तलबि विवरणसँगै देहायबमोजिमको दरमा स्थानीय भत्ता भुक्तानी गरेको सम्बन्धमा स्पष्ट कानूनी आधार र प्रमाण पेश गर्नुपर्ने रु.

| क्र. शं | तह | कर्मचारी संख्या | मासिक दर | बार्षिक रकम | खूद भूक्तानि |
|---|---|---|---|---|---|
| १ | अधिकृत तह | ३ | ८८०० | ३१६८०० | ३१३६३२ |
| २ | अधिकृत तह | १ | ८८०० | ३२२३५ | ३१९१३ |
| ३ | सहायक पाचौं र बरिष्ठ सहायक | १७ | ५५१० | ११२४०४० | १११२८०० |
| ४ | सहायक चौथो | ११ | ४६०० | ६०७२०० | ६०११२८ |
| ५ | कार्यालय सहायोगी | १ | ३५५० | ४२६०० | ४२१७४ |
| | जम्मा | ३३ | | २१२२८७५ | २१०१६४७ |

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,०१,६४७ |

५७ **सवारी नविकरण तथा विद्युत महसुल जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र नियमावली २०७७ को नियम ३९(११) बमोजिम सरकारी कारोवार गर्दा उचित गुणस्तर, मितव्ययी तथा हानीनोक्सानी नहुने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसारको विद्युत महशुल र सवारी साधन नवीकरण गर्दा जरिवाना वापत रु. १६२१४ जरिवाना भुक्तानी गरी थप व्ययभार पारेको देखिन्छ । विद्युत महसुल तथा सवारी नविकरण समयमै गरी यस्तो खर्च रकम नियन्त्रण तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं र मिति | विवरण | जरिवाना रकम रु |
|---|---|---|
| १८०-२०८०/१०/२१ | विद्युत | ६००७ |
| २०२-२०८०/१०/२१ | विद्युमत महसुल भुक्तानी | ८९०७ |
| २४६-२०८०/११/१४ | सवारी नविकरण जरिवाना | १३०० |

५८ **विदाको समयमा बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **पालिकाबाट भ्रमण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र नियमावली २०७७ को नियम ३९(११) बमोजिम सरकारी कारोवार गर्दा उचित गुणस्तर, मितव्ययि तथा हानीनोक्सानी नहुने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका कार्यक्रममा अध्ययन अवलोकन तथा भ्रमण वापत खर्च लेखेकोमा भ्रमणबाट प्राप्त सिकाई तथा उपलब्धिको सम्बन्धमा मुल्यांकन गरी गरेको देखिदैन । अध्ययन अवलोकन तथा भ्रमणबाट प्राप्त सिकाईको सम्बन्धमा मुल्यांकन गर्ने संयत्रको तर्जुमा गरी त्यसलाई सेवाप्रवाहमा उपयोग गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ४६७-२०८१/२/२१ | न्यायिक समिति र मेलमिलापकर्ता भ्रमण | ३००००० | दिन न्यायिक समिति सदस्य र मेलमिलापकर्ताहरुको दोलखा भ्रमण ४ |
| ४६५-२०८१/२/२१ | प्रधानाध्यापक प्रमण | ३००००० | विभिन्न विद्यालयहरुको शैक्षिक भ्रमण |

६० **अनुगमन भत्ताः**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१०१,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

६१ **फरफारक तथा अनुगमन समितिको भत्ता**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **९२,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

६२ **मसलन्द सामाग्री सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने ब्यवस्था छ। नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्ने भनी विगत वर्षमा समेत प्रतिवेदनहरुमा उल्लेख भएकोमा अध्यापी सुधार भएको पाइएन । पालिकाले यस वर्ष पालिका तर्फ मसलन्द सामाग्री खरिदको लागि रु ४० लाख र वडा कार्यालयहरुको लागि रु ७ लाख गरी जम्मा ४७ लाख विनियोजन गरी रु ४६९३००३ खर्च भएको देखिन्छ । खर्च गर्दा उल्लेखित कानूनी व्यवस्थाको पालना गरेको छैन साथै सबै मसलन्द सामान सोझै खरिद गरेको छ । जसमा २० हजार भन्दा वढी भुक्तानी भएको विवरण देहायअनुसार छन् । इविड गरि प्रतिस्पर्धा गराई आवश्यक मसलन्द सामाग्री खरिद गर्ने व्यवस्था हुनुपर्दछ ।

| मिति | भौचर नं | शिर्षक | विवरण | रकम |
|---|---|---|---|---|
| ०६/२४/२०८० | ६१ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सामानको विल रकम भुक्तानी । - | ४९३८५६ |
| ०७/२०/२०८० | ८० | मसलन्द तथा कार्यालय सामाग्री | विभिन्न विल रकम भुक्तानी । - | ९९२१४ |
| ०७/२०/२०८० | ८१ | मसलन्द तथा कार्यालय सामाग्री | विल रकम भुक्तानी । - | २४५०० |
| ०७/२०/२०८० | ८१ | मसलन्द तथा कार्यालय सामाग्री | विल रकम भुक्तानी । - | १२६४९९ |
| ०८/२१/२०८० | १०७ | मसलन्द तथा कार्यालय सामाग्री | प्रिन्टर खरिदको विल रकम भुक्तानी । - | ७११९० |
| १०/१०/२०८० | १७४ | मसलन्द तथा कार्यालय सामाग्री | वडा कार्यालय तथा कार्यालयमा सामान खरिदको विल रकम भुक्तानी । - | ४३६००० |
| १०/२१/२०८० | १७७ | मसलन्द तथा कार्यालय सामाग्री | विविध मसलन्द तथा मर्मतको विल भुक्तानी । - | २४६०० |
| १०/२१/२०८० | १८५ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय समान खरिदको विल भुक्तानी । - | १८५९९८ |
| १०/२१/२०८० | १८५ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय समान खरिदको विल भुक्तानी । - | ५०६८२८ |
| १०/२१/२०८० | १८६ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय समान खरिदको विल रकम भुक्तानी । - | ७५९८१५ |
| १२/१४/२०८० | ३३१ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालयमा आवस्यक समान खरिदको विल भुक्तानी । - | ५१७५५ |
| १२/१४/२०८० | ३३१ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालयमा आवस्यक समान खरिदको विल भुक्तानी । - | २९४०८ |
| १२/१४/२०८० | ३३१ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालयमा आवस्यक समान खरिदको विल भुक्तानी । - | १९२७७८ |
| ०१/१०/२०८१ | ३६६ | मसलन्द तथा कार्यालय सामाग्री | छपाइ तथा कार्यालय सामान खरिदको विल भुक्तानी । - | ९९८४६ |
| ०१/३१/२०८१ | ४३१ | मसलन्द तथा कार्यालय सामाग्री | सामान खरिदको विल भुक्तानी । - | ३६८१२ |
| ०३/०४/२०८१ | ५१५ | मसलन्द तथा कार्यालय सामाग्री | सामान खरिदको विल भुक्तानी । - | ४६९१५९ |
| ०३/२१/२०८१ | ६३२ | मसलन्द तथा कार्यालय सामाग्री | सामान खरिदको विल भुक्तानी । - | २६७०८२ |

६३ **शुन्य प्रगति भएका खर्च शिर्षक**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को उपदफा १ मा उपाध्यक्ष/उप प्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था रहेको छ । यसले आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेटको अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने लगायतको विषय उल्लेख भएको छ । पालिकाबाट बजेट तर्जुमा गर्दा पालिकाको आवश्यकता तथा खर्च गर्न सक्ने क्षमताको आधारमा आधारमा बजेट निर्माण गर्नुपर्नेमा सो अनुसार नगरेकोले पालिकाले बजेट विनियोजन गरेको देहाय बमोजिमको कार्यक्रम खर्च भएको पाइएन । पालिकाले बिनियोजन भएको बजेट पुरै खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम रु |
|---|---|---|
| १ | कोपोमिस तालिम | २००००० |
| २ | स्थानीय पाठ्यक्रम स्रोतसाग्री | ७००००० |
| ३ | जातिय छुवाछुत अन्त्यका लागि सचेतना मुलक कार्यक्रम | २००००० |
| ४ | सामाजिक लेखा परिक्षण | २००००० |
| ५ | कृषक समूह व्यवस्थापन तथा लेखा व्यवस्थापन (कैलाश ९ र १०) | ८५००० |
| ६ | नवप्रवर्तनमा आधारित स्थानीय आर्थीक विकास कार्यक्रम | १२५००० |
| ७ | फोहोर मैला व्यवस्थापन | २००००० |
| ८ | कृषक सूचिकरण कार्यक्रम | १००००० |
| ९ | बर्षे घाँस बिरुवा/विउँ/बेर्ना/सेट्स वितरण कार्यक्रम(गा.पा. स्तरिय) | १००००० |
| जम्मा | | १९१०००० |

## ६४ वितरणमुखी कार्यक्रम

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । पालिकाले एकातर्फ सामाजिक लेखापरीक्षण, नवप्रवर्तनमा आधारित स्थानिय आर्थिक विकास र कृषकको लागि उपयोगी अन्य कार्यक्रम सञ्चालन गरेको छैन भने अर्को तर्फ देहायअनुसारका वितरणमुखी कृयाकलाप समेत सञ्चालन गरेको देखिन्छ । यसबाट पालिकाले वितरणमुखी अनुत्पादक एवं लोकप्रिय कार्यक्रमलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरेको देहायको विवरणबाट देखिन्छ ।

| क्र.सं. | कार्यक्रम | विनियोजन | खर्च | खर्चप्रतिशत |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिकहरुलाईन्यानो ब्ल्याङकेट र हर्लिक्स वितरण कार्यक्रम | २५०००० | २४७५८३ | ९९ |
| २ | अध्यक्ष संग बिपन्नकार्यक्रम | ४००००० | ३४०००० | ८५ |
| ३ | शहिद परिवारको लागिजिविको पार्जन कार्यक्रम | १५०००० | १३६६८८ | ९१ |
| ४ | चेली प्रोत्साहनकार्यक्रम | ६००००० | २४०००० | ४० |
| ५ | सुत्केरी प्रोत्साहनकार्यक्रम | ३००००० | १५८००० | ५३ |
| ६ | अन्य संस्थालाईअनुदान | १२०००० | २०००० | १७ |
| ७ | सामाजिक सुरक्षा | ५००००० | ११२४१५ | २२ |
| ८ | अन्य सहायता सम्मानतथा पुरस्कार | ३००००० | १५५००० | ५२ |
| ९ | स्वास्थ्य बिमा | १८००००० | १०५०००० | ५८ |
| १० | अन्य सामाजिकसुरक्षा | ६००००० | ४२६५७० | ७१ |
| | जम्मा | ६८२०००० | ४६०३६८४ | |

## ६५ एम्बुलेन्सको प्रयोग

पालिकाले वडा नं १,२, ५,६ को लागि एउटा र ३,४,७,८,९, १० वडाको लागि एउटा गरि २ वटा एम्बुलेन्स प्रयोग गरेको छ । सुत्केरीको लागि उद्दार गर्ने बाहेक अन्य कार्यमा प्रयोग भएको खण्डमा आर्थिक ऐनमा तोकेको दरमा शुल्क अशुल गर्ने उद्देश्यले आर्थिक ऐनमा व्यवस्था छ । यो वर्ष २ वटा एम्बुलेन्सको आम्दानी रु.२७०९००।– रहेको छ भने मर्मत तथा इन्धन खर्चको छुट्टै अभिलेख नराखेको कारण एम्बुलेन्सको आम्दानी र खर्च विच तुलना गरि विश्लेषण गर्न सकिएन । अभिलेख नराखी खर्च लेख्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

६६ **टिप्पर र जे.सि.भि. को प्रयोग**

पालिकामा १ थान टिप्पर र जे.सि.भि (व्याक हो लोडर) रहेको छ । विगतमा कार्यपालिकाको निर्णय अनुसार उपभोक्ता समिति लगायतलाई भाडामा लगाउने उद्देश्य लिइएको थियो तर ती साधनबाट के कस्तो आम्दानी प्राप्त भएकोछ। र ती साधनमा के कस्तो कति खर्च गरियो भनि बालिकाले अभिलेख नराखेको कारण थप विश्लेषण गर्न सकिएन । विगतमा समेत यस सम्बन्धमा प्रतिवेदनमा उल्लेख गरेकोमा अवस्था यथावत रहेकोले अभिलेख नराखी खर्च लेख्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

६७ **चेली प्रोत्साहन कार्यक्रम**

कैलाश गाउँपालिकाले २०८०।८१ मा चेली प्रोत्साहन कार्यक्रमको लागि रु ६ लाख बिनियोजन भएकोमा राजश्व बाँडफाँडबाट स्रोत कायम गरि वर्षको अन्त सम्म रु २लाख ४० हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

६७.१ क) चेली प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि,२०७९ अनुसार २० वर्ष उमेर भइ विवाह गरेका प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेका पालिकाका नागरिकले २०७९।८० मा विवाह गरेका छोरीहरुलाई एकमुष्ट रु.२० हजारका दरले भुक्तानी दिने उल्लेख छ । सो अनुसार कार्यालयले चेलीबेटी प्रोत्साहनका लागि कोष खडा गर्ने, कोषमा पालिका लगायतको स्रोत राख्ने, सो कोषको आय व्यय सार्वजनिक गर्ने, कोषबाट खर्च गर्ने, वडा अध्यक्षको अध्यक्षतामा अनुगमन मूल्याङ्कन समिति वनाउने र वार्षिक प्रगति प्रतिवेदन बनाउने उल्लेख छ । तर पालिकाले कोष स्थापना नगरी विनियोजन शिर्षकबाट सोझै खर्च लेखेको र कार्यविधिमा भएका अन्य व्यवस्था कार्यान्वियन गरेको छैन ।

६७.२ ख) चेली प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०७९ को दफा ५ मा २० वर्ष उमेर पुरा भइ बिवाह गर्ने प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको २०७९।८० भित्र बिवाह भै विवाह दर्ता भएको र पहिलो विवाह भएको भनि वडाले दिएको सिफारिसको आधारमा प्रति चेली रु २० हजारमा २५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिने निर्णय भएकोमा २०८०।८१ मा बिवाह गरेका देहायका चेलीलाई यो वर्ष देहाय अनुसार भुक्तानी गरेकोले असुल गर्नुपर्ने देखिएको रु ............

| भौ.नं. र मिति | लाभान्वित चेलीको नाम | बिवाह गरेको मिति | विवाह दर्ता मिति | भुक्तानी रु. |
|---|---|---|---|---|
| २८२-०८०।११।१३ | गोमा थोकर<br>राममाया वि.क<br>पार्वती वर्तौला | २०८०।६।२४<br>२०८०।०८।२८<br>२०८०।०८।२४ | २०८०।०७।१४<br>२०८०।०९।१२<br>२०८०।०९।०६ | १५०००<br>१५०००<br>१५००० |
| ५६४-०८१।३।११ | सन्चिता गोले<br>सर्मिला विष्ट<br>सशिकला सिंतान<br>सर्मिला सुनार | २०८०।०८।२५<br>२०८०।११।०२<br>२०८१।१।२८<br>२०८०।११।२३ | २०८०।१०।१८<br>२०८०।११।१५<br>२०८१।०२।१३<br>२०८१।०१।१२ | १५०००<br>१५०००<br>१५०००<br>१५००० |
| जम्मा | | | | १०५००० |

| असुल गर्नुपर्ने | १,०५,००० |
|---|---|

६७.३ ग) २०७९।८० मा कार्यविधि ल्याएपछि हालको कक्षा १० पढेका व्यक्तिको लागि प्रोत्साहन गर्नुपर्नेमा पालिकाले पश्चगामी सोच राखी २०७९।८० मा विवाह गर्ने व्यक्तिको लागि मात्र कार्यक्रम ल्याएको उपयुक्त देखिएन । पालिकाले वालिका सशक्तिकरण गर्न र सचेतना

जगाउन विद्यालय तहबाट शुरु गर्नुपर्नेमा पहिलेनै प्रविणता प्रमाणपत्र तह उत्त्रिर्ण गरेका व्यक्तिलाइ मात्र लाभ पुग्ने गरी प्रोत्साहन गर्दा त्यसबाट उपयुक्त नतिजा प्राप्त हुन सक्ने देखिदैन।

६८ **अधिक मुल्यमा क्यालेन्डर छपाइ खर्चः**

नेपाल सरकार सुचना विभागको १२ पेजको रंगिन विभिन्न फोटो सहितको क्यालेन्डर प्रति गोटा रु ६०का दरले बजारमा विक्रिमा रहेको देखिन्छ।तर पालिकाले यो वर्ष १२ पेजको (रंगिन) प्रति क्यालेन्डर रु २४०.९१ दरमा १५०० गोटा छपाइ गरी गाउँपालिकाको प्रशासनिक एवं शैक्षिक पात्रो निर्माण बापत बर्णमाला क्रियसन एण्ड प्रिन्टिङ सपोर्टलाई गो.भौ.नं. ६३४-०८१।०३।२१ बाट रु. ३६१३७४ भुक्तानी गरेको छ।यसरी नेपाल सरकारले तयार गरेको क्यालेन्डरभन्दा पालिकाले तयार गरेको क्यालेन्डर अश्वाभाविक बढी मुल्य पर्न गएको उपयुक्त देखिएन ।

६९ **वर्ण शंकर धानको बिउ बितरण (गो.भौ.नं. ६०७ ०८१-३-१७)**

प्रति किलो रु. ५४० को दरले पशुपंक्षी औषधी तथा खेती सेवा पसल (३००२७८७३०) बाट ५७५ किलो खरिद गरि कृषकलाइ वितरण गरेको देखिन्छ । निज फर्म मुल्य अभिवृद्धि करमा दर्ता भएकोले निजबाट भ्याट नलाग्ने सामान उल्लेख गरी कर विजक जारी हुनुपर्नेमा सो वेगर स्थायी लेखा नम्वर मात्र भएको अलग विजक जारी गरेको छ । त्यसंगरी उक्त विउ महाकाल कृषक समूह, विलौने महिला कृषक समूह, नमोबुद्ध कृषक समूह र पाख्रे कृयाशिल महिला कृषक समूहको कृषकको लागि वितरण भएकेकोमा कतिपय भर्पाइमा मोवाइल नं नराखेकोले वास्तविक खेत भएका कृषकले नै धानको विउ बुझेको भन्न सकिने अवस्था देखिएन ।

७० **स्वास्थ्य विमाः (गो.भौ.नं. ६३९ -०८१।३।२१)**

मकवानपुर जिल्लामा घर परिवार सर्भे भै गरिवी परिचयपत्र वितरण भै सकेको छ । पालिकाले यो वर्ष वडा नं. २,३,४,५,८ र ९ वडाका प्रति वडाका ५० जनाको दरले परिवारको (प्रति परिवार ५ जनाको) लागि वार्षिक रु.३५०० का दरले यो वर्ष कुल ३०० परिवारको लागि रु.१०५००००।– खर्च लेखेको छ । यसरी खर्च लेख्दा गरिव तथा असमर्थ परिवार गरिबी परिपत्र अनुसार नछुट्याइ संख्या अनुसार एकमुष्ट विनियोजन गरी खर्च लेखेको गर्दा लक्षित वर्गको किटानी गरि आर्थिक अवस्था कमजोर भएको र विपन्न बर्गले थप लाभान्वित हुने देखिएन ।

७१ **पालिकाको डिजिटल प्रोफाइल**

पालिकाको डिजिटल प्रोफाइल तयार गर्न जी फोर इन्जिनियरिङ कन्सल्टेन्सी सँग खुला दर माग गरी २०८०।०७।१४ मा ३ महिना भित्र सम्पन्न गर्नेगरि डिजिटल भिलेज प्रोफाइल बापत फोर जी इन्जिनियरिङ सोलुशन प्रा.लि लाई गो.भौ.नं. २६४-०८०।११।१७ बाट रु.१९९४४५० भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

क) पालिकाले स्थापना पछि पालिका प्रोफाइल बनाएकोमा सो को प्रयोग भएको थिएन । यस्तो अवस्थामा राजश्व बाँडफाँडबाट प्राप्त रकमबाट डिजिटल प्रोफाइल बापत परामर्श सेवाबाट खर्च गर्ने गरि भुक्तानी गरेकोले खर्चको औचित्य र प्रभावकारीता देखिएन

ख) सम्झौता अनुसार परामर्शदाताले पेश गरेको कार्य तालिका अनुसार ३ महिना भित्र कार्य सम्पन्न गर्ने उल्लेख छ । जस अनुसार प्रथम महिनाको दोस्रो हप्तामा Inception Report, तेस्रो महिनाको दोस्रो हप्ता भित्र ड्राफ्ट प्रतिवेदन अन्तिम प्रतिवेदन र तेस्रो महिनाको अन्तिम हप्ता भित्र पेश गर्ने उल्लेख छ । त्यसै गरि मुख्य एक्सपर्टको इनपुट घरबाट र फिल्डमा गरी अधिकतम ३ दिन उल्लेख छ । Work Schedule and Planning for Deliverables मा मुख्य विशेषज्ञ बाहेक अन्यको संलग्नता कति दिन हुने उल्लेख छैन । यसले गर्दा सूचना संकलन वर्गिकरणको कार्य Secondary Data बाट गरेको देखिन्छ । मुख्य विशेषज्ञको प्रतिदिन पारिश्रमिक कति हो खुलेको छैन । यसको नर्म्स समेत स्पष्ट देखिदैन । यस्तो अवस्थामा ८ जना व्यक्ति समावेश भइ कार्य गरेको उल्लेख गरेकोमा ३ जना व्यक्तिमात्र फिल्डमा खटिने उल्लेख गरेको छ । यसले गर्दा फोर जी इन्जिनियरिडले फिल्डबाट तथ्याङ्क संकलन गरेको भनि एकिन हुने अवस्था छैन ।

ग) ड्राफ्ट प्रतिवेदन पेश गरेको र त्यसमाथि छलफल गरेको देखिएन।छलफलबाट दिएको सुझाब अनुसार अन्तिम प्रतिवेदन दिने र सम्बन्धित कर्मचारीलाई तालिम दिने काम भएको प्रमाण पेश नभएकोले सोको लागत अनुमान एवं प्रस्ताव दुबैमा लागत एकिन नभएकोले यसबाट बढी भुक्तानी हुन गएको सम्बन्धमा एकिन गरिनुपर्छ ।

७२ **आंशिक क्षेत्रगत कार्यक्रम सञ्चालन (गो.भौ.नं. ६१४-०८१-०३-१८ )**

कानुनी साक्षरता कार्यक्रम (बालबालिका जेष्ठ नागरिक अपाङ्गता किशोर किशोरी आदिको लागि कानूनी साक्षरता कार्यक्रम सञ्चालन गर्न ३ लाख बजेट विनियोजन भएकोमा पालिका ले वडा नं १ देखि १० वडा सम्मका माध्यमिक विद्यालय मध्ये ६ वटा विद्यालयका विद्यार्थी र शिक्षकलाई २०८१।२।२२ देखी २०८१।०२। २८ सम्म १ दिने कार्यक्रम संचालन गरेको देखिन्छ । यसरी जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति बालबालिका किसोर किसोरीको लागि भनि ब्यवस्था गरेता पनि न्यायिक समिति र त्यसको काम कर्तव्य र अधिकार सम्बन्धमा छलफल गर्ने गरी बजेट व्यवस्था भएकोमा आंशिक क्षेत्रको कार्य गराइ खर्च गरेको उपयुक्त देखिएन ।

७३ **प्रमाण पेश नगरेको**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **५६,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७४ **लार्भा नष्ट कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले गो.भौ.नं. २२।२०८०।९।१२ बाट लार्भा नष्ट गर्ने कार्यक्रमका लागि कृण कुमार यादवलाई रु. १९९४०० भुक्तानी गरेकोमा उक्त कार्यक्रम कुन ठाउँमा गरेको सो स्थान, समय, लाभान्वित नागरिक वा परिवार संख्या लगायत खुल्ने फोटो सहितको प्रमाण पेश नभएको र अभिलेख नखुलेको तथा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा एकिन नभएकोले कार्यक्रम सम्पन्न गरेको स्थान र सोबाट लक्षित बर्गलाई फाइदा पुगेको खुल्ने गरी सोको प्रमाण पेश गर्नुपर्दछ ।

७५ **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**

स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । साथै दफा ३ मा आन्तरिक लेखापरीकले औल्याएका कैफियत सम्बन्धि अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै समपरीक्षण गराउनुपर्नेछ भनी उल्लेख छ ।साथै आन्तरिक लेखापरीक्षण (कार्यविधि,) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनु पर्ने उल्लेख छ । आन्तरिक नियन्त्रण प्रणालीको महत्वपुर्ण पक्ष मानिएको आन्तरिक लेखापरीक्षणको कार्य प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण विधि र मापदण्ड तयार गरी त्यसको पद्दती र दृष्टिकोण निर्माण गरी लेखापरीक्षण योजना तथा कार्यक्रम निर्धारण गर्ने र सो अनुसार लेखापरीक्षण गर्नुपर्नेमा जोखिम निर्धारण गरी सो अनुसार लेखापरीक्षण गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भई हालसम्म फछ्र्यौट तथा संपरीक्षण नभएका व्यहोरा देहायबमोजिम छन् ।

७५.१ **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार संचालन ऐन २०७४ को विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानूनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालना नभएका र कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालना भएको देखियो। अत: पालना नभएका व्यवस्थाहरु र आंशिक रुपमा मात्र पालना भएका व्यवस्थाहरु सुधार गर्दै आगामी दिनमा लागू गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखियो। आन्तरिक नियन्त्रण प्रणाली चुस्त बनाउन निम्न व्यहोराहरु पालना गर्नुपर्ने देखिन्छ

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाई खरिद कार्यलाई प्रभावकारी बनाउनुपर्ने।

• अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालिन खर्च संरचना तयार भएको तर सो अनुरुप योजना तथा बजेट व्यवस्थापन नभएकोले सो अनुसार गर्नुपर्दछ ।

• संस्था दर्ता ऐन, २०७४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई कार्यविधि बनाई गर्नुपर्ने ।

• नागरिक बडापत्रमा सेवा प्रवाहको लागि लाग्ने दस्तुर, समय, जिम्मेवारी कर्मचारी किटान गरी प्रकाशन गरी गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी लगायत गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा राख्नुपर्ने।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७५.२ **अबण्डा बजेटः** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा अबण्ड बजेट नराखी आय व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले कार्यक्रम स्पष्ट नगरि भैपरी चालु तर्फ रु २० लाख र पूँजिगत तर्फ रु ४० लाख गरी रु ६० लाख अबण्डा राखेको छ । उक्त रकम विभिन्न मितिमा कार्यपालिकास्तरीय निर्णय गरेर १८ योजनाहरुमा खर्च गरेको देखिन्छ । अबण्ड बजेट राखेपछि बाँडफाँट गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७५.३ **लक्ष्य प्रगति :** पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले संचालन गरेका स्थानीय स्तर, जिल्ला स्तर तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरी लक्ष्य अनुसारको प्रगति समयमै प्राप्त गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| जम्मा योजना | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|
| | शुन्य प्रगति | २५ % प्रगति | ५० % प्रगति | ७५% प्रगति | १००% प्रगति | अमानतबाट |
| १०९ | ३ | ० | ० | ० | १०० | ६ |

७५.४ **आन्तरिक आय :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानुन अनुसार कर लगाउने तथा असुल गर्न सक्ने व्यवस्था रहेको छ। जस अनुसार गाउँपालिकाले यस वर्ष वडागत आम्दानी देहायबमोजिम छन् ।

| वडानं | आ.व २०८०/८१ मा संकलन भएको | दाखिलाभएको रकम | मौज्दात |
|---|---|---|---|
| १ | २३६४१० | v | - |
| २ | २६४६५५.९३ | २६४६५५.९३ | - |
| ३ | ३१८१२३.६ | ३१८१२३.६ | - |
| ४ | २९३३०६.२५ | २९३३०६.२५ | - |
| ५ | ३८९८४१ | ३८९८४१ | - |
| ६ | २३४६७५ | २३४६७५ | - |
| ७ | १७८७८५.६४ | १७८७८५.६४ | - |
| ८ | २७४४२६ | २७४४२६ | - |
| ९ | ४६७०८७.७५ | ४६७०८७.७५ | - |
| १० | ५४०९६०.५६ | ५४०९६०.५६ | - |
| **जम्मा** | ३११९८२७१.७३ | ३११९८२७१.७३ | |

७५.५ घर जग्गा बहाल कर : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था भए अनुसार यस गाउँपालिकाले यस आ.व. २०८०/८१ मा ४ लाख ३५ हजार रुपैयाँ असुल गरेको देखिन्छ। गाउँपालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरामा अधिवृद्धि गर्नुपर्ने देखिन्छ ।

७५.६ **घर जग्गाको लगत किताब :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावाली २०७७, परिच्छेद १० नियम १०२ मा प्रत्येक सरकारी कार्यालयले आफ्नो नाममा रहेको घर जग्गाको लागत तोकिएको ढाँचामा राख्नुपर्ने उल्लेख गरिएको छ। जसको लागि मलेप फारम नं ४१७ को व्यवस्था गरिएको छ। कार्यालयको घर जग्गाको विवरण व्यवस्थित गरी राखिएको नदेखिएकोले सो कुरा व्यवस्थित गर्नुपर्दछ।

७५.७ दहत्तर बहत्तर शुल्क : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ खण्ड घ (६) मा स्थानीय तहले आफ्नो स्थानीय क्षेत्रभित्रको ढुङ्गागिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्रकृतिक एंव खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न पाउने व्यवस्था र यस गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १६ अनुसुचि १५ बमोजिम यस गाउँपालिका क्षेत्र भित्रका नदिजन्य पदार्थको संकलन तथा निकासी कर संकलनको लागि विविध मितिमा ४ पटक सम्म सार्वजनिक बोलपत्र आह्वानको सूचना प्रकाशित गरेकोमा कुनै पनि फर्म / कम्पनीबाट सारभुत रुपमा बोलपत्र पेश नभएको देखिन्छ। गाउँपालिको आन्तरिक स्रोतको ६० प्रतिशत भाग ओगटेको यस राजस्व संकलन गर्न कार्यालयले समयमा नै ठेक्का सम्झौता हुने गरी कार्य गर्नुपर्ने देखिन्छ।

७५.८ **इन्धन वापतको रकम भुक्तानी:** कार्यालयबाट हेटौडाको शिवम् फ्युल सेन्टरबाट विभिन्न मितिमा कार्यालयमा रहेको स्कारपियो, बोलेरो, जे.सि.बि र ट्रिप्पर संचालनको लागि इन्धन प्रयोग गरे वापत रकम भुक्तानी दिएको भौचर लेखा परीक्षण गर्दा कार्यालयबाट कुन कुन समयमा के कति इन्धन माग गरिएको हो, माग बमोजिम के कति मात्रामा कार्यालयमा प्राप्त भएको, प्राप्त भएको इन्धन कुन कुन समयमा

कुन कुन प्रयोजनको लागि खर्च भयो, मौज्दात के कति मात्रामा रहेको छ सो कुन एकिन हुने कागजात संलग्न भएको देखिएन। तसर्थ कार्यालयले यस तर्फ व्यवस्थित गर्नुपर्दछ।

| गो.भौ.नं./ मिति | भुक्तानीको व्यहोरा | भुक्तानी भएको रकम |
|---|---|---|
| ९/२०८०/६/४ | कार्यालय प्रयोजन इन्धन वापत | ५२५९४३ |
| ५६/२०८०/६/२४ | कार्यालय प्रयोजन इन्धन वापत | ६५४१५१ |
| ७५/२०८०/७/२० | कार्यालय प्रयोजन इन्धन वापत | ४१३०३६ |
| १७१/२०८०/१०/९ | कार्यालय प्रयोजन इन्धन वापत | ३१७५१२ |
| २४३/०८०/११/१३ | कार्यालय प्रयोजन इन्धन वापत | ५१४४२७ |
| ३८०/०८१/०१/१७ | कार्यालय प्रयोजन इन्धन वापत | ५५११४९ |
| ४२७/०८१/१/३१ | कार्यालय प्रयोजन इन्धन वापत | १९५५६७ |
| ५१०/०८१/३/४ | कार्यालय प्रयोजन इन्धन वापत | २५४४४७ |

७५.९ **जडीबुटी, कवाडी, जीवजन्तु तथा निकासी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुहरुको व्यवसायिक उपयोग गरे वापत गाउँपालिकाले जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाउन पाउने व्यवस्था रहेको छ। गाउँपालिकाले आर्थिक ऐन, २०८० मा उक्त शीर्षकमा करका दरहरु निर्धारण गरेता पनि जडीबुटी निकासी कर वापत रु १ लाख १ हजार ८ सय ९१ रुपैंया मात्र कर असुल गरेको देखिन्छ। यस गाउँपालिका तरकारी पकेट क्षेत्र अन्तर्गत पर्ने र बर्षौनी गाउँपालिकाबाट करोडौंको तरकारी व्यापारीले निकासी गर्ने हुँदा गाउँपालिकाले गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमका दरमा निकासी कर संकलन गरी आन्तरिक आय वृद्धि गर्ने तर्फ पहल गर्नुपर्दछ।

७५.१० **आन्तरिक आय :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष२०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानखर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८,९५,२६,२४९.७८ | १,०४,९५,६९३.२८ | २.६९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.६९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७५.११ थप दस्तुर भुक्तानी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ र नियमावाली २०७७ को नियम ३९ (११) बमोजिम सरकारी कारोवार गर्दा गुणस्तर, मितव्ययी तथा हानी नोक्सानी नहुने प्रबन्ध मिलाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको भौचरबाट थप दस्तुर समेत रु ६००७.१७ बढि भुक्तानी गरेको देखिन्छ। पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ.नं/मिति | व्यहोरा | भुक्तानी लिने | थप दस्तुर |
|---|---|---|---|
| १८०/२०८०/१०/२१ | ३ नं वडा कार्यालयको विद्युत महशुल वापतको रकम भुक्तानी | शशिकला सिंतान | ६००७.१७ |

७५.१२

**गाडि भाडा :** आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाको विभिन्न काममा सवारी साधन भाडामा लिए वापत रकम भुक्तानी गरिएको देखिन्छ। भुक्तानी साथ ढुवानी साधनको तौल खुल्ने विवरण ढुवानी गरेको अवधि, नविकरण भएको बिलबुकको प्रतिलिपि साथै ढुवानी सम्झौता लगायत आवश्यक कागजात पेश बेगर भुक्तानी दिएको छ। साथै कार्यालयमा २ वटा गाडी रहेकोमा कार्यालय भित्रकै विभिन्न कार्यक्रमहरुमा गाडी भाडामा लिई खर्च गरेको देखिन्छ। तसर्थ कार्यालयले सवारी साधान भाडा खर्चमा मितव्ययी अपनाउने तर्फ ध्यान दिन आवश्यक छ।

७५.१३ अन्य निकाय खर्च : संघीय सरकार अन्तर्गतका निकायहरुको बजेट तथा कार्यक्रम संघीय सरकारबाट स्वीकृत भई निकासा भएको हुने गर्दछ। कार्यालयले गो. भौ. नं. २०० र २७० बाट डाँडाखर्क प्रहरी चौकीको सवरी साधन मर्मत वापतको खर्च रकम भनि रु ४१४१६.३७ रुपैंयाँ भुक्तानी दिएको छ। डाँडाखर्क प्रहरी चौकीको खर्च व्यवस्थापनको लागि संघीय सरकारबाट कार्यक्रम स्वीकृत भई बजेट निकासा हुने हुँदा संघीय कार्यालयको लागि खर्च लेख्न उपयुक्त देखिएन। यस्ता किसिमका अन्य निकायमा हुने खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

७५.१४ **बरबुझारथ :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरुवा, बढ्‍वा वा अवकाश वा अध्ययन विदा वा असाधारण विदा जस्ता लामो बिदामा बस्दा वा अन्य कुनै कारणले आफु कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अगल हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामन, वित्तीय कारोबारको स्रेस्ता तथा सार्वजनिक खरिदसंग सम्बन्धित कागजात र अन्य सरकारी कागजात, बेरुजु लगत तथा विद्युतीय प्रणाली संचालन सम्बन्धित पासवर्ड वा सोर्सकोड, लाइसेन्स र अन्य संकेत जस्ता सरकारी सम्पति वा स्रेस्ता हालवालालाई वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्नेछ भनि व्यवस्था गरेको छ। स्वास्थ्य संयोजक जगरनाथ प्रसाद शाह कार्यालयको रमाना च.नं १३२६ मिति २०८०/१०/१८ गते सरुवा भई जानुभएकोमा उहाँको नाममा रहेको १ थान फोटोकपी मेशिन (आ.व.२०७९/८० D२०५) नियमानुसार बरबुझारथ गरेको देखिएन। तसर्थ उक्त फोटोकपी मेसिन यथासिघ्र बरबुझारथ गर्नुपर्दछ ।

७५.१५ **कर कट्टी :** मुल्य अभिवृद्धि कर (चौविसौं संशोधन) नियमावली २०७९ को नियम ६ ग. मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। जस अन्तर्गत कार्यालयले पूँजिगत खर्च तर्फ मात्र आपूर्तिकर्ताहरुबाट विभिन्न सेवा खरिद गरे बापत आपुर्तिकर्तालाई मु.अ.कर रकमको तीस प्रतिशत कट्टा गरी बाँकी रहेको रकम मात्र भुक्तानी दिएको देखिन्छ। अत नियमानुसार चालु प्रकृतिको खरिद कार्यमा समेत मु.अ. कर कट्टा गरी भुक्तानी गर्नुपर्दछ।

७५.१६ **बढि भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयको गो. भौ. नं. ६ बाट विभिन्न ४ वटा फर्मलाई रु ४७३९६५ को अल्या भुक्तानी बाँकी भनेर खर्च भुक्तनी गरेकोमा भुक्तानी हुन बाँकी कच्चावारिमा जम्मा रु ४५९३७१ मात्र विनियोजन गरेकोमा बढि भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

७५.१७ **दुधालु गाई भैसी खरिद कार्यक्रम :** गाउँपालिकाले स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यालयले कृषि क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ। कार्यालयले विभिन्न समयमा गाउँपालिका भित्रका कृषकहरुलाई सहुलियतमा कृषिजन्य उपकरण, बिउ विजन तथा विभिन्न जातका पशुपंक्षीहरु अनुदान स्वरुप उपलब्ध गएको देखिन्छ। तर पालिकाले स्वीकृत कार्यक्रम अनुसार विगतमा पनि सोहि अनुसारको विभिन्न अनुदानहरु उपलब्ध गराएकोमा उपयोगको अवस्था र यसबाट परेको प्रभाव विश्लेषण गरिएको देखिएन। वर्षेणी समान किसिमको अनुदान मार्फत सामाग्री वितरण गर्दै जाने तर प्रभाव विश्लेषण नगर्ने भएकोले कार्यक्रमको प्रभावकारिता देखिएन।

पालिकाले तपसिलमा उल्लेखित कृषक समुहरुलाई निश्चित अनुदानमा दुधालु गाईभैसी खरिद गरी वितरण गरेको देखिन्छ। उक्त अनुदान बमोजिम के कति मात्रमा कृषक समूहले उत्पादन गरिएको छ, सो कुराको अनुगमन गरी औचित्यका आधारमा अनुदान रकम खर्च गर्नुपर्दछ।

| गो.भौ.नं र मिति | कृषक समुहको नाम | अनुदान रकम |
|---|---|---|
| ४७१/०८१/२/२२ | प्रगतिशील कृषक समुह | ६२२५० |
| ४७३/०८१/२/२२ | कुमारी बहुउद्देश्यीय कृषि फर्म | ६७२५० |
| ४८०/०८१/२/२२ | अर्गानिक कृषक समुह | ५७२२० |
| ४८१/०८१/२/२३ | गैरिखेत कृषक समुह | ६२२५० |
| ४८८/०८१/२/२३ | खोलाखेत कृषक समुह | ५२१९० |
| ४९६/०८१/३/२ | गोरिका एग्रीकल्चर प्रा.ली | ६२२५० |
| ४९७/०८१/३/२ | उर्ग्यान छेडुप कृषि समुह | ५२२५० |
| ५३४/०८१/३/६ | बरेटार बहुउद्देश्यीय कृषि फर्म | ६७२५० |
| ५५३/०८१/३/९ | शुभआरम्भ कृषक समुह | ६७२५० |

७५.१८ **अन्य निकायको भ्रमण खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। भ्रमण खर्च नियमावाली, २०६४ मा आफु कार्यरत कार्यालयबाट कार्यलयको कामको सिलसिलामा भ्रमण गरे वापत मात्र भ्रमण खर्च रकम भुक्तानि गर्ने व्यवस्था रहेको छ। गाउँपलिकाले विभिन्न मितिमा जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत कर्मचारीहरुको भ्रमण भत्ता वापतको रकम भुक्तानी गरेको देखिन्छ। कार्यालयले अन्य निकायको भ्रमण खर्च भुक्तानी गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

७५.१९ **फरक सेवा प्रदायकलाई भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट गो.भौ.नं. 7 मिति 2080/6/2 गते विभिन्न अल्या भुक्तानी खर्च शीर्षकबाट विश्व प्रिन्टिङ सोलुशन प्रा.ली.लाई 85880 भुक्तानी दिएकोमा संलग्न कार्यपालिकाको मिति 2080/4/26 को बैठकको निर्णयनुसार भुक्तानी दिन कच्चावारीमा उक्त फर्मको नाममा कुनै भुक्तानी दिन बाँकि नरहेको देखिन्छ।

७५.२० **बिल भर्पाई नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट निम्नानुसारको भौचर परीक्षण गर्दा निम्नानुसारको व्यहोरो देखियो।

| भौ.नं/मिति | कारोवारको व्यहोरा | भुक्तानी लिने | रकम | कैफियत |
|---|---|---|---|---|
| १२८/०८०/९/४ | विद्युत प्राधिकरणलाई विद्युत खपत वापतको रकम भुक्तानी | नेपाल विद्युत प्राधिकरण | ५९९९९.९ | भौचरमा रु ९१५६३.१० को मात्र बिल संलग्न भएको बाकी रु ५९९९९.९ को बिल संलग्न गर्नुपर्ने |

७५.२१ **दोहोरो सुविधा :** गाउँपालिकाले फिल्डमा खटिने कर्मचारीहरुलाई फिल्ड भत्ता सहित ४५ प्रतिशत प्रोत्साहन भत्ता दिदै आएकोमा फिल्ड प्राविधिकहरुलाई फिल्ड अनुगमन गर्न जाँदा योजना अनुगमन भत्ता समेत भुक्तानी गरेको छ। साथै गाउँपालिकाको योजना अनुगमन, सुपरिवेक्षण तथा फरफारक कार्यविधि, २०८० मा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति र जाँचपास तथा फरफारक समितिमका पदाधिकारीहरु दोहोरिएको देखिन्छ। यसरी एउटै कामको लागि दोहोरो सुविधा उपलब्ध गराउन मिल्ने आधार नदेखिएकोले यस तर्फ कार्यायलले नियन्त्रण गर्नुपर्दछ।

७५.२२ **बाख्रा प्रवर्द्धन कार्यक्रम :** गाउँपालिकाले स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यालयले कृषि क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ। कार्यालयले विभिन्न समयमा गाउँपालिका भित्रका कृषकहरुलाई सहुलियतमा कृषिजन्य उपकरण, बिउ विजन तथा विभिन्न जातका पशुपंक्षीहरु अनुदान स्वरुप उपलब्ध गएको देखिन्छ।तर पालिकाले स्वीकृत कार्यक्रम अनुसार विगतमा पनि सोहि अनुसारको विभिन्न अनुदानहरु उपलब्ध गराएकोमा उपयोगको अवस्था र यसबाट परेको प्रभाव विश्लेषण गरिएको देखिएन। वर्षेणी समान किसिमको अनुदान मार्फत सामाग्री वितरण गर्दै जाने तर प्रभाव विश्लेषण नगर्ने भएकोले कार्यक्रमको प्रभावकारिता देखिएन। पालिकाले तपसिलमा उल्लेखित कृषक समुहरुलाई अनुदानमा बाख्रा प्रवर्द्धनको लागि खर्च गरेको देखिन्छ। उक्त अनुदान बमोजिम के कति मात्रामा कृषक समुहले उत्पादन गरिएको छ सो कुराको अनुगमन गरी औचित्यका आधारमा अनुदान रकम खर्च गर्नुपर्दछ।

| गो.भौ.नं र मिति | कृषक समुहको नाम | अनुदान रकम |
|---|---|---|
| ४९४/०८१/३/२ | डाँडाखर्क बहुउद्देश्यीय कृषि फर्म | ९१४०४ |
| ५९५/०८१/३/१७ | शक्तिकरण कृषक समुह | १२८०८४ |
| ६०६/०८१/३/१७ | नमोबुद्ध कृषक समुह | ९८०८१ |
| ६४९/०८१/३/२३ | देउराली कृषक समुह | ९१५०० |

७५.२३ **कार्यक्रम संचालन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली २०७७ को नियम ३९(७ र ८) अनुसार सार्वजनिक निकायले कुनै पनि कार्यक्रम संचालन गर्नुपूर्व लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम संचालन गर्दा तयार गरेको विभिन्न प्रगति विवरण सहित बिल भर्पाई तथा अन्य सामाग्रीको विवरण संलग्न गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको आधारमा आधिकारिक निकायबाट अनुगमन गरी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष संचालन गरेका विभिन्न कार्यक्रममा विनियोजित बजेटको सम्पूर्ण रकम दैनिक भ्रमण भत्ता, अनुगमन र मसलनन्द खर्च शीर्षकमा प्रयोग गरेको पाइयो। जसबाट कार्यक्रमको पूर्व निर्धारित लक्ष्य प्राप्त भए नभएको एकिन गर्न नसकिएको हुँदा आगामी दिनमा लक्ष्य अनुरुप मितवत तवरले कार्यक्रम संचालन गर्नुपर्दछ। जसका उदाहरण निम्नानुसारको रहेको छ।

| गो.भौ.नं | कार्यक्रमको नाम | कुल खर्च रकम | फोकल पर्सन | भत्ता वितरणमा भएको खर्च |
|---|---|---|---|---|
| ३७८/०८१/१/१/१६ | वडावडामा न्यायिक पहुँच कार्यक्रम | ३००००० | अस्मिता थापा | २००५०० |
| ३९/०८०/८/४ (संघीय) | पोषण विशेष कार्यक्रम | ७१६७५ | कृष्ण कुमार यादव | ६११७५ |
| ३००/०८१/३/९ (संघीय) | पोषण स्वास्थ्य शिक्षा कार्यक्रम | ६८००० | नागेन्द्र कुमार यादव | ६८००० |
| ३०१/०८१/३/९ (संघीय) | ५ वर्षे मुनिका बालबालिकाहरुको पोषण सर्भे तथा कुपोषण सम्बन्धि खोज कार्यक्रम | ६४८०० | नागेन्द्र कुमार यादव | ६४८०० |
| 302/081/3/9(संघीय) | स्वास्थ्यकर्मीहरुको लागि पोषण सम्बन्धि पूनर्ताजगी तालिम | 101450 | नागेन्द्र कुमार यादव | 79300 |

७५.२४ **अदुवा वेसार खेती प्रवर्द्धन कार्यक्रम :** गाउँपालिकाले स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यालयले कृषि क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ। कार्यालयले विभिन्न समयमा गाउँपालिका भित्रका कृषकहरुलाई सहुलियतमा कृषिजन्य उपकरण, बिउ विजन तथा विभिन्न जातका पशुपंक्षीहरु अनुदान स्वरुप उपलब्ध गएको देखिन्छ। तर पालिकाले स्वीकृत कार्यक्रम अनुसार विगतमा पनि सोहि अनुसारको विभिन्न अनुदानहरु उपलब्ध गराएकोमा उपयोगको अवस्था र यसबाट परेको प्रभाव विश्लेषण गरिएको देखिएन। वर्षेणी समान किसिमको अनुदान मार्फत सामाग्री वितरण गर्दै जाने तर प्रभाव विश्लेषण नगर्ने भएकोले कार्यक्रमको प्रभावकारिता देखिएन। पालिकाले तपसिलमा उल्लेखित कृषक समुहरुलाई अनुदानमा अदुवा वेसार खेति प्रवर्द्धनको लागि खर्च गरेको देखिन्छ। उक्त अनुदान बमोजिम के कति मात्रामा कृषक समुहले उत्पादन गरिएको छ सो कुराको अनुगमन गरी औचित्यका आधारमा अनुदान रकम खर्च गर्नुपर्दछ।

| गो.भौ.नं र मिति | कृषक समुहको नाम | अनुदान रकम |
|---|---|---|
| ४९८/०८१/३/२ | कुमारी बहुउद्देश्यीय कृषि फर्म | ४७६६७ |
| ४९९/०८१/०३/२ | अर्गानिक कृषक समुह | १५०००० |
| २६१(संघीय) /०८१/२/१६ | हिमाल कृषक समुह | ५८२९४ |

७५.२५ **भ्रमण खर्च :** गाउँकार्यपालिको मिति २०८०/०७/२३ गतेको बैठकबाट स्वीकृत कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० को परिच्छेद -३ दफा ७ को उपदफा ६ मा प्रोत्साहन तथा फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीहरुले संघीय, प्रादेशिक वा मातहतका निकायबाट तालिम, गोष्ठी, कार्याशालामा सहभागी हुन भनि गरेको परिपत्र बमोजिम सहभागी हुन गाउँपालिका बाहिर जाने बाहेक अन्य अवस्थामा कार्यालयको दैनिक भ्रमण भत्ता सुविध उपलब्ध गराउन सक्ने छैन भनि व्यवस्था गरेको छ। गाउँपालिकाको विभिन्न शाखाका प्रोत्साहन भत्ता सुविधा लिएका कर्मचारीहरु गाउँपालिका भित्र विभिन्न वडामा कार्यालयको काम / कार्यक्रम भनि भ्रमण भत्ता वापत भुक्तानी लिएको देखिन्छ। गाउँपालिकाले स्वीकृत गरेको मापदण्ड विपरीत भुक्तानी भएको भ्रमण भत्ता वापतको खर्च रकममा नियन्त्रण गर्नुपर्दछ।

७५.२६ **लागत अनुमान :** सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा वा कार्यालयलाई आवश्यक सेवा परामर्श तथा मालवस्तु वा निर्माण सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावाली २०६४ को अधिनमा रहि खर्च गर्नुपर्दछ। पालिकाले २७५/०८१/२/२८ गते को भौचरबाट आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद गरेको भनि बङ्गलामुखी

मेडिसिन सप्लायर्स प्रा.ली.लाई रु ७९००१५ रुपैंया भुक्तानी दिएकोमा उक्त औषधिहरुको कुल लागत अनुमान २६२६०६५.८५ भएको देखिन्छ। स्वीकृत लागत अनुमान भन्दा ६९.९१ प्रतिशत घटी रकम कबोल गरेको छ। यसर्थ कार्यालयले खरिद गर्ने मालसामनको लागत अनुमान तयार गर्दा सार्वजनिक ऐन नियममा भएको व्यवस्था बमोजिम वास्तविक लागत अनुमान तयार गरी खर्च गर्नुपर्दछ।

७५.२७ **सोधभर्ना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। सो ऐनको नियमावाली २०६४ को नियम १२३ (८) मा पच्चिस हजार रुपैंयाँ भन्दा बढी रकम भुक्तानी गर्नुपर्दा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई एकाउण्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौचर नं ३९ मिति २०८०/६/२१ बाट सवारी साधन मर्मत तथा खर्च शीर्षकबाट कार्यालयको हलुका सवारी चालक रुपेश घलानलाई रु २६०८७६ को सोधभर्ना दिएको छ। पालिकाले कर्मचारीबाट सोधभर्ना लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

७५.२८ **बिल भर्पाई नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट निम्नानुसारको भौचर परीक्षण गर्दा दहाय अनुसारको व्यहोरो देखियो ।

| गो. भौ.नं/ मिति | कारोवारको व्यहोरा | भुक्तानी लिने | रकम | कैफियत |
|---|---|---|---|---|
| १६०/०८१/२/१६ | साजिखोरिया पुरानो गाउँ कृषि सडक | साजिखोरिया पुरानो गाउँ कृषि सडक उ.स. | ३८७७४२ | अकौलिया कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.ली.को रु १७२८९० को प्रतिलिपि बिल पेश भएको |
| २०३/०८१/३/२० | विपद व्यवस्थापन (कार्यपालिकाको निर्णय बमोजिम जाली खरिद) | न्यु शिवशक्ती सप्लायर्स | ५०३०७ | लाभग्राहीको माग निवेदन, खरिद गरेका जालीहरु हस्तान्तरण, प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने। |

७५.२९ **खर्च एकिन गर्नुपर्ने :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गौ.भौ.नं. ४७० मिति २०८१/२/२१ गते कानूनी साक्षरता कार्यक्रम खर्च शीर्षक अनुसार रु १५०००० पेश्की वापत अ. सब इन्जिनियर असिम गिरीको नाममा भौचर तयार गरेकोमा भुक्तानी कानूनी सहजकर्ता अस्मिता थापाको नाममा भएको देखिन्छ। कार्यक्रम कसले संचालन गर्ने हो, पेश्की कसलाई भुक्तानी दिने हो सो कुरा एकिन गरी खर्च गर्नुपर्दछ।

७५.३० **मकै बाली प्रवर्द्धन कार्यक्रम :** गाउँपालिकाले स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यालयले कृषि क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ। कार्यालयले विभिन्न समयमा गाउँपालिका भित्रका कृषकहरुलाई सहुलियतमा कृषिजन्य उपकरण, बिउ विजन तथा विभिन्न जातका पशुपंक्षीहरु अनुदान स्वरुप उपलब्ध गएको देखिन्छ।तर पालिकाले स्वीकृत कार्यक्रम अनुसार विगतमा पनि सोहि अनुसारको विभिन्न अनुदानहरु उपलब्ध गराएकोमा उपयोगको अवस्था र यसबाट परेको प्रभाव विश्लेषण गरिएको देखिएन। वर्षेणी समान किसिमको अनुदान मार्फत सामाग्री वितरण गर्दै जाने तर प्रभाव विश्लेषण नगर्ने भएकोले कार्यक्रमको प्रभावकारिता देखिएन । साथै अनुदानमा दिँदा प्रतिष्पर्धा र पारदर्शिता सुनिश्चित गराएको समेत पाइएन । पालिकाले तपसिलमा उल्लेखित कृषक समुहरुलाई अनुदानमा मकैबाली प्रवर्द्धनको लागि खर्च गरेको देखिन्छ। अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह तथा सहकारीको अभिलेख राखी सार्वजनिक गराएको पाइएन । प्रचलित नियम बमोजिम के कति मात्रामा कृषक समुहले उत्पादन गरिएको छ सो कुराको अनुगमन गरी अनुदान रकम खर्च गर्नुपर्दछ।

| गो.भौ.नं र मिति | कृषक समुहको नाम | अनुदान रकम |
|---|---|---|
| २५६/०८१/२/३ | लालुपाते कृषक समुह | ८८०६२ |
| २५७/०८१/२/३ | सानोलेक मजुवा क्रियाशिल कृषक समुह | ३१५५० |
| २६०/०८१/२/१६ | अर्गानिक कृषक समुह | १२२६१६ |
| २६६/०८१/२/२० | सितलछहारी कृषक समुह | २०३७१९ |
| २६४/०८१/२/२० | खोलाखेत कृषक समुह | १४९९९९ |
| २६९/०८१/२/२१ | हिमाल कृषक समुह | २९९०५४ |

७५.३१ **तरकारी खेति प्रवर्द्धन कार्यक्रम :** गाउँपालिकाले स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यालयले कृषि क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ। कार्यालयले विभिन्न समयमा गाउँपालिका भित्रका कृषकहरुलाई सहुलियतमा कृषिजन्य उपकरण, बिउ विजन तथा विभिन्न जातका पशुपंक्षीहरु अनुदान स्वरुप उपलब्ध गएको देखिन्छ। तर पालिकाले स्वीकृत कार्यक्रम अनुसार विगतमा पनि सोहि अनुसारको विभिन्न अनुदानहरु उपलब्ध गराएकोमा उपयोगको अवस्था र यसबाट परेको प्रभाव विश्लेषण गरिएको देखिएन। वर्षेणी समान किसिमको अनुदान मार्फत अनुदान वितरण गर्दै जाने तर प्रभाव विश्लेषण नगर्ने भएकोले कार्यक्रमको प्रभावकारिता देखिएन। पालिकाले तपसिलमा उल्लेखित कृषक समुहरुलाई अनुदानमा तरकारी प्रवर्द्धनको लागि खर्च गरेको देखिन्छ। उक्त अनुदान बमोजिम के कति मात्रामा कृषक समुहले उत्पादन गरिएको छ सो कुराको अनुगमन गरी औचित्यका आधारमा अनुदान रकम खर्च गर्नुपर्दछ।

| गो.भौ.नं र मिति | कृषक समुहको नाम | अनुदान रकम |
|---|---|---|
| ९७/०८०/११/१४ | नमोबुद्ध कृषक समुह | १३७५०० |
| ९८/०८०/११/१४ | ठुलोबेशी जनजागरण कृषक समुह | ९५००० |
| ९९/०८०/११/१४ | संगम बहुउद्देश्यीय कृषि फर्म | ७५००० |
| १००/०८०/११/१४ | रामलक्ष्मी कृषि तथा बाख्रा फर्म | ६७५०० |
| १०१/०८०/११/१७ | तितुङ बहुउद्देश्यीय कृषि तथा पशुपालन फर्म | ८६३३० |
| १०८/०८०/११/२३ | लालुपाते कृषक समुह | १६२५०० |
| ११३/०८०/११/२४ | सानोलेक मजुवा क्रियाशिल कृषक समुह | ८०००० |
| १२३/०८०/१२/२० | बलमटार कृषक समुह | १२२२४० |
| १५३/०८१/१/२५ | शक्तिकरण कृषक समुह | १०९६४५ |

७५.३२ **पोषण कार्यक्रमको सामाग्रीहरु :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गो.भौ.नं २९६ मिति २०८१/३/७ गते चेपाङ तथा गरीवि घर परिवारको लागि पोषण कार्यक्रमको सामाग्रीहरु (हलुवा, खिर, खिचडी)) खरिद गरेको भनि रु ६९९९४४ भुक्तनी गरेकोमा लेखा परीक्षण अवधिभरी स्वास्थ्य स्टोर शाखामा मौज्दात रहेको देखिएकोले खरिदको उद्देश्य अनुरुप लाभग्राहीहरुलाई यथासिघ्र हस्तान्तरण गर्नुपर्दछ।

७५.३३ **कार्यक्रम संचालन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली २०७७ को नियम ४७ मा कुनै पनि व्यक्तिले सरकारी कामको लागि पेश्की लिनुपर्दा कुन कामको लागि कति रकम आवश्यक हो सो खुलाई पेश्की लिने र सो पेश्की फछ्र्योट गरे पश्चात मात्र

अर्को पेश्कीको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष स्वास्थ्य शाखा लगायत अन्य शाखाको विभिन्न कार्यक्रम संचालन गर्नको लागि सम्बन्धित शाखाका कर्मचारीले आर्थिक वर्षको सुरुवातमै एकमुष्ट रुपले पेश्की लिने र विभिन्न मितिमा कार्यक्रम संचालन गरेको भनि आर्थिक वर्षको अन्तिममा एकमुष्ट रुपमा पेश्की फछ्यौंट गरेको देखियो। जसले गर्दा सम्बन्धित कार्यक्रमहरु यथार्थ परक रुपमा लक्ष्य उन्मुख भए नभएको एकिन गर्न नसकिएको हुँदा आगामी दिनमा समय तालिका तोकी कार्यक्रम संचालनको लागि पेश्की उपलब्ध गराउने र सो कार्यक्रम समापन गरी पेश्की फछ्यौंट गरे पश्चात मात्र अर्को पेश्की उपलब्ध गराउनुपर्दछ। जसका केही उदाहरण निम्नानुसारका छन।

| गो.भौ.नं. र मिति | पेश्की लिएको विवरण | पेश्की लिनेको नाम | पेश्की लिएको मिति र रकम | पेश्की फछ्यौंट मिति |
|---|---|---|---|---|
| ३०५/०८१/३/९ | PNC कार्यक्रम | कृष्ण कुमार यादव | २५/२०८०/७/१४ रु ३५०००० | ०८१/३/९ |
| ३२२/०८१/३/२० | न्यूनतम सेवा मापदण्ड | कृष्ण कुमार यादव | | ०८१/३/२० |
| ३३८/०८१/३/२२ | किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम | कृष्ण कुमार यादव | | ०८१/३/२२ |
| २९९/०८०/११/१५ | खोप कार्यक्रम | नागेन्द्र कुमार यादव | १०१/२०८०/११/१५ रु ३००००० | ०८१/३/९ |
| ३००/०८०/३/९ | पोषण स्वास्थ्य शिक्षा कार्यक्रम | नागेन्द्र कुमार यादव | | ०८०/३/९ |
| ३०१/०८१/३/९ | पोषण सर्वेक्षण कार्यक्रम | नागेन्द्र कुमार यादव | | ०८१/३/९ |
| ३०२/०८१/३/९ | पोषण अभिमुखिकरण कार्यक्रम | नागेन्द्र कुमार यादव | | ०८१/३/९ |

७५.३४ **हस्तान्तरण गर्नुपर्ने :** पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड सम्बन्धी कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम संचालन, किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम लागयतका कार्यक्रमहरु संचालन गर्न गो.भौ.नं २५ मिति २०८०/७/१४ गते स्वास्थ्य संयोजक कृष्ण कुमार यादवलाई रु ३५०००० पेश्की उपलब्ध गराइएको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ४७ (४) मा सरकारी कामकाजको लागि लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल भर्पाई र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएकोमा स्वास्थ्य संयोजकले आ.व. को अन्तमा गौ. भौ. नं ३३८ बाट रु २६६८०५ पेश्की फछ्यौंट गरी बाँकी रु ८३१९५ गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरिएको छ। सो रकम संघीय सरकारी कोषमा फिर्ता गर्नु पर्दछ।

७६ **प्र.अ तथा गाउँ शिक्षा समिति बैठक व्यवस्थापन खर्च (गो.भौ.नं ५९३- ०८१-३-१५)**

प्र अ तथा शिक्षा समितिको बैठक व्यवस्थापन वापत दिपेन्द्र अधिकारी लाई रु २०९३८० भुक्तानी २०८०/८१ भरी विद्यालय व्यवस्थापन समितिको बैठक बसेको भनी बर्षको अन्तमा खर्च लेखेको र बैठकका एजेन्डाहरु दोहोरिएको, कुल खर्च २०९३८० मध्ये शिक्षा समितिको बैठक भत्ता खर्च रु ७१००० प्रधानाध्यापक बैठक भत्ता रु ६३५०० खर्च लेखेकोमा खाजा खाना खर्च रु ७४८०० खर्च भएको देखिन्छ। बैठकहरुमा बैठकको मिति उल्लेख भएतापनि बैठकको समय उल्लेख गरेको छैन।बैठकमा आमन्त्रिचत गर्दा स्थान समय र मिति खुलाउनुपर्नेमा त्यसरी खुलाई आमन्त्रित गरेको पत्र समेत स्रेस्ता साथ संलग्न छैन।समितिमा संलग्न हुने व्यक्तिको संख्या यकिन गरी बैठक भत्तालाई उपलब्धिमुलक बनाउनु पर्दछ। कार्यसञ्चालन निर्देशिका अनुसार मात्र बैठक भत्ता उपलब्ध गराउनु पर्ने व्यवस्था अनुसार कार्यालय समयमा कार्यालयका कर्मचारीलाई बैठक भत्ता उपलब्ध गराउन मिल्ने देखिदैन।

७७ **कैलाश बैकुण्ठ जिपलाइन पूर्वाधार निर्माण**

यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् ।

क) कार्यपालिकाले स्वीकृत गरेको विस्तृत परियोजना प्रतिवेदन अनुसार जीपलाइनको सुरुको स्टेशन, अन्तिम स्टेशन, रेस्टुरेन्ट, टिकट काउन्टर, सार्वजनिक सौचालय २ वटा, गार्ड हाउस, सुरक्षाको हार्नेस र उपकरण जीपलाइनको केवुल (मेन र सपोर्टिङ) र बाउण्ड्रीवाल एवं सो को गेट निर्माण गर्न २०७९/८० मा मुल्य अभिवृद्धिदर समेत लागत अनुमान रु.१८९९७८४०/६१ को विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख छ। तर पालिकाले २०८०/८१ मा सुरु स्टेशन, अन्तिम स्टेशन, सेफ्टी हार्नेस र केवलको कार्य गर्नेगरि कन्टिन्जेन्सी बाहेक प्रोभिजनल समेत रु.९६,७७,०२६/८३ को लागत अनुमान तयार गरि निर्माण कार्य अगाडी बढाएको छ । स्रोत सुनिश्चित गरि स्विकृत विस्तृत परियोजना अनुसार मात्र बहुवर्षिय योजनाको रुपमा कार्य अगाडी बढाउनु पर्नेमा आंशिक कार्यको लागत अनुमान तयार गरी कार्य अगाडी बढाएको उपयुक्त देखिएन ।

ख) स्वीकृत विस्तृत परियोजनामा परियोजना सञ्चालनबाट पर्ने आर्थिक, सामाजिक, साँस्कृतिक वित्तीय र अन्य सम्वद्ध पक्षको लाभ लागत विश्लेषण समेत नगरि परियोजना संचालन गरेकोले पे व्याक पिरियडमा दिने रिटर्न के कति कसरी प्राप्त हुन्छ भन्ने अवस्था छैन। विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्दा उपर्युक्त पक्षको विश्लेषण नगरेको र लागत अनुमान मात्र तयार गरेकोले विस्तृत परियोजना प्रतिवेदन भनि स्वीकृत गर्ने परिपाटीले गर्दा पूँजीगत खर्चले पूँजी निर्माण हुने सम्भावना न्यून देखिएको छ । यसले गर्दा स्थानीय तहको पूँजीगत खर्चले आय बढाउन सकेको छैन।

ग) लागत अनुमानमा विभिन्न केवल र सेटको जीपलाइन केवलको मुल्य अभिवृद्धि कर समेत रु.६७८०००/- उल्लेख गरेको छ । तर प्रतिमिटर लागत अनुमान गर्नुपर्नेमा एकमुष्ठ रुपमा लागत अनुमानमा समावेश गरेको उपयुक्त देखिएन ।साथै १८ एम एम ग्याल्भेनाइज्ड वायर केवल (२६६००Lb¬) मिनिमम ब्रेकिङ सिस्टम भएको ९०० मिटरको प्रतिमिटर रु १२०० का दरले रु१०८००००/- One tower two set up breaking system including one tripple locking steel carabiner that’s hooked to the webbing in the zip stop (जिप ल्याण्डिङ हुँदा लाग्ने ब्रेकिङ) को लागि एकमुष्ट रु.२२०००००/- समेत ६ आइटमको लागि इकाइ दरमा लागत अनुमान नगरि एकमुष्ट लागत अनुमान गरेको छ। जिल्ला दरमा नभएका आइटमको लागत अनुमान गर्दा एउटा फर्मको दरलाई मात्र आधार लिएको र लागत अनुमानमा जिल्ला दरमा उल्लेख नगरेका विभिन्न फूलबोडी हार्नेश सुपर सुपरमेन स्टाइल जिपलाइन हार्नेस कम्प्लीट फिट गोप्रो क्यामरा लगायत १३ आइटमको दर निर्धारण गर्दा दर विश्लेषण नभएको र वेव साइटहरुमा उल्लेख भएको दर भन्दा फरक गरी वास्तविक दर संग मेल खाने गरि लागत अनुमान तयार नगरेको, विस्तृत परियोजना प्रतिवेदन केवल लागत अनुमान गर्ने उद्देश्यले तयार गरेको र सो अनुसार लागत अनुमान तयार गर्दा समेत इकाइ दर उल्लेख नगरेको उपयुक्त देखिएन । यस बाट बढी लागत अनुमान हुन गएको असर एकिन गर्नुपर्दछ ।

घ) हाल २०८०/८१ सम्म रु.४३६००५३/५५ भुक्तानी भइ वित्तीय प्रगति ४९.२२ प्रतिशत माग रहेको छ । उक्त सम्झौताको म्याद २०८१ फागुन सम्म रहेकोमा लेखापरीक्षण अवधि २०८१/८/२० सम्म केवल तान्ने कार्य बाँकी रहेको लेखापरीक्षणको क्रममा जानकारी प्राप्त भएको छ।समयमा काम सम्पन्न गर्न थप पहल गर्नुपर्दछ ।

७८ **सालबास सानोडाँडाखर्क छ्याङदुङ सडक योजना**

सालबास सानोडाँडाखर्क छ्याङदुङ सडक योजना निर्माण गर्न रु ९७४१७६४/८३ रहेकोमा कार्यालयले रु ६०३६०११.५३ मा मिति २०८१/२/३० भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी हिष्टोरिकल कन्स्ट्रक्सन प्रा.लि. लाई रु ५७९२८६२/६८ भुक्तानी गरी ठेक्का फरफारक गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन।

क) कार्यालयले लागत अनुमानमा साधारण माटो ४५ प्रतिशत, कडा माटो ४० प्रतिशत, साधारण ढुङ्गा ५ प्रतिशत, मध्यम प्रकारको ढुङ्गा ५ प्रतिशत र कडा चट्टान ५ प्रतिशत गरि लागत अनुमान तयार गर्दा प्रति घन मिटर रु.१५४.७५का दरले लागत अनुमान गरेको छ । हार्डरकको परीक्षणवेगर लागत अनुमान गरेको अवस्था छ । सम्पुर्ण कार्यको ५ प्रतिशत का दरले कडा चट्टानको लागत अनुमान गर्दा १८४१.५५ घन मिटरमा ९२.०७ घनमिटर कडा चट्टान देखिन आँउछ। ल्याव परीक्षण वेगर कडा चट्टानको लागत अनुमान नगरि

मध्यम प्रकारको चट्टानको दरमा हिसाब गरेमा प्रति घन मिटर लागत अनुमान रु.१०५।८६ का दरले हुन आउँछ । यस्तो अवस्थामा यथार्थ अवस्थाको प्रतिनिधित्व हुन सकेन । साथै यसबाट लागत अनुमानमा प्रति घनमिटर रु.४८.८९ ले रु.९००३३।– थप व्ययभार परेको छ । पालिकाले परीक्षण वेगर हार्डरक भनि लागत अनुमान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

ख) पालिकाले लागत अनुमान गर्दा ट्रान्सपोर्टेशन वापत रु१२ लाख उल्लेख गरेको छ । यसरी एकमुष्ठ दरमा ढुवानी दिएकोले एकावर्क जिल्ला दर प्रयोग गर्ने र अर्को तर्फ ढुवानी दिएको अवस्थाले १६ प्रतिशत भन्दा बढी थप व्यय भार परेको प्रभाव अध्ययन गरी एकिन गर्नुपर्दछ ।

७९ **कालोसूचीमा नराखेको**

वेतिनी गिम्दी आमडाँडा थाक्ले सडक निर्माण गर्न रु १९४८२५०४/५८ लागत अनुमान गरी ठेक्का प्रक्रियाबाट रु १२८६१६५२।६८ मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी एस एम कन्स्ट्रक्सन प्रा लि सँग मिति २०७९/८/२६ गते सम्झौता भएकोमा कार्यालयले कार्य सम्पन्न हुनुपर्ने अवधि मिति २०८०/२/२६ सम्म सम्पन्न नगरेकोले सोही दिन को कार्यपालिकाको बैठकले २०८१ बैशाख मसान्त सम्म म्याद थप गरेको देखिन्छ।सो समय सम्म पनि काम सम्पन्न नगरेकोले २०८१/०७/१२ मा कार्य सम्पादन जमानत वापत रु.२४,९३,०००/- रकम जफत गरि कालो सूचीमा राख्न २०८१/०२/३० को कार्यपालिकाको बैठकले कानुनी कारवाही अगाडी बढाउने र २०८१/०६/०७ को बैठकले ठेक्का रद्ध गरि कालो सूचीमा पठाउने निर्णय गरेको देखिन्छ तर पालिकाले लेखापरीक्षण अवधि मिति २०८१/८/२२ सम्म पनि कालो सूचीमा राखेको प्रमाण पेश गरेको छैन। कार्यालयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम निर्माण व्यवसायीलाइ जवाफदेही बनाउन नियमानुसार कालोसुचीमा राख्नुपर्दछ।

८० **न्युन प्रतिस्पर्धा**

मानेडाँडा दमार अल्छे कप्सेरे हुँदै गोगने जोड्ने १७२० मिटर लामो सडक स्तरोन्नती गरी नाला बनाउने ग्याविन र पर्खाल लगाउने समेत कार्यका लागि रु २२६७९७९९।०८ लागत अनुमान गरी ठेक्का प्रकृयाबाट रु २२५०६१७७।५९ मा निर्माण सम्पन्न गर्न निर्माण व्यवसायी आयुश्री विल्डर्स एण्ड सप्लायर्स सँग मिति २०८०/९/२० मा सम्झौता गरेकोमा मितिम २०८१।०२।२६ मा २ करोड १६ लाख ४४ हजारमा कार्य सम्पन्न भएको देखिन्छ। प्राविधिक प्रस्तावमा समावेश भएका ४ निर्माण सेवा मध्ये बिर रोल्पाली निर्माण सेवाको कामको अनुभव नभएको, धादिङ निलकण्ठ निर्माण सेवाको अनुभव प्राप्त कर्मचारीको व्यक्तिगत विवरण (Bio Data) नराखेको, बि पि कन्सट्रक्शन एण्ड सप्लायर्सको वार्षिक कारोबार (Annual Turnover) नपुग भएको भनि प्राविधिक प्रस्तावबाट अयोग्य भएको मुल्याङ्कन समितिले उल्लेख गरेको छ । तसर्थ आर्थिक प्रस्तावमा एकमात्र बोलपत्र दाता अयुश्री बिल्डर्स एण्ड सप्लायर्सको रु.२२५०६१७७/५९ को ०।७६ प्रतिशत मात्र घटीको बोलपत्र स्वीकृत भएको छ ।इबिड मार्फत ठेक्का लगाउँदा समेत घटी दरमा प्रतिस्पर्धा भएकोले पालिकाले प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्न सकेको छैन ।यसको बास्तविक कारण एकिन गरिनुपर्दछ।

८१ **गा.पा तल्लो टि एल सी भवन मर्मत**

गाउँ पालिकाको नजिकै सडक भन्दा दक्षिणपट्टी रु ३७९५३२९।६७ लागत अनुमान गरी ठेक्का प्रकृयाबाट रु ३२८७६७०।०६ मा निर्माण व्यवसायी वि एण्ड वि निर्माण सेवा सँग मिति २०८०/११/१७ मा सम्झौता गरेकोमा सो निर्माण रु २९७८९८५।२६ मा सम्पन्न भई भुक्तानी गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन ।

८१.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४०,६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८१.२ ख) पालिकाले जिल्ला दरमा नभएका पि भि सि प्रोफाइलको झ्याल र ढोकाको फ्रेम सहितको संरचनाको लागत अनुमान गरेकोमा लागत अनुमानको आधार चितवन जिल्लाको दरलाई लिईएको छ ।लागत अनुमानमा एकमुष्ट ढुवानी रु.१०००००।– दिएकोले लागत अनुमान वास्तविकतामा आधारित देखिएन । वास्तविक ईकाइ दरको आधारमा लागत अनुमान गर्नुपर्दछ।उक्त भवनको छेउमा पहिरो गएको,

भीरको नजिक रहेको, भवनमा शौचालयको व्यवस्था नभएको, प्रयोजन स्पष्ट नगरेको र भवन रहेको जग्गाको स्वामित्व स्पष्ट भएको कागजात संलग्न नगरेकोले सोको सान्दर्भिकता, औचित्यता, उत्पादनमुलकता र वास्तविक पुँजीनिर्माण सम्बन्धमा थप विश्लेषण गरी आधार र कारण यकिन गरिनु पर्दछ।

८२ **लिक्चे खानेपानी वृहत योजना वडा नं ४ कैलाश**

लिक्चे खानेपानी वृहत योजना वडा नं ४ मा रु ७६९२३०४।१६ लागत अनुमान रहेकोमा ठेक्का प्रकृयाबाट रु ६९४५७७०।९२ मा निर्माण गर्न निर्माण व्यवसायी सन्ध्या निर्माण स्वा सँग मिति २०८०/१०/१८ मा सम्झौता भई बर्षको अन्त्य सम्म रु ५६२४३८६।७४ कार्य गराई ठेक्का फरफारक गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन।

**क) एकमुष्ठ लागत अनुमानः** कैलाश गाउँपालिकाले वडा नं ४ को लिक्चे खानेपानी वृहत योजनाको लागत अनुमान गर्दा हरेक आइटमको इकाइ खुलाई ईकाइ दरमा लागत अनुमान गर्नुपर्नेमा ईकाइ दरमा खुल्ने मालसामानमा समेत एकमुष्ठ लागत अनुमान गरेकोले लागत अनुमान प्रभावकारी देखिएन। यसबाट परेको असर सम्बन्धमा एकिन गरिनु पर्दछ।एकाइ दर खुल्ने फिटिङ्गमा समेत हचुवाको भरमा एकमुष्ठ ठुलो रकम फिटिङ्गमा दिँदा कुल लागत रु ७६९२३०४।१६ मा ९।७० प्रतिशत घटी रु ६९४५७७०।९२ मा कबोल गरेता पनि वास्तविक रुपमा लागत अनुमान नगर्दा प्रतिस्पर्धाबाट लाभ प्राप्त भए नभएको स्पष्ट देखिँदैन। एकमुष्ठ रुपमा लागत अनुमान गरेको उदाहरण देहायअनुसार छ।

| शिर्षक | रकम रु |
|---|---|
| इन्टेकमा पाइप र फिटिङ इन्स्टलेसन | ५०००० |
| डिस्टिव्यटर च्याम्वरमा पाईप र फिटिङ इन्टलेसन | ५०००० |
| रिजर्भभोयर ट्याङ्कमा | १००००० |
| आरभिटी फेरोसिमेन्ट ट्याङ्कमा | १००००० |
| एयर भल्भ च्याम्वरमा | ६०००० |
| वास आउट भल्भ च्याम्वरमा | १००००० |
| भल्भ च्याम्वर एट जङ्सनमा | १००००० |
| ट्रान्सपोटेसन लागत पाइप र फिटिङको | १००००० |
| आवश्यकता अनुसारको टुल्स र प्लान्ट खरिद | १००००० |
| लागत अनुमानमा मुल्य अभिवृद्धि कर समेतजम्मा रु | ८५८८०० |

ख) लागत अनुमान र कबोल अंक विच तुलना गर्दा प्रोभिजनल समको रकम बाहेक पनि एकमुष्ठ अनुमान रकम घटेको रकम भन्दा वढी भएको देखिन्छ। पालिकाले जिल्ला दरमा तोकेको र इकाईदर निर्धारण भै सकेकोमा पनि एकमुष्ठ लागत अनुमान गरेको उपयुक्त देखिएन।

८३ **समयमा काम सम्पन्न नभएकोः**

कैलाश गाउँपालिका वडा नं ९ नामटारमा स्वास्थ्य चौकी निर्माण गर्न रु १९१९८८२०।६१ को लागत अनुमान गरी रु १४३८२००१। १४ मा कार्यसम्पन्न गर्ने गरी ताण्डव कन्स्ट्रक्सन कम्पनीसँग मिति २०७९/३/१ मा सम्झौता भएकोमा सम्झौता अनुसार २०८१/३/१ सम्म काम सम्पन्न हुनुपर्नेमा यो वर्षको अन्त्य सम्म पनि कार्य सम्पन्न भएको पाइएन । लेखापरीक्षण अवधि मिति २०८१/८/२२ सम्म पनि झ्याल ढोका राख्ने टायल मार्वल राख्ने रङ्ग रोगन गर्ने इलेक्ट्रिफिकेसन स्यानिटेसनको कार्य बाँकी रहेकोले पटक पटक म्याद थप गर्दा समेत काम सम्पन्न हुन नसकेको अवस्था उपर्युक्त देखिएन ।

८४ **विनियोजित बजेट भन्दा लागत अनुमान बढी**

पालिकाले लागत अनुमान तयार गर्दा सालवसाली योजनाको विनियोजित बजेटको लागत अनुमान तयार गर्नुपर्नेमा विनियोजित बजेट भन्दा देहायअनुसार लागत अनुमान तयार गरी निर्माण कार्य गराएको उपर्युक्त देखिएन।

| योजनाको नाम | विनियोजित बजेट | लागत अनुमान रु |
|---|---|---|
| कृतिमान डाँडा गा पा सडक | २५००००० | ३४६००७७ |

८५ **१० शैयाको अस्पताल निर्माण**

पालिकाले १० शैयाको अस्पताल निर्माण गर्न २०७७/७८ मा रु. ८९८२७१५९।२९ रहेकोमा निर्माण व्यवसायी आशिष/आशिर्वाद/ स्वामि नारायणमा जे.भि संग रु.६५८९९१७६।८३ भित्र सम्पन्न गर्ने गरि २०७८/२/२७ मा सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

८५.१ क) उक्त कार्यको सम्झौतामा २४ महिना खुलाएकोमा कार्यदिशमा २०७९।०८।३० सम्म माग उल्लेख गरेको भनि निर्माण व्यवसायीले मिति २०७९।०९।१७ मा म्याद थप गर्न निवेदन दिएको देखिन्छ ।सो अनुसार २०८०।०८।३० सम्म म्याद देखिन्छ।सो अवधी पछि २०८०।०३।१० को बाह्रौ गाउँ सभाको बैठकले सार्वजनिक खरिद नियमावलीको तेह्रौ संशोधन अनुसार म्याद थप गरेको देखिन्छ। म्याद थप गर्दा संशोधित कार्यतालिका पेश गर्न लगाएको छैन। २०८०/८१ सम्म पाँचौ रनिङ विल सम्म २०८०।८१ मा २१४७५३५७।– समेत रु.३४१८४२०९।९४ भुक्तानी भएको देखिन्छ । जस अनुसार वित्तिय प्रगति ५१.८७ प्रतिशत रहेको देखिन्छ । लेखा परीक्षण अवधी मिति २०८१।०८।२२ सम्म झ्याल ढोका लगाउने, टायल मार्वल, वायरिङ, पेन्टिङ, अन्य एससोरिज राख्ने, स्यानिटेशन तथा इलेक्ट्रिफिकेशन लगायतको सम्पुर्ण फिनिसिङको कार्य बाँकी देखिन्छ । कार्यालयले २०८१ साल असा ८ को कार्यपालिकाको बैठकबाट २०८२ जेष्ठ मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय भएको तर काम प्रभावकारी रुपमा अगाडी नवढेकोले निर्माण व्यवसायीलाई जिम्मेवार वनाइ नियमानुसार कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ । निजको नाममा हालसम्म विगत देखिको ७६१२०००।– पेश्की बाँकी रहेको छ। निज निर्माण व्यवसायीको नाममा प्रभु बैक लि को रु. ५०,८०,०००।– (P00601A0264389) को म्याद २०८२।०२।३० सम्म मात्र रहेको र एन एम वि बैंकको NMB OBG777803875 को रु. ६६ लाखको म्याद २०८४।१२। ३० सम्म बाँकी रहेको छ ।

८५.२ ख) भौचर नं २५-२०८०/३/३० बाट निर्माण व्यवसायीलाइ पाँचौ रनिङ विलबाट ६६९२९५९ भुक्तानी दिँदा ठेक्का विलको आइटम नं ५२ मा रहेको फिलिप्स् ब्राण्डको होल्डर समेतको सेट मुल्य अभिवृद्धि कर बाहेक रु २००००० र आइटम नं ७४ को मेन डिस्ट्रीव्युसन वोर्ड (MDB) आपुर्ति र जडान भैसकेको भनी मुल्य अभिवृद्धि कर बाहेक रु ५००००० लाख समेत कुल ७००००० को मुल्य अभिबृद्धि कर समेत रु ७९१००० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधी २०८१/८/२२ सम्म पनि ति कार्य फिल्डमा भएको पाइएन।तसर्थ काम नगरेको र फिल्डमा आपुर्ति समेत नभएको कार्यको भुक्तानी गर्ने परीपाटीले वित्तिय अनुसाशन कमजोर देखिएको छ। तसर्थ उक्त सामान विल अफ क्वान्टीटि र स्पेसिफिकेसन अनुसारको जडान भएको प्रमाण पेश नभएमा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९१,००० |

८६ **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम**

८६.१ **क) लागत अनुमान तयार गर्न परामर्श सेवा लिएको :** गो.भौ.नं मिति ३-२०८०/१०/२१, आर्थिक वर्ष २०८०/८१ को आषाढ महिनामा कार्यालयमा २ जना इन्जिनियर, २ जना सव इन्जिनियर ३ जना असिस्टेन्ट सव-इन्जिनियर र १ जना रोजगार तर्फको प्राविधिक रहेकोमा पालिकाले वडा नं ४ स्थित लिक्चे खानेपानी योजना निर्माणको लागि क्रिप्टी इनोभेशन टेक्नोलोजी प्रा.लि लाई कार्यालयका प्राविधिकबाट कार्य सम्पन्न गर्न नसक्ने भएको भनी रु.९८४२३०।– भुक्तानी दिएको छ । उक्त विस्तृत परियोजना प्रतिवेदनमा आयोजनाको हालको अवस्था, लागत लाभ विश्लेषण, जोखिम विश्लेषण, श्रोतको विश्लेषण, आर्थिक, सामाजिक, प्राविधिक र सम्वद्ध पक्षको विश्लेषणको साथै लाभान्वित नागरिकको आय आर्जन र गरिवी विवरणमा पार्ने प्रभाव र वातावरणीय पक्षको विश्लेषण गर्नुपर्नेमा सो गरेको छैन । साथै प्रास्तावमा उल्लेख गरेका विषयविज्ञको संलग्नतामा उक्त प्रतिवेदन तयार भएको हो भनि एकिन गर्ने आधार छैन । परामर्शदाताले दिएको Inception Report माथि छलफल गरि लागत प्रभावि र योजना छनौट गरेको समेत पाइएन । यसले गर्दा विस्तृत परियोजना प्रतिवेदन भनि परामर्शदाता नियुक्त गरेतापनि सो विसुद्धरुपमा लागत अनुमान तयार गर्ने कार्यमा सिमित भएको छ ।

८६.२ **ख) फरक शीर्षकबाट खर्च** : परामर्श सेवा लिंदा परामर्श सेवा शिर्षकबाट खर्च लेख्नुपर्नेमा सम्बन्धित आयोजनाको शिर्षकबाट खर्च लेखि खर्च गरेको रकम नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,८४,२३० |

८७ **योजना संशोधन र पछि अनुमोदन + योजना संचालन अवस्था**

पालिकाले २०७९/८० मा बजेट प्रस्ताव गर्दा किर्तिमान डाँडा देखि गाउँपालिका सम्मको सडक स्तरोन्नती गरि निर्माण कार्यको लागि बजेट प्राप्त भएको देखिन्छ । पालिकाले योजना अनुसार एकमुष्ठ रकमको लागत अनुमान गर्नुपर्नेमा देहाय अनुसार लागत अनुमान र सम्पन्न गरेको छ ।

| योजनाको नाम | आ.व | निर्माण व्यवसायी | लागत अनुमान | सम्पन्न रकम | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| किर्तिमान डाँडा हुँदै गाउँपालिका भवन जोड्ने सडक योजना | २०७९/८० | बि.पि रोयल हिमालयन जे भि | ४८७२०६१.३७ | ३१४८८६३.५५ | ३१४८८६३.५५ |
| किर्तिमान डाँडा गापा सडक | २०८०/८१ | सन्ध्या निर्माण सेवा | ३४६००७७.०४ | २३३५०२२.१५ | २३३५०२२.१५ |

२०८०/८१ मा किर्तिमान डाँडा गा पा सडकको लागि गाउँपालिकाबाट बजेट प्रस्ताव नभएतापनि प्रदेश सरकारबाट बजेट विनियोजन भएको देखिन्छ । यसबाट पालिकाले एउटै सडकमा फरक फरक स्थानबाट बजेट प्रस्ताव गरी काम गर्ने र फरक फरक स्रोतबाट फरक फरक तरिकाले ठेक्का लगाउँदा कार्यमा दोहोरोपन देखिनेतर्फ सचेत हुनुपर्दछ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा गाँउपालिका नगरपालिका उपमहानगरपालिका महानगरपालिका का अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख वडा अध्यक्ष कार्यपालिका सदस्य वडा सदस्यले अनुसुची १क मा उल्लेख भएबमोजिम सुविधा पाउने व्यवस्था गरेको छ भने अनुसुची १क मा नगरपालिका पदाधिकारीले प्रति वैठक रु १००० पाउने व्यवस्था रहेको छ ।वागमती प्रदेशको प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ३ मा बैठक कार्यालय समय अघि वा पछि वसेको हुनुपर्ने, कानून वमोजिम गठित समिति वाहेक एउटै निकायका पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित वैठकमा भत्ता नपाइने, बैठकमा अतिरिक्त विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा वढीमा तीन जना आमन्त्रित सदस्यको रुपमा राख्न सकिने र वैठक व्यवस्थापन गर्न वढीमा दुइ जनासम्म सहयोगी कर्मचारी संलग्न गराउन सकिने व्यवस्था रहेको छ ।स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानिय राजश्व परामर्श समिति, दफा ६६ मा स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समिति, दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति समिति र समितिमा रहने सदस्य तोकेको छ । नेपाल सरकार अर्थमन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका २०७७ को परिच्छेद ७ मा खर्च मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि को व्यवस्था रहेको छ । पालिकाले देहायका समितिको वैठक वसी भत्ता भुक्तानी गर्दा उल्लेखित ऐन लगायत अन्य प्रचलित ऐन बमोजिम समितिमा रहनुपर्ने सदस्य एकिन नगरी भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु.<br><br>
<table>
<tr><td>नाम</td><td>बैठक संख्या</td><td>दर</td><td>जम्मा</td><td>करकट्टी पछी वुझेको रकम</td></tr>
<tr><td>सुन्तली सुनुवार</td><td>११</td><td>१०००</td><td>११०००</td><td>९३५०</td></tr>
<tr><td>विनोद रोका</td><td>१८</td><td>१०००</td><td>१८०००</td><td>१५३००</td></tr>
<tr><td>नविन घिताल</td><td>१७</td><td>१०००</td><td>१७०००</td><td>१४४५०</td></tr>
<tr><td>अनिल प्रसाद जोशी</td><td>८</td><td>१०००</td><td>८०००</td><td>६८००</td></tr>
<tr><td>महेश के सी</td><td>९</td><td>१०००</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td>नरेन्द्रदत्त भट्ट</td><td>१८</td><td>१०००</td><td>१८०००</td><td>१५३००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>६८८५०</td></tr>
</table></td><td>६८,८५०</td></tr>
<tr><td>२</td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकत्तम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले आ.व. ०७९।०८० मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ ।पालिकाको कार्यालय रहेको स्थानभन्दा १५ किलोमिटर भन्दा वढी दुरी भएको खण्डमा भ्रमण खर्च लेख्न सकिने भएता पनि सो भन्दा घटी दुरी र कार्यालयको सवारी साधन प्रयोग गरी गएर फर्केर आउने स्थानमा समेत अनुगमन भनी स्पष्ट कानूनी व्यवस्था वेगर खर्च लेखेको अनियमित देखिएको रु.</td><td>८५,८५०</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>नाम</td><td>बैठक संख्या</td><td>दर</td><td>जम्मा</td><td>करकट्टी पछी वुझेको रकम</td></tr>
<tr><td>उदास कुमार भलोन</td><td>१२</td><td>१०००</td><td>१२०००</td><td>१०२००</td></tr>
<tr><td>राम माया प्रजा</td><td>१२</td><td>१०००</td><td>१२०००</td><td>१०२००</td></tr>
<tr><td>गोरी माया बुलुन</td><td>११</td><td>१०००</td><td>११०००</td><td>९३५०</td></tr>
<tr><td>विनोद रोका</td><td>१४</td><td>१०००</td><td>१४०००</td><td>११९००</td></tr>
<tr><td>राजेन्द्र तामाङ घिसिङ</td><td>१</td><td>१०००</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>सुर्य बहादुर ब्लोन</td><td>२</td><td>१०००</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>देव लाल बल</td><td>३</td><td>१०००</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>भुवन घलान</td><td>४</td><td>१०००</td><td>४०००</td><td>३४००</td></tr>
<tr><td>छेकु लामा</td><td>२</td><td>१०००</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>पार्वती माया मुक्तान</td><td>१</td><td>१०००</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>अनिल प्रसाद जोशी</td><td>३</td><td>१०००</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>महेश केसी</td><td>११</td><td>१०००</td><td>११०००</td><td>९३५०</td></tr>
<tr><td>अनिस प्रजा</td><td>१</td><td>१०००</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>धिरेन राई</td><td>२</td><td>१०००</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>असिम गिरी</td><td>१</td><td>१०००</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>केसव कुवँर</td><td>२</td><td>१०००</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>सौगात स्याङतान</td><td>१</td><td>१०००</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>नरेन्द्र दत्त भट्ट</td><td>१८</td><td>१०००</td><td>१८०००</td><td>१५३००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>८५८५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td>सङ्घीय सशर्त बजेटबाट कार्यक्रम सञ्चालन गरी बचत रकम सङ्घीय सञ्चित कोषमा नै फिर्ता गर्नुपर्दछ । वरिष्ठ जनस्वास्थ्य निरिक्षक कृष्ण कुमार यादवले किशोर किशोरी स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न पेस्की लिएको कार्यक्रम सञ्चालन नगरी पालिकाको आन्तरिक खातामा रकम बैंक दाखिला गरेको देखिन्छ । सशर्त अनुदानको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्ने रु.</td><td>८३,१९५</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कैलाश गाउँपालिका, मकवानपुर , कैलाश गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अमुल श्रेष्ठ | २०८१-६-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नविन धिताल | २०७८-१२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७९८,५०८ | २,१९३,६३६ | ८,६९८,२२२ | ० | ० | ४,८३२,३४० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,५२२,७०६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८८५,१०७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | २३७,८९५ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,८७५,४९४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७५२१७६५३.६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २४९८३१४६६.२६ | चालु खर्च | २६८३४०५०६.७८ |
| प्रदेश सरकारबाट अनुदान | ५९७८७९५८ | पूँजीगत खर्च | १७११९४५६७ |
| राजश्व बाँडफाँट | १०६५३९७४५.४६ | वित्तीय/अन्य व्यवस्था | ११३९८४४८६.८५ |
| आन्तरिक आय | ९८६४४६७.३ | | |
| अन्य आय | ११८८८५०५१.१४ | | |
| कुल आय | ५४४९०८६८८.१६ | कुल खर्च | ५५३५१९५६०.६३ |
| बाँकी मौज्दात | | ६६६०६७८१.१३ | |

## अनुसूची - २

## बेरूजु दफा ५६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | नामथर | पद | दर | अवधि | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | विनोद रोका | प्र प्र अ | ८८०० | १२ | १०४५४४ |
| २ | कृष्ण कुमार यादव | अधिकृत छैठौं | ८८०० | १२ | १०४५४४ |
| ३ | सन्तोष कुमार शाह | अधिकृत छैठौं | ८८०० | १२ | १०४५४४ |
| ४ | जगरनाथ प्रसाद साह | अधिकृत छैठौं | ८८०० | | ३१९१० |
| ५ | संदिप कुशवाहा | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| ६ | ज्वाला कुमारी स्याङतान | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| ७ | लक्ष्मण खतिवडा | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| ८ | दिपेन्द्र अधिकारी | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| ९ | विक्रम बहादुर थिङ | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| १० | राम बहादुर थिङ | बरिष्ठ सहायक | ५५१० | १२ | ६५४५९ |
| ११ | रामचन्द्र शिवाकोटी | बरिष्ठ सहायक | ५५१० | १२ | ६५४५९ |
| १२ | नविन धिताल | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| १३ | नानी मैया सत्याल | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| १४ | आशा कुमारी गुरुङ | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| १५ | कल्पना थापा | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| १६ | तारा थापा | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| १७ | रंजना कुमारी साह | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| १८ | शोभा राना | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| १९ | सुधिर कुमार महतो | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| २० | सुनिता कुमारी गोले | सहायक पाँचौ | ५५१० | १२ | ६५४५९ |
| २१ | संजय कुमार यादव | सहायक चौथौ | ५५१० | १२ | ६५४५९ |
| २२ | असिम गिरी | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| २३ | गिवार्ण युद्ध अधिकारी | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| २४ | धिरेन्द्र राई | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| २५ | नरेन्द्र दत्त भट्ट | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| २६ | शशी कला सिन्तान | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| २७ | नितेश कुमार यादव | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | निरन्जन प्रसाद दास | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| २९ | रमिला सापकोटा | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| ३० | रंजीत सिंह यादव | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| ३१ | दुर्गा सुबेदी | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| ३२ | नागेन्द्र कुमार यादव | सहायक चौथौ | ४६०० | १२ | ५४६४८ |
| ३३ | कृष्ण बहादुर प्रजा | कार्यालय सहयोगी | ३५५० | १२ | ४२१७४ |
| | जम्मा | | | | २१०१६४४ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ । साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ । नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ । अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ । समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ । अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।